# रुन्टीगढी गाउँ शिक्षा योजना, २०८१/०८२-२०८५/०८६

## Runtigadhi Village Education Plan, 2024/025-2029/2030

(गाउँ कार्यपालिकाबाट २०८२/०१/१४ गते स्वीकृत)

---

रुन्टीगढी गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
होलेरी, रोल्पा  लुम्बिनी प्रदेश नेपाल

| | | |
|---|---|---|
| प्रकाशक | : | रुन्टिगढी गाउँपालिका<br>गाउँकार्यपालिकाको कार्यालय, होलेरी रोल्पा |
| सर्वाधिकार | : | प्रकाशकमा |
| प्रकाशन मिति | : | |
| प्रकाशन प्रति | : | |
| प्राविधिक सहयोग | : | कालिका स्वावलम्बन सामाजिक केन्द्र, तौलिहवा, कपिलबस्तु |
| मुद्रण | : | |
| सम्पर्कका लागि | : | रुन्टिगढी गाउँकार्यपालिकाको कार्यालय<br>होलेरी, रोल्पा |



**वेबसाईटः** https://runtigadhimun.gov.np

**इमेलः** rrmrolpa@gmail.com

**सम्पर्क फोन नम्बरः** 9868954706

**सल्लाहकार समिति**

अध्यक्ष : श्री जनक पुन , रुन्टिगढी गाउँपालिका
उपाध्यक्ष : श्री सरीता के.सी., रुन्टिगढी गाउँपालिका
प्रमुख प्रशासकीय अधिकृत : श्री धनिप्रसाद खड्का , रुन्टिगढी गाउँपालिका
प्रशासन प्रमुख : श्री सानुबाबु खड्का, रुन्टिगढी गाउँपालिका
आर्थिक प्रशासन प्रमुख : श्री झक्कु के.सी., रुन्टिगढी गाउँपालिका

**शिक्षा योजना निर्माण कार्यदल**

संयोजक : श्री टेक लाल पुन (सामाजिक विकास समिति संयोजक)
सदस्य : श्री अन्जु शर्मा (शिक्षा शाखा प्रमुख)
सदस्य : श्री जोख बहादुर रोका (प्रधानाध्यापक)
सदस्य : श्री भक्त बहादुर के.सी. (शिक्षक)
सदस्य : श्री झक्कु प्रसाद वली (प्रधानाध्यापक)
सदस्य : श्री रण बहादुर डाँगी (प्रधानाध्यापक)
सदस्य : श्री भरत के.सी. (प्रधानाध्यापक)
सदस्य : श्री भुवन खुना (शिक्षक)
सदस्य : श्री घन बहादुर डाँगी (शिक्षा शाखा प्रा.स.)

**सम्पादन मण्डल**

संयोजक : श्री धनि प्रसाद खड्का प्रमुख प्रशासकीय अधिकृत, रुन्टिगढी गाउँपालिका
सदस्य : श्री सानुबाबु खड्का प्रशासन प्रमुख, रुन्टिगढी गाउँपालिका
सदस्यः : श्री झक्कु के.सी. आर्थिक प्रशासन प्रमुख, रुन्टिगढी गाउँपालिका
सदस्य : श्री विशाल बोहोरा सुचना प्रविधि प्रमुख, रुन्टिगढी गाउँपालिका
सदस्य : श्री रुपेश अधिकारी योजना शाखा प्रमुख, रुन्टिगढी गाउँपालिका
सदस्य : श्री अन्जु शर्मा शिक्षा शाखा प्रमुख, रुन्टिगढी गाउँपालिका
सदस्य : श्री घन बहादुर डाँगी शिक्षा शाखा प्रा.स., रुन्टिगढी गाउँपालिका

## शुभकामना मन्तव्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ । संविधानको अनुसूची - ८ ले स्थानीय तहको एकल अधिकार सूचीको क्रम सङ्ख्या (८) अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा समावेश गरेको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (१) को खण्ड (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको सन्दर्भमा यस रुन्टिगढी गाउँपालिकाले पनि संविधान तथा कानुन प्रदत्तअधिकारको प्रयोग गर्दै “सामाजिक न्याय, आधुनिक, प्राविधिमैत्री गुणस्तरीय र रुपान्तरणकारि शिक्षामा प्राथमिकता, सीपयुक्त जनशक्ति सहित स्वस्थ्य र उत्थानशिल समाज निमार्णमा रुन्टीगढीको प्रतिवद्धता,” भन्ने नारालाई अगाडी बढाएको छ । उक्त नारा साकार पार्न शैक्षिक विकास, पहूँच र व्यवस्थालाई अग्रस्थानमा राखेको छ । शिक्षा क्षेत्रमा संघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय तहबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहेता पनि आवश्यक स्थानीय कानुन,नीति तथा कार्यविधि तर्जुमा देखि तिनको कार्यान्वयनमा रुन्टिगढी गाउँपालिकाको तर्फबाट हाल सम्म बिभिन्न प्रयासहरु भईरहेका छन् । शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडी बढ्दा आईपर्ने चुनौती तथा समस्याहरुलाई उचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण नागरिकको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएको छु ।

रुन्टिगढी गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखाद्धारा नेपालको संविधान, शिक्षा सम्बन्धी विद्यमान कानुन, नीति तथा कार्यक्रम, विद्यालयस्तरका शैक्षिक तथ्याङ्क, र गाउँपालिका कार्यालयबाट सञ्चालन भएका सम्पूर्ण शैक्षिक गतिबिधिहरूको आधारमा आगामी बर्षमा सञ्चालन गर्न सकिने क्रियाकलापहरु र शिक्षाको गुणस्तर सुधारको लागी पहिलो पटक तयार गरिएको गाउँपालिकाको ५ बर्षे “गाउँ शिक्षा योजना (२०८१/८२-२०८५/८६)“ प्रकाशन र कार्यान्वयन हुने जानकारी पाउँदा हृदयदेखि नै हर्षको अनुभूति भैरहेको छ । यस गाउँ शिक्षा योजना लाई प्रकाशन योग्य बनाउन अहोरात्र खटिनु भएका शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख अन्जु शर्मा, प्रा.स. घन बहादुर डाँगी, गाउँ शिक्षा योजना निर्माण दलका सबै सदस्यहरु, गाउँ शिक्षा समितिका पदाधिकारीहरु, सम्पादक मण्डलका सदस्यहरु तथा सम्पूर्ण सहयोगीहरुमा यस रुन्टिगढी गाउँपालिकाको तर्फबाट विशेष धन्यवाद सहित सबैमा पूर्ण सफलताको कामना गर्दछु ।

धन्यवाद ।

जनक पुन

अध्यक्ष

## शुभकामना मन्तव्य

रून्टिगढी गाउँपालिकाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नका लागि सहयोग पुर्याउने उद्देश्यले गाउँपालिकाको शिक्षाको वर्तमान अवस्थाको जानकारी गराइ विद्यमान समस्याहरूलाइ समाधान गर्न रणनैतिक क्रियाकलापहरू सहितको योजना बनाएर शैक्षिक क्षेत्रको सेवा प्रवाहलाई सरल, सहज र अझै पारदर्शि बनाउन सजिलो होस् भन्ने हेतुले नयाँ गाउँ शिक्षा योजना ( २०८१/८२-२०८५/८६) निर्माण गर्ने जुन प्रयास गरेको छ, त्यो अत्यन्तै महत्वपुर्ण र प्रशंसनीय कार्य हो । विद्यालयको लागि चाहिने अभिलेख एवं सूचनाको स्रोत र सरोकारवालाहरुका लागि गाउँपालिकाको शैक्षिक सूचना र योजनाको मुख्य स्रोत एवम् मार्गदर्शकका रुपमा यो शिक्षा योजना निर्माण गरेको देखिन्छ । विद्यालयमा हुने शैक्षिक क्रियाकलापको पारदर्शिता एवम् जवाफदेहिताका लागि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । साथै यसमा समेटिएका शैक्षिक रणनिति, कार्यनिति र क्रियाकलापहरुले रुन्टिगढी गाउँपालिकाको शिक्षा योजना निर्माण र कार्यान्वयनमा महत्वपूर्ण भूमिका निभाउने देखिन्छ । तसर्थ यस योजनालाई अध्ययन गरी सरोकारवाला व्यक्ति तथा निकायहरुले रुन्टिगढी गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि बढी भन्दा बढी उपयोग गर्नुहुनेछ भन्ने अपेक्षा समेत राखिएको छ।

यस शिक्षा योजनालाई अहोरात्र खटिएर प्रकाशन योग्य बनाउन सफल हुनुभएकोमा शिक्षा, युवा तथा खेलकूद शाखा, योजना निर्माण कार्यदल, सम्पादक मण्डलमा रहनुभएका शिक्षक मित्रहरु लगायत अन्य सबै प्रति हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछुँ । साथै अगामी वर्षहरुमा यस योजनाको कार्यान्वयनको लागि निरन्तरता शुभकामना व्यक्त गर्दछुँ ।

धन्यवाद ।

धनि प्रसाद खड्का

प्रमुख प्रशासकीय अधिकृत

## कृतज्ञता

नेपालमा संघीयता कार्यान्वयन पश्चात स्थानीय सरकारका रुपमा रुन्टिगढी गाउँपालिकाले विद्यालय शिक्षा सम्बन्धी कानुन तथा शिक्षा सम्बन्धी योजना बनाउने देखि शैक्षिक कार्यक्रमहरु कार्यान्वयन, शैक्षिक संस्थाहरुको स्थापना, अनुमति, सञ्चालन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता अत्यन्त महत्त्वपूर्ण कार्यको जिम्मेवारी वहन गर्दै आएको छ । रुन्टिगढी गाउँपालिकाले शिक्षा, युवा तथा खेलकूद शाखा मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, शिक्षामा सबै बालबालिकाहरुको पहुँच पुऱ्याउने, विद्यार्थी भर्नादरमा वृद्धि गर्ने, विद्यालय छाड्ने तथा दोहोऱ्याउने दरमा कमी ल्याउने ध्येयका साथ गाउँपालिकाको शैक्षिक उन्नतिका लागि उल्लेखित कार्यहरु सम्पादन गर्दै आएको छ ।

रुन्टिगढी गाउँपालिकाको दुरदृष्टि, लक्ष्य, उदेश्यका साथै शैक्षिक गतिबिधि एवम क्रियाकलापहरु, शिक्षाको बिषयक्षेत्र अनुसारको रणनिति, कार्यनिति र कार्यन्वयन प्रकिया समेत समेटिएको संगालो मुद्रित सामग्रीको रुपमा 'रुन्टिगढी गाउँपालिकाको पहिलो पञ्चबर्षिय शिक्षा योजनालाइ निर्माण गरिएको हो । यस शिक्षा योजनामा बिभिन्न परिच्छेद, खण्ड र अनुसूची रहेका छन् । गाउँपालिकाको कार्यालयमा रहेका विभिन्न सूचना एवम् तथ्याङ्कहरु, शिक्षा विकास तथा समन्वय इकाई, रोल्पाबाट विभिन्न समयमा प्रकाशित बुलेटिन एवम् शैक्षिक सूचनाहरु, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको CEHRD Report, विद्यालयको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) तथ्याङ्कको आधारमा यो योजना तयार गरिएको हो । उल्लिखित सम्बद्ध पक्षहरुप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछौं ।

यो शिक्षा योजना गाउँपालिकाको पहिलो पञ्चबर्षिय शिक्षा योजनालाई निर्माण गरी पहिलो पटक निर्माण गरिएको हो । यो  योजना शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठमी, भक्तपुरले जारी गरेको स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९(परिमार्जित तथा अद्यावद्यिक संस्करण २०८१) को अनुसुचीमा उल्लेखित ढाँचा अनुसार निर्माण एवम अद्यावद्यिक गर्ने प्रयास गरिएको छ । यसको प्रकाशनको क्रममा कमिकमजोरी एवम् त्रुटिहरु भएको हुनसक्ने तथा भाषिक शुद्धतामा ध्यान नपुगेको पनि हुनसक्छ । तसर्थ सम्बन्धित सरोकारवालाहरुबाट यसमा रहेका कमजोरी एवम् त्रुटिहरु औंल्याई आवश्यक सल्लाह, सुझाव तथा पृष्ठपोषण प्रदान गर्न अनुरोध गर्दछौ । प्राप्त सुझावका आधारमा आगामी वर्षहरुमा अद्यावद्यिक गर्दै थप व्यवस्थित र परिष्कृत बनाइनेछ । साथै यस शिक्षा योजना निर्माण कार्यमा सल्लाह, सुझाव प्रदान एवम् सहयोग गर्नुहुने रुन्टिगढी गाउँपालिका अध्यक्ष श्री जनक पुन, उपाध्यक्ष श्री सरीता के.सी., प्रमुख प्रशासकीय अधिकृत श्री धनि प्रसाद खड्का, आर्थिक प्रशासन शाखा प्रमुख श्री झक्कु के.सी., प्रशासन शाखा प्रमुख श्री सानुबाबु खड्का, योजना शाखा प्रमुख श्री रुपेश अधिकारी, सूचना प्रविधि अधिकृत श्री विशाल बोहोरा, कार्यपालिका सदस्यहरु, गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाध्यक्ष तथा सदस्यहरू, शिक्षा योजना निर्माण सम्बन्धी कार्यशालामा प्राविधिक सहयोग गर्नुहुने कालिका स्वावलम्बन सामाजिक केन्द्रका शिक्षा योजना निर्माण प्राविधिक अधिकृत श्री ऋषिकेश डाँगी, त्यसैगरी योजना निर्माण कार्यदलका संयोजक एवम् सामाजिक विकास समितिको संयोजक श्री टेकलाल पुन, योजना निर्माण कार्यमा खटिनुहुने कार्यदलका सदस्य एवम प्रधानाध्यापकहरु श्री जोख बहादुर रोका, श्री झक्कु प्रसाद वली, श्री रण बहादुर डाँगी, श्री भरत के.सी. शिक्षकहरु श्री भक्त बहादुर के.सी., श्री

भुवन खुना शिक्षा शाखा प्रा.स.श्री घन बहादुर डाँगी भाषा सम्पादन कार्यमा सहयोग गर्नुहुने शिक्षक श्री तारा बहादुर वाँठा, योजना सम्पादन एवम् प्रकाशन समितिका सदस्यहरू, शिक्षा शाखा लगायत अन्य शाखाका अन्य कर्मचारीहरू, गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ अध्यक्षहरु एवं पदाधिकारीहरु, प्रधानाध्यापक र शिक्षकहरू लगायत प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्णहरूमा हार्दिक आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद ।

अन्जु शर्मा

शिक्षा शाखा प्रमुख

# विषय सूची

# Contents

योजनाको सारांस ....................9
१. विषय प्रवेश ....................9
परिच्छेद- १....................14
१.१ परिचय....................14
१.२ बर्तमान शैक्षिक अवस्था....................15
१.२.१ रुन्टीगढी गाँउपालिका शैक्षिक क्षेत्रमा भएका मुख्य समस्याहरु ....................34
परिच्छेद २....................37
२.१.१ शिक्षा योजना निमार्णका कानुनी तथा संबैधानिक आधारहरुः....................37
परिच्छेद- ३ शिक्षाका मुख्य उपक्षेत्रहरु....................45
३.१ प्रारम्भिक बालविकास र शिक्षा ....................45
३.२ आधारभुत शिक्षा ....................51
३.३ माध्यमिक शिक्षा....................59
३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम ....................65
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ....................70
परिछेद ४: अन्तरसम्बन्धित विषय क्षेत्र....................76
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याँकन....................76
४.२ शिक्षक व्यवस्थापन तथा विकास....................82
४.३ शिक्षामा समता र समावेशीकरण....................87
४.४ विद्यालय स्वास्थ्य तथा पोषण....................92
४.५ बिद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशिलता....................97
४.६ विद्यालय भौतिक पुर्वाधार विकास ....................105
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि....................110
परिच्छेद-६....................115
६.१ सुशासन तथा व्यवस्थापन ....................115
परिच्छेद-७....................119
७.१ लगानी र श्रोत ब्यवस्थापन....................119
परिच्छेद-८ अनुगमन तथा मुल्याँकन ....................126

# योजनाको सारांस

## १. विषय प्रवेश

नेपालको संविधान, राष्टिय शिक्षा निति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य र विद्यामान विद्यालय शिक्षा सम्बन्धि ऐन कानुनले उच्च प्राथमिकतामा राखेको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सिर्जनशील, सक्रिय तथा रुन्टिगढी गाउँपालिकाको समग्र आर्थिक साजिक रुपान्तरणका लागि सक्षम नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नु पर्ने आवश्यक रहेको छ ।

बि.सं.२०७० को दशकको शुरुबाट देश संघीय संरचनामा गई देशको भौगोलिक बिभाजन र प्रसासनिक संरचनामा परिबर्तन भई अधिकारहरुको समेत बाडफाड भई धेरै भन्दा धेरै बिकेन्द्रिकरणको अभ्यास हुन थालेको छ । योजनालाई बास्तविक, तथ्यपरक, र कार्यमुलक बनाउनका लागि योजना निर्माण गर्दा अपनाईने प्रकृयाका बारे जानकार हुन आबश्यक छ । योजना निर्माण प्रकृयाले समुदायतहका लक्षित बर्गको भावना र आबश्यकतालाई समेट्न सक्नु पर्दछ । योजनाको महत्वपूर्ण गुण भएको त्यसको कार्यन्वयन हुन सक्ने सक्षमता हो । योजनाले यथार्थताको पहिचान गरी अवसर र संभावनाहरुको अधिकतम उपयोग गर्न सक्नुपर्दछ ।

योजनालाई बस्तुपरक, तत्थ्यपरक र यथार्थमा आधारित बनाउनका लागि पूर्व तयारी, समिति गठन, प्रारम्भिक छलफल, तालिम/अभिमुखीकरण, सरोकारवालासंग अन्तर्क्रिया, तथ्याङ्क संकलन, बिश्लेषण तथा समस्या पहिचान, लक्ष निर्धारण कार्यक्रम बिकास तथा लागत अनुमान, योजनाको लेखन, अनुमोदन गरी कार्यन्वयन लगायतका चरणहरु अपनाउनुपर्ने हुन्छ ।

यसै सन्दर्भमा स्थानीय आबश्यकतामा आधारित भई “तलदेखी माथि योजना” को अवधारणा अनुसार रुन्टिगढी गाँउपालिका रोल्पाको ५ वर्षे गाउँ शिक्षा योजना २०८१/८२-२०८५/८६ निर्माण गरेको छ । यस योजना निर्माणमा पालिकाले आफ्नै सकृयतामा गाउँपालिका शिक्षा योजना निर्माण गरी अघि बढ्ने प्रयास स्वरुप यो ५ बर्षे गाउँपालिका शिक्षा योजना बनाएको छ ।

रुन्टिगढी गाउँपालिकाको शैक्षिक मार्गदर्शक रुपमा रहेको यस शिक्षा योजना निर्माण गर्दा शिक्षा योजना विकासको लागि गाउँपालिका स्थित शिक्षाविद, सरोकारवालाहरु संग प्रारम्भिक छलफल, परामर्श गरि मिति २०८१ साल असोज ६ गतेका दिन गाउँपालिकाका सामाजिक विकास समिति संयोजक श्री टेकलाल पुन ज्यु को संयोजकत्वमा ९ सदस्यीय शिक्षा योजना कार्यदल गठन गरि योजना निर्माणका लागी कार्ययोजना निर्माण गरिएको थियो । यो शिक्षा योजना तर्जुमा गर्दा आधारभुत तथ्यांकहरुको अध्ययन, ऐन कानुन, आवधिक योजना, वस्तुगत विवरण, वार्षिक शैक्षिक प्रगति प्रतिवेदन, संघ र प्रदेश सरकारका शिक्षा समन्धी योजना, नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन र शिक्षा सम्बद्ध सरोकारवालाहरुको सुझावहरुलाई आत्मसाथ गरि तयार गरिए मस्यौदा तयार गरिएको हो । उक्त मस्यौदालाई थप सुझाव का आधारमा सम्पादन गरि रुन्टिगढी गाउँपालिकावाट स्विकृत गरि लागु गरिएको हो ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यता

- नेपाल अधिराज्यको संविधानको अनुसुचि ८ मा स्थानीय तहको एकल अधिकार अर्न्तगत आधारभुत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभुत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार कार्यान्वयन गर्न ,
- शिक्षा, बिज्ञान तथा प्रबिधी मन्त्रालय, शिक्षा तथा मानव श्रोत बिकास केन्द्र, लुम्बिनी प्रदेश सरकार, शिक्षा, बिज्ञान प्रबिधी, युवा तथा खेलकुद मन्त्रालय तथा रुन्टिगढी गाउँपालिकाले तय गरेका शिक्षा नितिलाई प्रभावकारी ढंगले कार्यन्वयन गर्नु ।
- रुन्टिगढी गाउँपालिकाका साथै जिल्ला, प्रदेश तथा देशका अन्य स्थानीय तहमा भईरहेका राम्रा अभ्यासहरुलाई रुन्टिगढी गाउँपालिकामा प्रयोगमा ल्याउनु ।
- रुन्टिगढी गाउँपालिकाका शैक्षिक आबश्यकताहरुलाई सम्वोधन गर्दै स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गरी संस्थागत हिसावले रुन्टिगढी गाउँपालिकाको दिगो शैक्षिक बिकास गर्नपर्छ भन्ने मान्यता स्थापित गर्नु ।
- रुन्टिगढी गाउँपालिकाको सिमित श्रोत साधनका बिच शिक्षा क्षेत्रमा रहेका असिमीत आबश्यकताहरु पुरा गर्नुपर्ने बाध्यता बिच थप श्रोतको खोजी गरी एकिकृत रुपमा प्राथमिकताका आधारमा योजना सञ्चालन गर्नु ।
- देशमा आएको राजनीतिक परिबर्तनले ल्याएको उपलब्धीलाई संस्थागत गर्न तथा नेपालको संबिधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा राखी जनाएको प्रतिबद्धता कार्यन्वयन गर्नु ।
- रुन्टिगढी गाँउपालिका शिक्षा क्षेत्रमा भईरहेको श्रोत साधनको असमान बितरणको पहिचान गरी न्युनिकरण गर्न तथा श्रोत साधनको बितरणलाई न्यायोचित तथा समानुपातिक बनाउने पद्धतीको बिकास गर्नु ।
- बिद्यालय बिकास तथा शैक्षिक व्यबस्थापनलाई पूर्ब प्राथमिक, आधारमुत र माध्यमिक तहको मोडलमा स्थापित गर्नु ।

## ३.स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप शिक्षामा गुणस्तरियता कायम गरि सक्षम, सृजनशिल र नागरिक तयार गर्न र शिक्षा योजनालाई शिक्षा क्षेत्रको विकासका लागी मार्गदर्शन बनाई कार्यान्वयनका लागी यो योजनाको औचित्यता रहेको छ।

(क) केन्द्र, प्रदेश तथा स्थानीय तहमा बन्ने योजनाहरुको बिचमा सहसम्बन्ध स्थापीत गरि स्थानीय स्तरमा देखिएका शैक्षिक चुनौतीहरुको सामना गर्दै साझा उद्धेश्य प्राप्त गर्न ।

(ख) संघ तथा प्रदेशबाट प्राप्त हुने स्रोतहरुलाइ स्थानीय तहमा आधारित योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपोग गर्न

(ग) अपाँङगता भएका बालबालिकाहरु, लैङगीक अल्पसंख्यकहरु, महिला, जनजाती, दलित र उत्पीडित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको जिवन पर्यन्त सिकाइलाइ स्थापीत गर्न

(घ) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरपन तथा स्रोतपरिचालनका असक्षमताहरुको न्युनिकरण गर्न

(ङ) सबैतहका विद्यार्थीहरुको न्युनतम सिकाइ उपलब्धीहरु हाँसील गरि क्षमतामा आधारीत शैक्षिक जनशक्ति निमार्ण गर्न ।

(च) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्दै स्थानीय स्तरमा रहेका शैक्षिक समस्या पुरा गर्न ।

(छ) प्राकृतिक र मानविय विपद, प्रकोपहरु र माहामारीबाट भएका सिकाइ क्षतीलाइ परिपुरण गर्दै सिकाइ सक्षमता हासील गर्न ।

(ज) स्थानीय तहहरुको क्षमता सस्थागत सक्षमतामा अभिबृद्धि गर्दै प्रारम्भिक कक्षाहरुको सिकाइमा आवश्यक सुधार ल्याउन ।

(झ) रुन्टिगढी गाउँपालिकाको शिक्षा निति तथा कार्यक्रम लाई प्रभावकारीरुपमा कार्यान्वयन मार्फत शिक्षाको गुणस्तरमा वृद्धी गर्न ।

## ४. शिक्षा योजना निर्माणका आधार

नेपालको संविधान २०७२, सोह्रौ आवधिक योजना, सथानीय सरकार सँचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह ऐन २०७७, अनिवार्य तथा नि.शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्‍यमान विद्यालय शिक्षा सम्बन्धि ऐन तथा नियमावलीहरु, शिक्षा नीति २०७६, विद्‍यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यधाँचा, तथा विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सँघसस्थाका कार्यक्रमहरु र रुन्टिगढी गाउपालीको ५ बर्षे आवधिक योजना आदि ।

नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ । ती मौलिक हकहरू निम्न छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्ग भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिबिहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

यसै गरी धारा ३८ मा महिलाको हकसम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३) (७) र (९), दलितको हक सम्बन्धी धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

यसै गरी संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरूमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरूलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ । नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७ , ८ र ९ मा अन्य संवैधानिक निकायहरूका साथै शिक्षासँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारालाई माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिएको छ ।

उल्लेखित संबैधानिक तथा कानुनि आधारहरु नै रुन्टिगढी गाँउपालिकाले निमार्ण गरेको पञ्चबर्षीय शैक्षिक योजनाका प्रमुख आधारहरु हुन् ।

## ५. शिक्षा योजना निर्माणको प्रकिया

- गाउँपालिका सभाबाट. नीतिगत निर्णय शिक्षा योजना नयाँ निर्माण गर्नका लागि बजेट बिनियोजन ।
- रुन्टिगढी गाउँपालिकाको शिक्षा समितिको बैठकबाट शिक्षा योजना नयाँ निर्माण गरी ५ बर्षे गाउँपालिका शिक्षा योजना निर्माणका लागि अध्यक्ष तथा गाउँपालिका शिक्षा समिति संयोजक र गाउँपालिका शिक्षा शाखा प्रमुख सदस्य सचिव रहेको कार्यदल गठन ।
- कार्यदलले शैक्षिक समस्या पहिचानका लागि पालिकाभरका बिद्यालयहरुबाट सूचना संकलन, शिक्षा सरोकारवालाहरु बिचको निरन्तर छलफल पछि बिद्यालयका प्रधानाध्यापकहरु तथा अन्य सरोकारवाला बिच अन्तर्क्रिया छलफल गरिएको ।
- कार्यदलकै अगुवाईमा शिक्षा योजनासंग सम्वन्धीत सान्दर्भिक दस्ताबेजहरु अध्ययन, तथ्याङकहरु संकलन तथा साहित्य पुनराबलोकन गर्ने काम भएको ।

- बिद्यालय क्षेत्र बिकास योजना तथा शिक्षा तथा मानव श्रोत बिकास केन्द्रले तयार गरेको बिद्यालय सुधार योजनालाई समेत आधारमानी गाउँपालिका शिक्षा योजनाको मस्यौदा गर्ने काम भएको ।
- शिक्षा योजनाको मस्यौदा माथी गाउँपालिका शिक्षा समिति, र कार्यपालिका सदस्यज्युहरु बिच समेत पाँच बर्षे शिक्षा योजनामा छलफल गरी अन्तिम मस्यौदा तयार गरिएको ।
- रुन्टिगढी गाउँपालिका शिक्षा योजनालाई शिक्षा योजना निर्माण कार्यदलले अन्तिम रुप दिईएको

## ६.योजनाको लेखाजोखा

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत बिद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दायित्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थानीय सरकारको रहेको छ । शिक्षा क्षेत्रको योजनाले राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारका लागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ । योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरू सँगको प्रत्यक्ष सहभागितामा पालिकाका बर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्य, रणनिति र कार्यनितिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतकारूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । रुन्टिगढी गाउँपालिकाको आगामी ५ बर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ ।

## ७.योजना दस्तावेजको स्वरुप

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको स्थानीय तहको शिक्षा योजनाको परिमार्जित खाकालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१ को अनुसुचि १ को ढाँचामा यस रुन्टिगढी गाँउपालिका रोल्पाको ५ वर्षे नयाँ गाउँ शिक्षा योजना २०८१/८२-२०८५/८६ तयार गरिएको छ । यस योजनामा योजनाको सारांस, परिचय, दूरदृष्टि, उदेश्य,रणनिति तथा लक्ष्य निर्मारण, विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र, अन्तरसम्बन्धित विषय तथा क्षेत्र, अन्य उपक्षेत्र, सुशासन तथा व्यवस्थापन, लगानी र स्रोत व्यवस्थापन र अनुगमन र मूल्यांकन गरि मुख्य खण्ड समावेश गरि तयार गरिएको छ ।

# परिच्छेद- १

## १.१ परिचय

रुन्टीगढी गाउँपालिका धार्मीक दृष्टिले पनि निकै चर्चीत छ । यहाँका धार्मीक स्थलहरुमा रुन्टी, गढीलेक, शिव पार्वती गुफा मुरुल्ले लेक रहेका छन् । यस गाउँपालिका रोल्पा जिल्लाको सदरमुकाम लिवाङदेखि ४० कि.मि. को दुरीमा रहेको यस गाउँपालिका भौगोलिक हिसाबले मुलुकको पश्चिमी क्षेत्रमा अवस्थित गाउँपालिका हो । यस गाउँपालिकको नामाकरण प्रसिद्ध बालतपसी स्वर्गद्वारी महाप्रभुको जन्म थलो 'रुन्टी' र नेपाल एकीकरणको समयमा स्थापना गरिएको तथा महाप्रभुले तपस्या गरेको स्थल 'गढी' को नामबाट गरिएको हो । यस गाउँपालीकामा प्राय हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ, साथै इसाई र बौद्ध धर्म मान्ने मनिसहरु पनि रुन्टीगढी गाउँपालिकामा पाईन्छन । यहाँको मुख्य पेशा कृषि हो भने अन्य पेशामा शिक्षक, डक्टर, ड्राईभर, डकर्मी, सिकर्मी, मज्दुरका साथै बैदेशिक रोजगारमा समेत आबद्ध रहेको पाईन्छ । यहाँको मुख्य खेतिमा आलु, गहु, मकै र अन्य खेतिमा जौ, सिमी, तरकारी, सुन्तला, रायोको विउ, आदि अन्न तथा तरकारी वालीहरु उत्पादन हुन्छन । पशु पालन मा बाखा, भेडा, गाई, भैंसी, कुखुरा, हाँस, र बंगुर पाल्ने चलन छ ।

रुन्टीगढी गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लामा पर्दछ । यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका जेतवाङ, जौलीपोखरि, मसिना, दुबिडाडाँ, डुब्रिङ, झेनाम र सखि गा.वि.स गरी ७ वटा गा.वि.स.समावेश गरी भएको हो । रुन्टीगढी गाउँपालिकामा हाल ९ वटा वडाहरु कायम गरिएको छ भने यस गाउँपालिकाको पूर्वमा सुनिल स्मृति र प्यूठान जिल्ला,पश्चिममा सल्यान जिल्ला, उत्तरमा त्रिवेणी गाउँपालिका र रोल्पा नगरपालिका तथा दक्षिणमा दाङ जिल्ला पर्दछ । गाउँपालिकाको भौगोलिक अवस्थिति नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाका १० स्थानीय तहहरू मध्ये एक हो । यो गाउँपालिका महाभारत पर्वत श्रृङ्खलाको प्राकृतिक सौन्दर्यताले भरिपूर्ण मध्य पहाडी छटा, मनोरम प्राकृतिक दृश्यले परिपूर्ण रहेको छ । समुन्द्र सतहबाट ७५० मिटर देखी २१५० मिटर सम्मको उचाईमा रहेको यस गाउँपालिकाको क्षेत्रफल २३२.६८ वर्ग कि.मी. रहेको छ भने भौगोलिक रुपमा ८२$^{0}$२३'४५.५६७" देखि ८२$^{0}$३७'५०.१२६" पूर्वी देशान्तर र २८$^{0}$५'३५.६२९" देखि २८$^{0}$१०'४८.९४०" उत्तरी अक्षांशमा फैलिएको छ । गाउँपालिकाको पूर्वमा रोल्पा नगरपालिका र सुनिलस्मृति गाउँपालिका, पश्चिममा दाङको तुलसीपुर उपमहानगरपालिका र सल्यानको कपुरकोट गाउँपालिका, उत्तरमा त्रिवेणी गाउँपालिका र दक्षिणमा दाङको घोराही उपमहानगरपालिका र प्यूठानको स्वर्गद्वारी नगरपालिका रहेका छन् । चुरे पहाड अर्न्तगतको भूभागमा रहेको हुनाले गाउँपालिकामा बलौटे माटो पाइन्छ । यहाँ समशितोष्ण प्रकारको हावापानी पाइने हुँदा यहाँको

तापक्रम जाडो महिनामा ० डिग्री सेन्टीग्रेड हुन्छ भने गर्मीमा २४ डिग्री सेन्टीग्रेड देखि ३० डिग्री सेन्टीग्रेडसम्म पुग्ने गर्दछ भने यहाँ बार्षिक औषत बर्षा १२५ से.मि. हुने गर्दछ । रुन्टीगढी गाँऊपालिकाको ५ बर्षे आवधिक शैक्षिक योजना निमार्ण गर्दा स्थानीय समुदायले गरीरहेका सकरात्मक प्रगती मुलक कार्यहरुलाई समेट्नु पर्छ । स्थानीय स्तरमा कृषि, पशुपालन, भौतिक निमार्ण, स्थानीय रोजगारी निमार्ण, स्थानीय तथा बाहिय पर्यटन, सामाजिक तथा साँस्कृतिक, स्थानीय उत्पादनमा बृद्धि तथा निर्यात लगायतका विकासात्मक पँक्षहरुमा स्थानीय समुदाय अगाडी बढीरहेको अवस्था छ । विकासका कार्यहरुलाइ बढावा दिने र स्थानीय स्तरमा नै सृजनशिल तथा उत्पादन मुलक, सक्षम जनशक्ति निमार्ण गर्ने मुख्य श्रोत शिक्षा नै हो । शैक्षिक जनशक्तिको अभावमा कुनै पनि स्थानीय तहले आफ्ना अपेक्षित विकासात्मक कार्यहरु अगाडी बढाउन सक्ने अवस्था रहदैन । यहि विषयलाइ मध्यनजर राख्दै रुन्टीगढी गाँऊपलीका स्थानीय स्तरमा पञ्चबर्षीय शैक्षिक योजना निमार्ण गरि कार्यन्वयन गर्ने भएको छ । जसले गर्दा अन्ततः नेपाल सरकारले राखेको २५ बर्षे दिर्घकालिन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत मुलुक निमार्णमा आवश्यक योगदान पुर्याउन सकिने देखिन्छ । पालिकाले राखेको सोच, लक्ष्य तथा उद्धेश्य पुरागर्नका लागि आधारभुत तहदेखि नै शिक्षालाई अनिवार्य, निशुल्क र गुणस्तरीय बनाउनुपर्ने पालिकाको आवश्यकता रहेको छ । शिक्षाले नयाँ विचार र बहुआयामिक सोच मार्फत सामाजिक, आर्थिक, वातावरणिय र नैतिक रुपमा सकरात्मक परिवर्तन गरि प्रविधिको प्रयोग मार्फत समाजको अतुलनिय विकासमभा प्रतक्ष्य भुमिका निर्वाह गर्ने भएकोले शिक्षाको समग्र विकासकालागि विद्यालयको आधारभुत तह देखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला सँस्कृति र गणित शिक्षा लगायतका विषयहरुलाइ एकिकृत रुपमा नै अगाडी बढाई आगामि विश्वका नयाँ पुस्तासगँ प्रतिस्पर्धा गर्नुपर्ने चुनौती पालिका समक्ष रहेको छ । जसका समाधानकालागि संघीय, प्रादेशिक तथा अन्य शैक्षिक संस्थाहरुसँग स्थानीय सरकारले समन्वय तथा साझेदारीता अपनाउदै पञ्चबर्षीय शैक्षिक योजना कार्यान्वयनमा तत्पर रहने अपेक्षा रुन्टीगढी गाँऊपालीकाले गरेको छ ।

## १.२ बर्तमान शैक्षिक अवस्था

रुन्टीगढी गाउँपालिका प्राकृतिक, साँस्कृतिक तथा धार्मीक हिसाबले जसरी समृध छ त्यसैगरी शैक्षिक क्षेत्रमा समेत उत्कृष्टता प्राप्त गर्ने बाटोमा अग्रसर रहेको छ । २००७ सालमा प्रजातन्त्रको उदयसँगै शिक्षा क्षेत्रमा आएको जागरणबाट तत्कालीन गाउँ पञ्चायत पनि अछुतो रहन सकेन । सिमीत परिवार र वर्गमा खुम्चीएको शिक्षा विस्तारै आम जनताको पहुँचमा पुग्न थाल्यो । विगतको शैक्षिक इतिहासलाइ फर्केर हेर्दा मिति २०११ सालमा सखि भन्ने स्थानमा सामान्य लेखपढ गर्नका लागि शिक्षालयको स्थापना गरेका थिए । विस्तारै राज्यको तर्फदेखि पनि शिक्षामा लगानी बढाउन थाल्यो । भने स्थानीय स्तरमा पनि नागरिकहरुको शिक्षामा चासो राख्ने, बालबालिकाहरुलाइ विद्यालय पठाउनु पर्दछ भन्ने चेतना आउन थाल्यो । पुर्वजहरुको साना साना शैक्षिक प्रयास स्वरुप हाल यस पालिकामा समग्र ५४ वटा सामुदायिक विद्यालयहरु रहेका छन् जस मध्य ९ वटा माध्यमिक विद्यालयहरु, १० वटा आधारभुत विद्यालयहरु, ३५ वटा प्राथामिक विद्यालयहरु र ४९ वटा विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरु सँचालनमा रहेका छन् । विद्यालयको शैक्षिक सिकाइको निरन्तर अनुगमन, मुल्याँकन, निर्देशन, सुपरिवेक्षण तथा प्रशासनिक कार्यका लागि

रुन्टीगढी गाउँपालिका अर्न्तगत शिक्षा तथा खेलकुद शाखा अनुगमनकारी र अभिभावकत्व भुमिका रहेको छ । विद्यार्थीहरुका सर्वाङ्गीण विकास तथा शिक्षकहरुका लागि आवश्यक पर्ने पेशागत विकासका लागि आवश्यक समन्वय गर्नकालागि शिक्षा शाखाले निरन्तर रुपमा सहयोग गर्दै आएको छ भने समय समयमा पालिका प्रमुख, प्रशासकीय प्रमुख, सामाजिक विकास समिति, वडा अध्यक्ष ज्यूहरु, जनप्रतिनिधिहरु तथा स्थानीय शैक्षिक सरोकारवालाहरुको तर्फदेखि शैक्षिक विकासका लागि आवश्यक सहजीकरण तथा समन्वय भइरहेको अवस्था छ ।

## तालिका नं १

## रुन्टिगढि गाँउपालिकामा कार्यरत विद्यालयगत शिक्षक दरवन्दि विवरण २०८०

| क्र. सं. | विद्यालयको नाम र ठेगाना | प्राथमिक तह | | | | | | | | निम्न माध्यामिक तह | | | | | | | | माध्यामिक तह | | | | | | | | साविक उच्च माध्यामिक तह | | | जम्म शिक्षक दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | करार | राहत | एक मुष्ठ | पालिका अनुदान | बाल शिक्षक | विद्यालय सहयोगी | रिक्त | स्थायी | करार | राहत | प्राविधिकधार | संघीय अनुदान | पालिका अनुदान | वडा अनुदान | रिक्त | स्थायी | करार | राहत | संघीय अनुदान | पालिका अनुदान | प्राविधिकधार | वि. सहायक कर्मचारी | रिक्त | दरवन्दी | प्राविधिकधार | राहत | |
| १ | जनजागृति प्रा.वि छाप | ० | ० | ३ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| २ | शिव प्रा.बि सापडाँडा | २ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ३ | बालविकास प्रा.वि बोरीबाङ | ३ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| ४ | बागेश्वरी प्रा.वि गातिना | २ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ५ | त्रिपुरेश्वरी आ.वि खारा | ४ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ |
| ६ | ने.रा.मा.वि डुब्रिङ | ४ | ० | १ | ० | ० | १ | १ | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ० | ० | १ | ० | ० | ० | ० | १४ |
| ७ | जालनेटा प्रा.वि वाबाङ | ० | ० | १ | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ८ | बालकल्याण प्रा.वि हापखोला | २ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| ९ | बालकल्याण प्रा.वि वाईजा | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १० | चन्द्रोदय आ.वि जस्पुर | ३ | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | भिमसेन मा.वि सैवाङ | ६ | ० | २ | ० | ० | १ | १ | ० | २ | ० | १ | २ | ० | १ | ० | ० | ० | ० | ३ | ० | ० | २ | १ | ० | ० | ४ | ० | २६ |
| १२ | गणेश मा.वि धौलाबाङ | ५ | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | १ | ० | ० | ० | ० | १३ |
| १३ | चेतनशिल प्रा.वि छिन्नेटा | १ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| १४ | सरस्वति प्रा.वि नयागाँउ | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| १५ | जनकल्याण प्रा.वि कोल्बोट | ० | ० | ० | २ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| १६ | उमाभक्त आ.वि उँमा | ३ | ० | २ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ |
| १७ | दहडाँडा प्रा.वि राम्ली | ३ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| १८ | पद्मोदय मा.वि दाङचोट | ३ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | २ | ० | ० | १ | ० | ० | ० | ० | ११ |
| १९ | कोलडाँडा प्रा.वि लापाल | २ | ० | १ | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| २० | जनज्योती आ.वि लामिडाँडा | ४ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ |
| २१ | गैरीगाउँ प्रा.वि गैरीगाउँ | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| २२ | सिल्केपोखरी प्रा.वि गोरिनेटा | २ | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| २३ | दिपेन्द्र प्रा.वि दिसुन्धारा | २ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| २४ | ने.रा.मा.वि रिठावोट | ३ | ० | १ | ० | ० | १ | १ | ० | १ | ० | १ | ० | ० | ० | ३ | ० | ० | ० | ० | २ | ० | ० | १ | ० | ० | ० | ० | १४ |
| २५ | बालविद्या प्रा.वि ओबाङ | ० | ० | ० | ३ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| २६ | महेन्द्र मा.वि होलेरी | ४ | ० | १ | ० | ० | १ | १ | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ६ | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १ | २१ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | बालकल्याण प्रा.वि हानबाङ | २ | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| २८ | सरस्वति मा.वि सतिम | २ | १ | १ | ० | ० | १ | १ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | १ | ० | ० | ० | ० | ११ |
| २९ | पशुपति प्रा.वि गैरा | १ | ० | २ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| ३० | सिद्व प्रा.वि लिबाङ | ० | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३१ | जनसेवा प्रा.वि खलिबाङ | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३२ | देवेश्वरी प्रा.वि बान्द्रे | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३३ | भानु आ.बि मगरगोरी | ३ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| ३४ | बालकल्याण प्रा.वि बलबाङ | ३ | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ |
| ३५ | ज्योतिपुञ्ज प्रा.बि सालिबाङ | १ | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३६ | बालज्योति प्रा.वि खसगोरी | १ | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ३७ | उत्तमजन प्रा.वि सालबाङ | १ | १ | १ | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| ३८ | चन्द्रोदय आ.वि जबाङ | ३ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ |
| ३९ | इन्द्रदेवी आ.वि लखना | ३ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| ४० | सुर्योदय प्रा.वि उँघा | २ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ४१ | राष्ट्रि प्रा.वि कट्टेधारा | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ४२ | हेमन्त आ.वि जुर | ३ | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | सुर्योदय मा.वि मसिना | ४ | ० | ३ | ० | ० | १ | १ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | ० | १ | ० | १ | ० | १ | १८ |
| ४४ | जनता प्रा.वि भोर्ना | १ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ४५ | विहानी प्रा.वि लिघा | ० | ० | ० | ४ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| ४६ | नबज्योति प्रा.वि मसिना | ० | ० | ० | ४ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| ४७ | सरस्वति आ.वि सखी | ३ | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ |
| ४८ | कृष्ण प्रा.वि पलासेनी | ० | ० | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ४९ | बालकल्याण प्रा.वि साम्री | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ५० | बालवोध प्रा.वि गुनाम | २ | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| ५१ | जनकल्याण मा.वि सर्पाल | ४ | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | १ | ० | ० | ० | ० | १२ |
| ५२ | बालतपशि प्रा.वि रुन्टी | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ५३ | बालज्योति प्रा.वि खुटी | १ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ५४ | ज्ञानकुञ्ज प्रा.वि टुनिबोट | ० | ० | ० | ३ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| | **जम्मा** | १०४ | ४ | २७ | १६ | १३ | ४९ | ५४ | ० | १५ | ० | ८ | २ | १० | ४ | ६ | ० | ६ | ० | ६ | १३ | ० | २ | ९ | ० | २ | ४ | २ | ३५६ |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाख

**तालिका नं २**

**वडागत रुपमा ९-१२ सञ्चालित माध्यामिक विद्यालय**

| **क्र.सं.** | **विद्यालयको नाम** | **वडा नं.** | **कैफियत** |
|---|---|---|---|
| १ | सुर्योदय मा.वि. मसिना | ४ | |
| २ | भिमसेन मा.वि. सैवाङ | ५ | |
| ३ | महेन्द्र मा.वि. होलेरी | ७ | |
| **जम्मा** | | **३** | |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ३**

**वडागत रुपमा कक्षा १-१० सञ्चालित माध्यामिक विद्यालयहरु**

| **क्र.सं.** | **विद्यालयको नाम** | **वडा नं.** | **कैफियत** |
|---|---|---|---|
| १ | ने.रा.मा.वि. रिठाबोट | १ | |
| २ | पद्मोदय मा.वि. दाङचोट | १ | |
| ३ | गणेश मा.वि. धौलावाङ | ५ | |
| ४ | ने.रा.मा.वि. डुब्रिङ | ६ | |
| ५ | सरस्वती मा.वि. सतिम | ७ | |
| ६ | जनकल्याण मा.वि. सर्पाल | ९ | |
| जम्मा | | ६ | |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ४**

**वडागत रुपमा कक्षा १-८ सञ्चालित माध्यामिक विद्यालयहरु**

| **क्र.सं.** | **विद्यालयको नाम** | **वडा नं.** | **कैफियत** |
|---|---|---|---|
| १ | जनज्योति आ.वि. लामिडाँडा | २ | |
| २ | उमाभक्त आ.वि. उमा | २ | |
| ३ | हेमन्त आ.वि. जुर | ३ | |
| ४ | ईन्द्रदेवी आ.वि. लखना | ३ | |
| ५ | चन्द्रोदय आ.वि. जवाङ | ३ | |
| ६ | त्रिपुरेश्वरी आ.वि. खारा | ६ | |
| ७ | बालकल्याण आ.वि. बलवाङ | ७ | |
| ८ | भानु आ.वि. मगरगोरी | ८ | |
| ९ | सरस्वती आ.वि. सखी | ९ | |
| १० | चन्द्रोदय आ.वि. जस्पुर | ५ | |
| जम्मा | | १० | |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ५**

**वडागत रुपमा कक्षा १-५ सञ्चालित माध्यामिक विद्यालयहरु**

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | दिपेन्द्र प्रा.वि. दिसुन्धारा | १ | |
| २ | बालविद्या प्रा.वि. ओवाङ | १ | |
| ३ | दहडाँडा प्रा.वि. राम्ली | १ | |
| ४ | कोल्डाँडा प्रा.वि. लापाल | १ | |
| ५ | उत्तमजन प्रा.वि. सालवाङ | ३ | |
| ६ | सुर्योदय ने.रा. प्रा.वि. उँघा | ४ | |
| ७ | विहानी प्रा.वि. लिघा | ४ | |
| ८ | नवज्योति प्रा.वि. मसिना | ४ | |
| ९ | बालकल्याण प्रा.वि. हापखोला | ५ | |
| १० | बागेश्वरी प्रा.वि. गातिना | ६ | |
| ११ | जनजागृति प्रा.वि. छाप | ६ | |
| १२ | शिव प्रा.वि. साँपडाँडा | ६ | |
| १३ | बालविकास प्रा.वि. बोरीवाङ | ६ | |
| १४ | पशुपति प्रा.वि. गैरा | ७ | |
| १५ | बालकल्याण आ.वि. हानवाङ | ८ | |
| १६ | वालबोध प्रा.वि. गुनाम | ९ | |
| जम्मा | | १६ | |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ५**

**वडागत रुपमा कक्षा १-३ सञ्चालित माध्यामिक विद्यालयहरु**

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | गैरीगाउँ प्रा.वि. गैरीगाउँ | १ | |
| २ | सिल्केपोखरी प्रा.वि. गोरिनेटा | २ | |
| ३ | राष्ट्रिय प्रा.वि. कट्टेधारा | ३ | |
| ४ | जनता प्रा.वि. भोर्ना | ३ | |
| ५ | बालकल्याण प्रा.वि. बाईजा | ५ | |
| ६ | सरस्वती प्रा.वि. नयाँगाउँ | ५ | |
| ७ | चेतनशील प्रा.वि. छिन्नेटा | ५ | |
| ८ | जनकल्याण प्रा.वि. कोल्वोट | ५ | |
| ९ | जालनेटा प्रा.वि. वावाङ | ६ | |
| १० | देवेश्वरी प्रा.वि. वान्द्रे | ७ | |
| ११ | ज्योतिपुञ्ज प्रा.वि. सालिवाङ | ७ | |
| १२ | जनसेवा प्रा.वि. खलिवाङ | ८ | |
| १३ | सिद्ध प्रा.वि. लिवाङ | ८ | |
| १४ | बालज्योति प्रा.वि. खसगोरी | ८ | |
| १५ | बालकल्याण प्रा.वि. साम्री | ९ | |
| १६ | बालज्योति प्रा.वि. खुटी | ९ | |

| | | | |
|---|---|---|---|
| १७ | बालतपसी प्रा.वि. रुन्टी | ९ | |
| १८ | कृष्ण प्रा.वि. पलासेनी | ९ | |
| १९ | ज्ञानकुञ्ज प्रा.वि. टुनिबोट | ९ | |
| जम्मा | | १९ | |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ६**

**तहगत रुपमा कार्यरत शिक्षक कर्मचारीको विवरण**

| क्र.स | तह | स्थायी | करार | राहत | प्राविधिक धार | अंग्रेजी, गणित, विज्ञान (६-८) र (९-१०) | पालिका अनुदान | बाल शिक्षक | विद्यालय सहयोगी | विद्यालय सहायक कर्मचारी | जम्मा शिक्षक, कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | १०४ | ४ | २७ | ० | ० | १३ | ३० | ३५ | ० | २१३ |
| २ | निम्म माध्यमिक | १५ | ० | ८ | २ | ११ | ४ | १० | १० | ० | ६० |
| ३ | माध्यमिक | ६ | ० | ६ | २ | १८ | ० | ९ | ९ | ९ | ५९ |
| ४ | साविक उ.मा.वि. | ० | २ | २ | ४ | ० | ० | ० | ० | ० | ८ |
| **जम्मा** | | **१२५** | **६** | **४३** | **८** | **२९** | **१७** | **४९** | **५४** | **९** | **३४०** |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ७**

**पालिकामा रहेका विद्यालयका प्रधानाध्यापक, वि.व्य.सको विवरण**

| सि.नं. | सरकारी/ निजी विद्यालयको नाम | ठेगाना | प्र.अ को नाम र सम्पर्क नम्बर | | वि.व्य.स अध्यक्षको नाम र सम्पर्क नं. | | सडकको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | नामथर | सम्पर्क नम्बर | नामथर | सम्पर्क नम्बर | |
| १ | महेन्द्र मा.वि होलेरी | रुन्टीगढी ७ रोल्पा | वेद वहादुर सुर्यवंशी | ९८६८९५६७१४ | टेकलाल पुन | ९८४७८१०९२१ | कच्ची |
| २ | भिमसेन मा.वि सैबाङ | रुन्टीगढी ५ रोल्पा | जोख वहादुर रोका | ९८४७८०९१२८ | चन्द्रविर घर्ती | ९७४२५८२८०३ | कच्ची |
| ३ | सुर्योदय मा.वि मसिना | रुन्टीगढी ४ रोल्पा | भानुभक्त सुवेदी | ९८४७९६२११७ | प्रेम बहादुर घर्ती | ९८५७८२४९२४ | कच्ची |
| ४ | ने.रा.मा.वि डुब्रिङ | रुन्टीगढी ६ रोल्पा | केशर वहादुर घर्ती | ९८६९६५७८९७ | घन वहादुर घर्ती | ९८४४९२२८५७ | कच्ची |
| ५ | जनकल्याण मा.वि सर्पाल | रुन्टीगढी ९ रोल्पा | गोबर्धन थापा | ९८४४९९९३०० | शिवराज घर्ती | | कच्ची |
| ६ | गणेश मा.वि | रुन्टीगढी | चेतलाल | ९८६४८२३३७४ | निराजन घर्ती | ९८५७८५०१४४ | कच्ची |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धौलाबाङ | ५ रोल्पा | डि.सी | | | | |
| ७ | ने.रा.मा.वि रिठाबोट | रुन्टीगढी १ रोल्पा | झक्कु प्रसाद वली | ९८४३५५२४५८ | बाग्दल डाँगी | ९८६५५१७८१४ | कच्ची |
| ८ | सरस्वती मा.वि सतिम | रुन्टीगढी ७ रोल्पा | कर्ण वहादुर वस्नेत | ९८४४९३०३१३ | मित्रलाल घर्ती | ९७६२५९५६९९ | कच्ची |
| ९ | पद्मोदय मा.वि दाङचोट | रुन्टीगढी १ रोल्पा | विरेन्द्र कवर | ९८४७९६४४९१ | फत्तेसिङ घर्ती मगर | ९८४४९३०९३० | कच्ची |
| १० | जनज्योति आ.वि लामिडाँडा | रुन्टीगढी २ रोल्पा | यामलाल घर्ती | ९८६६८७२७७२ | चित्र बहादुर बुढा | ९७४६४९८९२९ | कच्ची |
| ११ | उमाभक्त आ.वि उमा | रुन्टीगढी २ रोल्पा | पृथवी जि.एम | ९८४७८८२६२९ | बम वहादुर पुन | ९८२२८३४०१३ | कच्ची |
| १२ | ईन्द्रदेवी आ.वि लखना | रुन्टीगढी ३ रोल्पा | विरबल वली | ९८५७८७०१७७ | शान्तराम खत्री | ९८६७४०६५७० | कच्ची |
| १३ | हेमन्त आ.वि जुर | रुन्टीगढी ३ रोल्पा | भोम वहादुर पुन | ९७६८६३४१०० | राम वहादुर घर्ती | ९८६६५१५५८८ | कच्ची |
| १४ | चन्द्रोदय आ.वि जबाङ | रुन्टीगढी ३ रोल्पा | उत्तम विक्रम शाँहा | ९८६८६२६६२५ | लिला वहादुर पुन | ९८६६९११६३५ | कच्ची |
| १५ | चन्द्रोदय आ.वि जस्पुर | रुन्टीगढी ५ रोल्पा | कुल वहादुर डाँगी | ९८४७९७५८४५ | घनश्याम घर्ती | ९८६३१५०२१० | कच्ची |
| १६ | त्रिपुरेश्वरी आ.वि खारा | रुन्टीगढी ६ रोल्पा | रण वहादुर डाँगी | ९८४७८५०७४६ | खिम वहादुर घर्ती | ९७४२५०८३१३ | कच्ची |
| १७ | बालकल्याण आ.वि बलबाङ | रुन्टीगढी ७ रोल्पा | टोप वहादुर बस्नेत | ९८६८६१२७७५ | चन्द्र वहादुर पुन | ९७४५६४९४७५ | कच्ची |
| १८ | भानु आ.वि मगरगोरी | रुन्टीगढी ८ रोल्पा | खगेन्द्र राना मगर | ९८४५१०३५९३ | सनम पुन | ९८०३४४९८०२ | कच्ची |
| १९ | सरस्वती आ.वि सखी | रुन्टीगढी ९ रोल्पा | नरेन्द्रध्वज डि.सी | ९८५७८२२१६० | टेकेन्द्र घर्ती | ९८४४९६८१०८ | कच्ची |
| २० | बालकल्याण प्रा.वि.हापखोला | रुन्टीगढी ५ रोल्पा | निम वहादुर थापा | ९८६२५६१५४६ | दुज बहादुर घर्ती | ९८४७९६१६८३ | कच्ची |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | विहानी प्रा.वि. लिघा | रुन्टीगढी ४ रोल्पा | गितादेवी थापा | ९८४३८४६७९३ | भक्त वहादुर सेन | ९८४४७२३१८४ | कच्ची |
| २२ | सुर्योदय ने.रा. प्रा.वि उँघा | रुन्टीगढी ४ रोल्पा | टिका वहादुर गिरी | ९८६९९९४६६९ | युवलाल पुन | ९८४६२९३२५५ | कच्ची |
| २३ | बालकल्याण प्रा.वि.हानवाङ | रुन्टीगढी ८ रोल्पा | बाने खड्का | ९८४२३५६५८८ | विरे दमाई | ९८१०८४५९३३ | कच्ची |
| २४ | देवेश्वरी प्रा.वि. वान्द्रे | रुन्टीगढी ७ रोल्पा | देविका घर्ती | ९८४८१३१०८८ | सावित्रा बुढा | ९८१२८०७१६२ | कच्ची |
| २५ | पशुपति प्रा.वि. गैरा | रुन्टीगढी ७ रोल्पा | महेन्द्र रोका | ९८४४९२८२०२ | कमल घर्ती | ९८६०८५५६५६ | कच्ची |
| २६ | बालविद्या प्रा.वि. वावाङ | रुन्टीगढी १ रोल्पा | थरमती पुन | ९८६१२९५१७६ | कर्णसिङ पुन | ९७४२२१५५६९ | कच्ची |
| २७ | दिपेन्द्र प्रा.वि. दिसुन्धारा | रुन्टीगढी १ रोल्पा | कर्ण वहादुर डाँगी | ९८६८६३६८१० | कृष्ण वहादुर डागी | | कच्ची |
| २८ | दहडाँडा प्रा.वि. राम्ली | रुन्टीगढी १ रोल्पा | जुद्व वहादुर डाँगी | ९८६४८०९२१९ | पदम बहादुर पुन | ९८६६९८२६४३ | कच्ची |
| २९ | बालबोध प्रा.वि. गुनाम | रुन्टीगढी ९ रोल्पा | नारायाण बाठाँ | ९८४७९५७६९६ | जयन्द्र के.सी | ९८४७९७७७२० | कच्ची |
| ३० | जनजागृति प्रा.वि छाप | रुन्टीगढी ६ रोल्पा | नारायाण थापा | ९८२२९३८२५५ | खिमलाल राना | ९८६८६९०७०४ | कच्ची |
| ३१ | शिव प्रा.वि सापडाँडा | रुन्टीगढी ६ रोल्पा | देव बहादुर सुनार | ९८४७९८४८५७ | मान बहादुर सुनार | ९८६८२८२५०१ | कच्ची |
| ३२ | बालबिकास प्रा.वि बोरिवाङ | रुन्टीगढी ६ रोल्पा | बालाराम रेग्मी | ९८४८०६१२९३ | बालाराम बस्नेत | ९८६०११५७४० | कच्ची |
| ३३ | कोलडाँडा प्रा.वि लापाल | रुन्टीगढी १ रोल्पा | शेर वहादुर के.सी | ९८४४९२८०८९ | मनध्वज बुढा | ९८६८०४९१४६ | कच्ची |
| ३४ | बागेश्वरी प्रा.वि गातिना | रुन्टीगढी ६ रोल्पा | रुप बहादुर पुन | ९८४१८९४०७७ | हस्तराम राना | ९८६९५१८४३८ | कच्ची |
| ३५ | उत्तमजन प्रा.वि सालबाङ | रुन्टीगढी ३ रोल्पा | दाना कुमारी अधिकारी | ९८६६९९०३३३ | गोविन्द वहादुर पुन | ९७६५८७४००५ | कच्ची |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | नबज्योती प्रा.वि मसिना | रुन्टीगढी ४ रोल्पा | टेकमति पुन | ९८६६१८८६०३ | दिलमाया पुन | ९८६९६५७५४४ | कच्ची |
| ३७ | जालनेटा प्रा.वि वाबाङ | रुन्टीगढी ६ रोल्पा | खिमा पुन | ९८६८६६१७५७ | कर्ण बहादुर पुन | ९८१०८४०५६९ | कच्ची |
| ३८ | गैरीगाँउ प्रा.वि गैरिगाँउ | रुन्टीगढी १ रोल्पा | प्रेम वहादुर रावत | ९८६६९९२६७२ | लुद्र वहादुर पुन | ९८४१५५९००२ | कच्ची |
| ३९ | शिकेपोखरी प्रा.वि गोरिनेटा | रुन्टीगढी २ रोल्पा | सुधा आचार्य | ९८४७८००८२३ | चित्र वहादुर वि.क | ९८४७९५९९८२ | कच्ची |
| ४० | राष्ट्रिय प्रा.वि कट्टेधारा | रुन्टीगढी ३ रोल्पा | अम्मर महरा | ९८५७८२०६५० | याम बहादुर पुरी | ९७६५५१७६५ | कच्ची |
| ४१ | जनता प्रा.वि भोर्ना | रुन्टीगढी ३ रोल्पा | अम्विका घर्ती | ९८६६७०१२७९ | खिम बहादुर वुढा | ९८६८०१७४५४ | कच्ची |
| ४२ | बालकल्याण प्रा.वि बाईजा | रुन्टीगढी ५ रोल्पा | दुर्गा वली | ९८४४९८३३४६ | गिर वहादुर घर्ती | ९८४४९७९६८२ | कच्ची |
| ४३ | चेतनशिल प्रा.वि छिन्नेटा | रुन्टीगढी ५ रोल्पा | हिमा कुमारी घर्ती | ९८६६९२४६३९ | लिला बि.क | ९८६३२८६२३९ | कच्ची |
| ४४ | सरस्वती प्रा.वि नयागाँउ | रुन्टीगढी ५ रोल्पा | सावित्रा डाँगी | ९८६८९९६८११ | सुरज बुढाथोकी | ९८६८९९६८११ | कच्ची |
| ४५ | जनकल्याण प्रा.वि कोल्बोट | रुन्टीगढी ५ रोल्पा | अनिल कुमार वली | ९८४७९९०००४ | अवराज सिजवाल | ९७६८३१४२६२ | कच्ची |
| ४६ | ज्योतिपुञ्ज प्रा.वि सालिबाङ | रुन्टीगढी ७ रोल्पा | नन्दकली राणा | ९८६७४१२४६६ | दिल बहादुर थापा | ९८६४७१८०४४ | कच्ची |
| ४७ | सिद्ध प्रा.वि लिबाङ | रुन्टीगढी ८ रोल्पा | बिजय खड्का | ९८६३११८७८४ | अमराज बस्नेत | ९७४८३५७२६३ | कच्ची |
| ४८ | जनसेवा प्रा.वि खलिबाङ | रुन्टीगढी ८ रोल्पा | यमुना रोका | ९८६८६४१८८६ | वुद्दिराम खड्का | ९८६६७४४४९० | कच्ची |
| ४९ | बालज्योति प्रा.वि खसगोरी | रुन्टीगढी ८ रोल्पा | लक्ष्मी महतरा | ९८१३६३१०६० | धनसिङ रोका | ९८१०९०८५५३ | कच्ची |
| ५० | कृष्ण प्रा.वि पलासेनी | रुन्टीगढी ९ रोल्पा | हिरा कुमारी बस्नेत | ९८४७९६०५७६ | अर्जुन के.सी | ९८४४०८२३१५ | कच्ची |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५१ | बालकल्याण प्रा.वि साम्री | रुन्टीगढी ९ रोल्पा | अमृत वहादुर घर्ती | ९८६४१४६७८९ | उशा वली | ९८६८९५६७२० | कच्ची |
| ५२ | बालतपशि प्रा.वि रुन्टी | रुन्टीगढी ९ रोल्पा | कृष्ण प्रसाद न्यौपाने | ९८६८६०३२७० | हिमा वली | ९८६६५५४५१८ | कच्ची |
| ५३ | बालज्योति प्रा.बि खुटी | रुन्टीगढी ९ रोल्पा | पवित्रा कुमारी वली | ९८६८६२१०२९ | कल बहादुर वुढा | ९७४४२३६१८९ | कच्ची |
| ५४ | ज्ञानकुञ्ज प्रा.वि टुनिबोट | रुन्टीगढी ९ रोल्पा | अम्मु कुमारी दशौदी | ९८४५५८४३४८ | नन्दु प्रसाद बहकरी | ९८६९५९६१३८ | कच्ची |

स्रोतः रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ८**

**पालिकामा रहेका संस्थागत विद्यालयका प्रधानाध्यापक, वि.व्य.सको विवरण**

| सि.नं. | सरकारी /निजी विद्यालयको नाम | ठेगाना | प्र.अ को नाम र सम्पर्क नम्बर | | वि.व्य.स अध्यक्षको नाम र सम्पर्क नं. | | सडकको अबस्था |
|---|---|---|---|---|---|---|---|
| | | | नामथर | सम्पर्क नम्बर | नामथर | सम्पर्क नम्बर | |
| १ | दिपज्योति बोर्डिङ स्कुल | रुन्टीगढी ६ रोल्पा | भिमराज बोहरा | ९७४२२५२१७० | देवेन्द्र बोहोरा | ९८५७८३२०२७ | कच्ची |
| २ | गोल्डेन साराईज बोर्डिङ स्कुल | रुन्टीगढी ५ रोल्पा | रविन्द्र चौधरी | ९८१०८४४९७७ | सुनिता पुन | | कच्ची |
| ३ | एडभान्स चाइल्डकेर बो .स्कुल | रुन्टीगढी ४ रोल्पा | तेज बहादुर घर्ती | ९८४७९५६८०७ | | | कच्ची |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ९**

**पालिकामा रहेका सामुदायिक सिकाई केन्द्रहरुको विवरण**

| सि.नं | सामुदायिक सिकाई नाम | ठेगाना | परिचालिकाको नाम र सम्पर्क नम्बर | | अध्यक्षको नाम र सम्पर्क नं. | | सडकको अबस्था |
|---|---|---|---|---|---|---|---|
| | | | नामथर | सम्पर्क नम्बर | नामथर | सम्पर्क नम्बर | |
| १ | लालिगुरास सामुदायिक सिकाई केन्द्र | रुन्टीगढी ५ सैवाङ रोल्पा | विनीता रोका | ९८६४७९४३५७ | जोख बहादुर रोका | ९८४७८०९१२८ | कच्ची |
| २ | सिर्जनशिल सामुदायिक | रुन्टीगढी ४ उघाँ रोल्पा | निमकली पुन | ९८६९९९४६९८ | गायत्री घर्ती मगर | ९७६५४४९७४० | कच्ची |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सिकाई केन्द्र | | | | | | |
| ३ | नवचेतना सामुदायिक सिकाई केन्द्र | रुन्टीगढी ६ डुब्रिङ रोल्पा | द्रौपती घर्ती | ९८१२८४४४१५ | केशर वहादुर घर्ती | ९८६९६५७८९७ | कच्ची |
| ४ | होलेरी सामुदायिक सिकाई केन्द्र | रुन्टीगढी ७ होलेरी ,रोल्पा | सञ्जिना खड्का | | महेन्द्र रोका | ९८४४९२८२०२ | |
| ५ | जौलिपोखरी सामुदायिक सिकाई केन्द्र | रुन्टीगढी १ जौलिपोखरी , रोल्पा | शिवा कुमारी बुढा | ९८६१६८०४४८ | | | |

स्रोतः रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ९**

**पालिकामा अध्ययनरत बालबालिकाहरुको जातीगत विवरण**

| विद्यालयका प्रकार | ब्रामण, क्षेत्री र अन्य | | | जनजाति | | | दलित | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **सामुदायिक विद्यालय** | ११५८ | १०७२ | २२३० | १५२७ | १३२४ | २८५१ | ८३९ | ७९२ | १६३१ |
| **सँस्थागत विद्यालय** | ४७ | ५५ | १०२ | ५० | ७४ | १२४ | २८ | २६ | ५४ |
| **सबै बा.वि.के** | १५३ | १५२ | ३०५ | १८० | १६६ | ३४६ | १०२ | १२० | २२२ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं ९**

**प्रारम्भिक बालबिकासका सुचकहरुको विवरण**

| कुल भर्नादर | | | खुदभर्ना दर | | | नयाँ भर्ना (कक्षा १) | | | बाविके अनुभव सहित (कक्षा १) भर्ना | | | बाविके अनुभव सहित कक्षा १ भर्ना % | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ६१.१ | ६०.१ | ६०.६ | ५७.७ | ५८.२ | ५८ | २६३ | २६७ | ५३० | २४७ | २५६ | ५०३ | ९३.९ | ९५.९ | ९४.९ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

### तालिका नं १०

### प्रारम्भिक बालबिकास केन्द्रहरुमा शैक्षणिक तथा सन्दर्भ सामग्रीहरुको अवस्था

| ब. वि.के सँख्या | शिक्षक शिक्षिका सँख्या | पुस्तक | शिक्षक निर्देशिका | बाल सामाग्रीहरु | पढाइ कुना | सन्र्दभ सामग्रीहरु |
|---|---|---|---|---|---|---|
| ४९ | ४९ | ४९ सेट | ४९ वटा | ४९ वटैमा | ४९ वटैमा | ४९ वटैमा |

स्रोतः रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

### तालिका नं १०

### कक्षागत रुपमा पालिका भित्र अध्ययनरत बालबालिकाहरुको जातीगत विवरण

| कक्षा | ब्रा.क्षे.ठ.अन्य | | | | जनजाति | | | | द्यलित | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा | |
| **बा.वि.के.** | १५३ | १५२ | ० | ३०५ | १८० | १६६ | ० | ३४६ | १०२ | १२० | ० | २२२ | ८७३ |
| **१** | १२१ | १५३ | ० | २७४ | १९७ | २०० | ० | ३९७ | ११९ | १२२ | ० | २४१ | ९१२ |
| **२** | ८८ | ९९ | ० | १८७ | ११२ | १२५ | ० | २३७ | ९५ | ८३ | ० | १७८ | ६०२ |
| **३** | १०६ | ९३ | ० | १९९ | १४० | १४७ | ० | २८७ | ६३ | ५८ | ० | १२१ | ६०७ |
| **४** | १०५ | ९७ | ० | २०२ | १३० | १४१ | ० | २७१ | ८० | ९२ | ० | १७२ | ६४५ |
| **५** | ९९ | १०२ | ० | २०१ | ११६ | ११७ | ० | २३३ | ५९ | ७७ | ० | १३६ | ५७० |
| **६** | ९८ | ८१ | ० | १७९ | १६१ | १३८ | ० | २९९ | ९३ | ६४ | ० | १५७ | ६३५ |
| **७** | १०४ | ९१ | ० | १९५ | १४९ | ११७ | ० | २६६ | ९१ | ६९ | ० | १६० | ६२१ |
| **८** | १०८ | ९१ | ० | १९९ | १७४ | ११४ | ० | २८८ | ७० | ५८ | ० | १२८ | ६१५ |
| **९** | ७६ | ५५ | ० | १३१ | ९७ | ७३ | ० | १७० | ५१ | ४५ | ० | ९६ | ३९७ |
| **१०** | ६३ | ३९ | ० | १०२ | ८० | ४५ | ० | १२५ | ३४ | १९ | ० | ५३ | २८० |
| **११** | ०९ | ०८ | ० | १७ | १० | ०६ | ० | १६ | ६ | ४ | ० | १० | ४३ |
| **१२** | २८ | ११ | ० | ३९ | ३१ | ०९ | ० | ४० | ४ | ७ | ० | ११ | ९० |
| **जम्मा** | ११५८ | २०७२ | ० | २२३० | १५७७ | १३९८ | ० | २९७५ | ८६७ | ८१८ | ० | १६८५ | ६८९० |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

### तालिका नं ११

### सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विद्यार्थीहरुको उपस्थिति

| कक्षा | ब्रा.क्षे.ठ.अन्य | | | | ज्नजाति | | | | द्यलित | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा | |
| **बा.वि.के.** | १६ | १७ | ० | ३३ | १८ | १८ | ० | ३६ | ७ | ९ | ० | १६ | ८५ |
| **१** | ११ | २० | ० | ३१ | १६ | २५ | ० | ४१ | १३ | ५ | ० | १८ | ९० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२** | ५ | ४ | ० | १० | ३ | ८ | ० | ११ | ३ | २ | ० | ५ | २६ |
| **३** | ६ | २ | ० | ८ | ७ | ९ | ० | १६ | २ | ४ | ० | ६ | ३० |
| **४** | २ | ३ | ० | ५ | ३ | ७ | ० | १० | १ | ३ | ० | ४ | १९ |
| **५** | ४ | ७ | ० | ११ | ० | ७ | ० | ७ | १ | ३ | ० | ४ | २२ |
| **६** | ३ | १ | ० | ४ | ३ | ० | ० | ३ | १ | ० | ० | १ | ८ |
| **जम्मा** | ४७ | ५५ | ० | १०२ | ५० | ७४ | ० | १२४ | २८ | २६ | ० | ५४ | २८० |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १२**

**आधारभूत तहका सामुदायिक विद्यालयहरुमा शैक्षिक सुचकांक**

| कुल भर्नादर (१-५) | | | खुद भर्नादर (१-५) | | | कुल भर्नादर (६-८) | | | खुद भर्नादर (६-८) | | | कुल भर्नादर (१-८) | | | खुद भर्नादर (१-८) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्र | छात्रा | जम्मा | छात्रा | छात्र | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्रा | छात्र | जम्मा |
| १३०.६ | १२८.५ | १२९.५ | ९६.५ | ९७.६ | ९७.१ | १७६.६ | १६७.७ | १७२.० | ९४.२ | ९४.५ | ९४.३ | १२०.४ | ११८.४ | ११९.३ | ९५.७ | ९६.५ | ९६.१ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १३**

**माध्यामिक तहका सामुदायिक विद्यालयहरुमा शैक्षिक सुचकांक**

| कुल भर्नादर (९-१०) | | | खुद भर्नादर (९-१०) | | | कुल भर्नादर (११-१२) | | | खुद भर्नादर (११-१२) | | | खुद भर्नादर (९-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९७.१ | ९९.८ | ९८.४ | ७५.८ | ७७.१ | ७६.५ | ६३.३ | ७०.० | ६६.४ | ३४.८ | ३७.४ | ३६.० | ५५.७ | ५९.४ | ५७.४ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १४**

**माध्यामिक तहका १ - १२ सञ्चालित सामुदायिक विद्यालयहरुको सुचकांक**

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| १ | ३.६ | ३.६ | ३.६ |
| २ | २.७ | ३.९ | ३.३ |
| ३ | २.२ | २.८ | २.५ |
| ४ | ३ | ४.२ | ३.६ |
| ५ | २.५ | ३.४ | २.९ |
| कक्षा १ देखि ५ सम्म | २.८ | ३.६ | ३.२ |
| ६ | ३.४ | ५.७ | ४.६ |
| ७ | ३.४ | ५ | ४.२ |
| ८ | ३.८ | ५.७ | ४.६ |

| | | | |
|---|---|---|---|
| कक्षा ६ देखि ८ सम्म | ३.६ | ५.५ | ४.५ |
| ९ | ४.६ | ८.७ | ६.५ |
| १० | १.३ | ०.९ | १.१ |
| कक्षा ९ देखि १० सम्म | २.८ | ४.९ | ३.७ |
| ११ | १२.१ | १०.६ | ११.५ |
| १२ | ० | ० | ० |
| कक्षा ११ देखि १२ सम्म | ६.६ | ५.९ | ६.३ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १५**

**कक्षा १- ५ सञ्चालित सामुदायिक विद्यालयहरुको नयां भर्ना दर**

| कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | कक्षा १ देखि ५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९७.१ | ९८.४ | ९७.७५ | ९६.८ | ९७.५ | ९७.१५ | ९७.७ | ९८ | ९७.८५ | ९७ | ९८ | ९७.५ | ९६.९ | ९८.१ | ९७.५ | ९७.१ | ९७.९ | ९७.५५ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १६**

**कक्षा ६ - ८ सञ्चालित सामुदायिक विद्यालयहरुको नयां भर्ना दर**

| कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | कक्षा ६ देखि ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९६.७ | ९७.२ | ९६.९५ | ९७.४ | ९७.५ | ९७.४५ | ९७.६ | ९७.२ | ९७.४ | ९७.२३ | ९७.३ | ९७.२७ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १६**

**कक्षा ९ - १० सञ्चालित सामुदायिक विद्यालयहरुको नयां भर्ना दर**

| **कक्षा ९** | | | **कक्षा १०** | | | **कक्षा ९ देखि १०** | | |
|---|---|---|---|---|---|---|---|---|
| **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| ८५.४ | ७९.३ | ८२.३५ | ८१.६ | ७४.७ | ७८.१५ | ८३.५ | ७७ | ८०.२५ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १७**

**कक्षा ११ - १२ सञ्चालित सामुदायिक विद्यालयहरुको नयां भर्ना दर**

| **कक्षा ११** | | | **कक्षा १२** | | | **कक्षा ११ देखि १२** | | |
|---|---|---|---|---|---|---|---|---|
| **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| ३८.५ | ४०.२ | ३९.३५ | २८.३ | ३६.५ | ३२.४ | ३३.४ | ३८.३५ | ३५.८८ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १८**

**कक्षा १ - ५ सञ्चालित सामुदायिक विद्यालयहरुको कक्षोन्नति दर**

| **कक्षा १** | | | **कक्षा २** | | | **कक्षा ३** | | | **कक्षा ४** | | | **कक्षा ५** | | | **कक्षा १ देखि ५** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| ९८ | ९७ | ९७.५ | ९७.७७ | ९७.४५ | ९७.६१ | ९७.४१ | ९८ | ९७.७ | ९३.६७ | ९४.५५ | ९४.११ | ९५ | ९६.३२ | ९५.६६ | ९६.३७ | ९६.५५ | ९६.४६ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं १९**

**कक्षा ६ - ८ सञ्चालित सामुदायिक विद्यालयहरुको नयां भर्ना दर**

| **कक्षा ६** | | | **कक्षा ७** | | | **कक्षा ८** | | | **कक्षा ६ देखि ८** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ६८.५४ | ७३.८६ | ७१.२ | ७०.५४ | ६९.३३ | ६९.९४ | ८१.३५ | ७७.८५ | ७९.६ | ७३.४८ | ७३.६८ | ७३.५८ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं २०**

**कक्षा ९ - १० सञ्चालित सामुदायिक विद्यालयहरुको नयां भर्ना दर**

| **कक्षा ९** | | | **कक्षा १०** | | | **कक्षा ९ देखि १०** | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ७६.९८ | ७४.५३ | ७५.७६ | ४६.२३ | ४१.७६ | ४४ | ६१.६ | ५८ | ५९.८ |

स्रोतःEMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं २१**

**कक्षा ११ - १२ सञ्चालित सामुदायिक विद्यालयहरुको नयां भर्ना दर**

| कक्षा ११ | | | कक्षा १२ | | | कक्षा ११ देखि १२ | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९८.८८ | ९६.२२ | ९७.५५ | ५३.८६ | ४९.६४ | ५१.७५ | ७६.३७ | ७२.९३ | ७४.६५ |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं २२**

**कक्षा १ - ५ सञ्चालित सामुदायिक विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको विवरण**

| कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | कक्षा १ देखि ५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ४ | ० | ४ | ४ | २ | ६ | १ | १ | २ | ० | १ | १ | ० | १ | १ | ९ | ५ | १४ |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं २३**

**कक्षा ६ - ८ सञ्चालित सामुदायिक विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको विवरण**

| कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | कक्षा ६ देखि ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| २ | २ | ४ | १ | ० | १ | १ | १ | २ | ४ | ३ | ७ |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

**तालिका नं २४**

**कक्षा ९ - १० सञ्चालित सामुदायिक विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको विवरण**

| कक्षा ९ | | | कक्षा १० | | | कक्षा ९ देखि १० | | |
|---|---|---|---|---|---|---|---|---|
| **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| १ | ० | १ | ० | ० | ० | १ | ० | १ |

स्रोतः EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा

## १.२.१ रुन्टीगढी गाँउपालिका शैक्षिक क्षेत्रमा भएका मुख्य समस्याहरु

शिक्षामा गुणस्तर ल्याउनका लागि स्थननीय, प्रादेशिक तथा संघीय सरकारहरु र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघसस्थाहरुले काम गरिरहेका छन् । यस पालीका भित्र विगत लामो समयदेखि नै शिक्षामा ठुलो लगानी भइरहेको छ । त्यति हुदाँहुदै पनि विद्यार्थीहरुको सिकाइमा गुणस्तरीयता आउन सकिरहेको छैन । विद्यार्थीहरुमा समयसापेक्ष सिकाइ उपलब्धी प्राप्ती र समग्र सिकाइ उपलब्धी प्राप्त गर्नका समयानुकुल सिकाइ सहजीकरण, विज्ञान तथा प्रविधिको प्रयोग, शिक्षक विद्यार्थी बिचको अनुपात, सामाजिक साँस्कृतिक विभेदीकरण, भौतिक सामाग्रीहरुको अभाभ, शैक्षणीक तथा सर्न्दभ सामग्रीहरुको विकास तथा प्रयोग, कक्षाकोठा ब्यवस्थापन, सफा खानेपानी, दरबन्दीको अभाव, अभिभावक तथा समुदाय परिचालन, शिक्षक ब्यवस्थापन तथा तालिम, विद्यालयको दुरी र बालमैत्री वातावरण लगायतका शैक्षिक समस्याहरु रहेका छन् ।

## १.२.२ चुनौतिहरु

नेपालको हालसम्मको आवधिक योजना कार्यन्वयनका सर्न्दभमा विभिन्न खालका चुनौतिहरु देखा परेका छन् विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले राखेका अपेक्षाकृत उपलब्धीहरु कोभिड १९ का कारणले सोही अनुरुप प्राप्त हुननसकेको अवस्था छ । भने विद्यालय शिक्षा क्षेत्र योजना(SESP)ले अनिवार्य तथा निशुल्क आधारभुत शिक्षाको कार्यन्वयन, समयानुकुल शिक्षक पेशागत विकास, एकिकृत पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन, सबै प्रकारका विपद् ब्यवस्थापन तथा न्युनिकरणका लागि विद्यालयहरुको आन्तिरिक सक्षमताको अविवृद्धि, विद्यार्थीहरुको सिकाइ उपलब्धीमा उल्लेख्य बृद्धि, विद्यालय शिक्षामा भएको सिकाइ क्षती र आपुरण, प्रारम्भिक कक्षा सिकाइमा सक्षमता हासील तथा सामाजिक समावेशीकरण सहित विद्यालय शिक्षामा सबै वर्गको अपेक्षित पँहुचतता निमार्ण लगायतका चुनौतिहरु देखा परेका थिए भने १६ औं योजनाले शिक्षाको क्षेत्रमा उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणाली, उच्च शिक्षामा गुणस्तर तथा समयसापेक्ष प्रविधिमैत्री शिक्षाको समस्या र कमजोर मानव श्रोत ब्यवस्थापन, महिला बालबालिका ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायमा हिँसाको स्वरुप परिर्वतन, आर्थिक सामाजिक साँस्कृतिक राजनैतिक विभेद र परम्परागत सोचँको निरन्तरता, समावेशीकरण सम्बन्धि नीति अभ्यास र नतिजा बीचको खाडल लगायत शैक्षिक चुनौतिहरु उल्लेख गरेको छ । पालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धीमा आशातित वृद्धि तथा सामाजिक समावेशीकरण, पँहुच र गुणस्तरीय शिक्षामा सबै बालबालिकाहरुको सहभागीता मुख्य चुनौतिको रुपमा रहेका छन् । यससँगै पालिका भित्र देखिएका प्रमुख शैक्षिक चाुनौतिहरु निम्नानुसार रहेका छन् ।

- अभिभावकको आधुनिक शिक्षा प्रति तत्परता साथै चासोमा कमि
- विद्यार्थीहरुको शैक्षिक आधारशीलता राम्ररी तयार नहुनु
- सबै सामुदायिक विद्यालयहरुमा आधारभुत तहको शिक्षा निशुल्क तथा अनिवार्य र माध्यमिक तहको शिक्षा निशुल्क शिक्षा
- आधारभुत तह देखि माध्यमिक तहसम्म न्युन शैक्षिक सिकाइ उपलब्धी सँगसँगै न्युन उर्तिण प्रतिशत
- प्रारम्भिक कक्षा एक देखि तिन सम्म एकिकृत पाठ्यक्रमको कार्यन्वय,

- शिक्षकहरुको निरन्तर पेशागत विकास तथा शिक्षक तालिम नहुनु
- शैक्षणीक र सन्दर्भ सामग्रीहरुको निमार्ण, प्रयोग र ब्यवस्थापन
- निरन्तर मुल्याँकन र परिक्षा ब्यवस्थापन फितलो हुनु
- शैक्षणीक योजना निमार्ण तथा कार्यन्वयमा कमि
- कक्षा कोठा भित्र शिक्षकहरुको गुणस्तरीय समय ब्यवस्थापन तथा परिचालन
- बाल तथा अपाँङगता मैत्रि विद्यालयको भौतिक पुर्वाधार साथै बाल तथा लैङगीक मैत्रि शौचालय ब्यवस्थापन आवश्यक काम कार्यवाहि अगाडी नबढ्नु
- पलिका स्तरमा संचालित प्राविधिक शिक्षामा एथोचित लागनी र ब्यवस्थापनमा कमि
- प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मका विद्यालयहरुमा भौतिक पुर्वाधारमा आवश्यक  विकासमा कमि
- समावेशि र समतामुलक शिक्षा नितीको अभाव
- विद्यार्थी सँख्याको अनुपातमा शिक्षक ब्वस्थापन र परिचालन
- राहत, स्थानीय तह र निजि स्रोतबाट शिक्षक ब्यवस्थापनमा पालिका पुर्णतया आत्मनिर्भर नहुनु
- विद्यार्थी संख्याको आधारमा विद्यालय समायोज र पुर्नब्यवस्थापन कठिनाई
- प्रधानाध्यापकको नेतृत्व तथा शिक्षकहरुको पेशागत विकासमा समयशापेक्ष नहुनु
- वि.ब्य.स. र शिक्षक अभिभावक संघको क्षमता विकास र परिचालन आवश्यकता अनुसार नहुनु
- अभिभावक सचेतिकरण, परिचालन र विद्यालय शिक्षामा समुदायको सहभागीता स्तर न्युन हुनु
- पोषण युक्त दिवाखाजा ब्यवस्थापन नहुनु
- शिक्षक र विद्यार्थी हरुमा पुरस्कृत र दण्ठसजायको अवश्था सिर्जना गर्न नसक्नु
- शैक्षिक सामाग्रीको भरपूर समुचित प्रयोग नहुनु
- शिक्षा तथा खेलकुद शाखामा प्रयाप्त कर्मचारी ब्यवस्थापन
- प्राकृतिक र मानविय प्रकोपहरुबाट विद्यार्थीहरुको सिकाइमा भएको क्षतिको आपुरणमा र निरन्तरता दिन नसक्नु
- जनप्रतिनिधि, वि.ब्य.स., शिक्षक, अभिभावक, शैक्षिक सरोकारवालाहरु र स्थानीय सरकारको तर्फदेखि नियमित अनुगमन तथा मुल्याँकन,
- शैक्षिक सिकाइ प्रकृयामा आधुनिक प्रविधि एवं सामाजिक सञ्जालको दुरुपयोग

## १.२.३ शैक्षिक योजना निमार्णको आवश्यकता र औचित्यता

उल्लेखित चुनौतीहरुलाइ ध्यानमा राख्दै रुन्टीगढी गाउपालिकाले पञ्च बर्षीय शैक्षिक योजना निमार्ण गरेको छ । एक्काइसौ शताब्दी विज्ञान र प्रविधिको शताब्दी हो । गुणस्तरी बैज्ञानिक शिक्षाले मात्रै एक्काइसौ शताब्दीका आवश्यकताहरु परिपुर्ती गर्न सक्षम नागरिक निमार्ण गर्न सक्दछ । नेपालको सार्वभैम संविधानको अनुसुचि ८ मा स्थानीय तहको एकल अधिकार अर्न्तगत आधारभुत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार संञ्चालन ऐन २०७४ (११) ज ले आधारभुत

तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निमार्ण गरी कार्यान्वयन गनुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाइ आत्मसात गर्न र सिर्जनशिल, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समगै शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ । भर्खरै मात्र शुरुभएको १६ औं योजनाले रुपान्तरण मुखि विकासको अवधारणा अनुकरण गरेको छ । सोही अनुरुप स्थानीय तहहरुमा निमार्ण हुने शैक्षिक योजनाहरुले सामाजिक रुपान्तरणका लागि आवश्यक आधार तयार गर्नु पर्ने देखिन्छ । नेपालको सर्न्दभमा विद्यालय शिक्षामा रहेको आर्थिक तथा सामाजिक लगायतका कारणहरुले सुविधाविहिन, सीमान्तकृत तथा अपाङगता भएका बालबालिकाहरुको समतामुलक पहुँच र सहभागीता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले १० बर्षे विद्‌यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यन्वयनमा ल्याएको छ । यहि योजनाको आधारमा प्रदेश स्तरमा समेत आवधिक शिक्षा योजना निमार्ण भई कार्यन्वयन भइरहेका छन्‌ । यसै सर्न्दभमा रुन्टीगढी गाँउपालिकाले पनि स्थानीय स्तरमा गुणस्तरी शिक्षाको माध्यमबाट राज्यले राखेको मुलभुत लक्ष्यलाइ पुरा गर्नका लागि ५ वर्षे शैक्षिक योजना निमार्ण गरी कार्यन्वयन गर्ने योजना बनाएको छ ।

## १.२.४ योजना निमार्णका औचित्यता :

- केन्द्र, प्रदेश तथा स्थानीय तहमा बन्ने योजनाहरुको बिचमा सहसम्बन्ध स्थापीत गर्न ।
- राष्ट्रिय एवं अर्न्तराष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्दै स्थानीय स्तरमा रहेका शैक्षिक समस्या पुरा गर्न ।
- स्थानीय स्तरमा देखिएका शैक्षिक चुनौतीहरुको सामना गर्दै साझा उद्धेश्य प्राप्त गर्न ।
- संघ तथा प्रदेशबाट प्राप्त हुने स्रोतहरुलाइ स्थानीय तहमा आधारित योजनामा आधारित बनाई ब्यवस्थापन, परिचालन र उपोग गर्न ।
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरपन तथा स्रोत परिचालनका असक्षमताहरुको न्युनिकरण गर्न ।
- अपाँङगता भएका बालबालिकाहरु, लैङगीक अल्पसंख्यकहरु, महिला, जनजाती, दलित र उत्पीडित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको जिवन पर्यन्त सिकाइलाइ स्थापीत गर्न
- सबैतहका विद्यार्थीहरुको न्युनतम सिकाइ उपलब्धीहरु हाँसील गरि क्षमतामा आधारीत शैक्षिक जनशक्ति निमार्ण गर्न ।
- प्राकृतिक र मानविय विपद, प्रकोपहरु र माहामारीबाट भएका सिकाइ क्षतीलाइ परिपुरण गर्दै सिकाइ सक्षमता हासील गर्न ।
- स्थानीय तहहरुको क्षमता सस्थागत सक्षमतामा अभिबृद्धि गर्दै प्रारम्भिक कक्षाहरुको सिकाइमा आवश्यक सुधार ल्याउन ।

# परिच्छेद २

## २.१.१ शिक्षा योजना निमार्णका कानुनी तथा संबैधानिक आधारहरुः

रुन्टीगढी गाउपालीको शैक्षिक योजना निमार्ण गर्दै गर्दा कानुनी तथा संवैधानिक रुपमा भएका आधारहरुलाइ मुख्य आधार मानिएको छ । नेपालको संविधान २०७२, सोह्रौ आवधिक योजना, सथानीय सरकार सँचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह ऐन २०७७, अनिवार्य तथा नि.शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धि ऐन तथा नियमावलीहरु, शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, तथा विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सँघसस्थाका कार्यक्रमहरु र रुन्टीगढीा गाउपालीको ५ बर्षे आवधिक योजना आदि ।

नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ। ती मौलिक हकहरू निम्न छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्ग भएका र आर्थिक रूपले बिपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिबिहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

यसै गरी धारा ३८ मा महिलाको हकसम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३) (७) र (९), दलितको हक सम्बन्धी धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

यसै गरी संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ ( ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरूमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरूलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ। नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७ , ८ र

९ मा अन्य संवैधानिक निकायहरूका साथै शिक्षासँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारालाई माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिएको छ ।
उल्लेखित संबैधानिक तथा कानुनि आधारहरुनै रुन्टीगढी गाँउपालिकाले निमार्ण गरेको पञ्चबर्षीय शैक्षिक योजनाका प्रमुख आधारहरु हुन् ।

शैक्षिक योजना निमार्ण आफैमा चुनौतिपुर्ण कार्य हो । सामाजिक, साँस्कृतिक, राजनैतिक तथा भौतिक विकासका लागि आवश्यक पर्ने सबै प्रकारका सिपयुक्त मानविय श्रोत उत्पादन र उचित परिचालन मार्फत समग्र राष्ट्र निमार्णको अभियानमा आम नागरिकहरुलाइ परिचालन गर्ने गहन जिम्मेवारी स्थानीय तहहरुमा बन्ने योजनाहरुले राखेका हुन्छन् । तर्सथ योजना निमार्ण कार्यमा स्थानीय सरकार, जनप्रतिनिधिहरु, शैक्षिक सरोकारवालाहरु र नागरिकहरुको सहभागीतालाइ सुनिश्चित गरिनुपर्दछ । यो योजना निमार्णको क्रममा पनि उल्लेखित चरणहरु पार गर्दा सशभागीतामुलक प्रकृयाले गरिएको छ । पहिलो चरणमा स्थानीय सरकार प्रमुख, सामाजिक विकास समीति, प्रशासकीय अधिकृत, शिक्षा तथा खेलकुद शाखा, योजना शाखा, सामुदायिक विद्यालयहरुका प्रधानअध्यापकहरु, विब्यवस अध्यक्षहरु र अन्य सरोकारवालाहरुसँग अर्न्तकृया, सहकार्य र समन्वय गरिएको थियो । दोस्रो चरणमा शिक्षा योजना निमार्णका लागि आवश्यक पर्ने अभिमुखिकरण, विषयगत प्राविधिक सहयोग, नियमित छलफल, तथा आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको ब्यवस्थापन गांउपालीकाको तर्फदेखि रहेको छ ।

## २.१.२ दीर्घकालीन सोच

रुन्टीगढी गाउँपालिकाले पंञ्चबर्षीय शैक्षिक योजना निमार्ण गर्दै गर्दा राष्ट्रले राखेको समृद्ध नेपाल, सुखी नेपाली भन्ने दिर्घकालीन सोचलाइ आधार बनाएको छ । त्यसै गरि १६ योजनाले राखेको स्वस्थ र सिपयुक्त मानविय पुँजी निमार्ण गर्ने लक्ष्यलाइ मुख्य आधारको रुपमा लिएको छ । त्यस्तै रुन्टीगढी गाँउपालिकाको पञ्चबर्षीय आवधिक योजना र विद्यालय शिक्षा क्षेत्र योजनालाइ समेत आधार मानि निम्नअनुसारको दिर्घकालिन सोच राखिएको छ ।

*“सामाजिक न्याय, आधुनिक, प्राविधिमैत्री गुणस्तरीय र रुपान्तरणकारि शिक्षामा प्राथमिकता,*

*सीपयुक्त जनशक्ति सहित स्वस्थ्य र उत्थानशिल समाज निमार्णमा रुन्टीगढीको प्रतिवद्धता,”*

**रुन्टीगढी गाँउपालिका शिक्षा योजनाको लक्ष्यः**

यस पञ्चबर्षीय शैक्षिक योजनाको लक्ष्य निर्धारण संघीय, प्रादेशिक, स्थानीय योजनाहरुको तर्फदेखि प्राप्त हुन आउने श्रोतहरुको अवस्था तथा स्थानीय स्तरमा श्रोतसाधनहरुको प्रयाप्तताको आधारमा निर्धारण गरिएको छ । कम्तिमा स्थानीय स्तरमा रहेका विद्यालयहरुले आफ्नो सक्षमतामा आधारित रही निम्न अनुसारको लक्ष्य प्राप्तिका लागि कार्यक्रमहरु कार्यन्वयन गर्नेछ ।

***बालमैत्रि, प्रविधिमैत्रि, अपाङ्गमैत्री सिकाइ बाताबरणको अभिवुद्धि गर्दै नविनतम शिक्षण विधि एवं जीवन पर्यन्त सिकाइ मार्फत गुणस्तरीय, सामाजिक न्यायमुलक वातावरणको सृजना गरि स्थानिय श्रोतसाधनको पहिचान र समुचित उपयोग गर्न सक्षम भएका सीप युक्त नागरिक तयार गर्ने।***

### २.१.३ उद्धेश्यहरु

सार्वजनिक शिक्षाको गुणस्तरीयता, पहुँच, समावेशिता र समता सहित सँस्थागता सक्षमतामा अभिबृधि गर्नु विद्यालय शिक्षा क्षेत्र योजनाको मुख्य उद्धेश्य रहेको छ। अर्कोतफ नेपाल अधिराज्यको संविधान २०७२ ले आधारभुत शिक्षा निशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निशुल्क प्रदान गर्ने उद्धेश्य राखेको छ । त्यस्तै १६ औ योजनाले शिक्षालाइ रुपान्तरणकारी नितिको आधारमा स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजीको निर्मामा जोड सहित शैक्षिक क्षेत्रमा सामाजिक न्यायको शिद्धान्तलाइ स्थापित गर्ने उल्लेख छ। दिएको छ। तसर्थ रुन्टीगढी गाँउपालीकाको पञ्चर्षीय शैक्षिक योजनाका प्रमुख उद्धेश्यहरु निम्नअनुसार रहेका छन्।

## २.१.४ समग्र शैक्षिक उद्धेश्यहरु

१. प्रारम्भिक बालविकासमा रहेको कुल भर्नादर १२० प्रतिशत र खुद भर्नादर ९४ प्रतिशतलाइ क्रमश १०० प्रतिशत र १०० पुगेको हुनेछ।
२. प्रत्येक तहमा खुदभर्नादरमा बृद्धि, विद्यालय छोड्ने र दोहोर्‍याउने दरमा कटौती, विद्यालय पुरागर्ने दरमा बृद्धि, र विद्यार्थीहरुको समग्र उपलब्धीमा बृद्धि गर्ने।
३. कक्ष १ मा हाल भएको कुल प्रवेशदर १०२ प्रतिशत र खुद प्रवेश दर ९२ प्रतिशतलाइ क्रमश कुल प्रवेशदरलाइ १०० प्रतिशत मा झार्ने र खुद प्रवेश दरलाई १०० प्रतिशत पुगेको हुनेछ।
४. कम्तिमा १ बर्षको प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना अभियान संचालन गर्ने।
५. कक्षा ३ र कक्षा ५ को सक्षमता परिक्षा वडा र कक्षा ८ को सक्षमता परिक्षाको ब्यवस्थापन गाउपालीकाले गरि उचित पुरस्कारको ब्यवस्थापन गर्ने।
६. शिक्षक ब्यवस्थापन, परिचालन तथा पेशागत विकासका लागि आवश्यक तालिम तथा अभिमुखिकरणहरु सँचालन गर्ने।
७. स्थानीय स्तरमा विषय विज्ञ रोष्टरको निर्माण, क्षमता विकास सहित आवश्यक अनुगमन तथा मुल्याँकनलाइ ब्यवस्थीत गर्ने।
८. पोषणयुक्त दिवाखाजा ब्यवस्थापनका लागि सबै विद्यालयहरुमा चमेना गृहको निमार्ण र सहयोगी कर्मचारीको ब्यवस्थापन गर्ने।
९. परिक्षा केन्द्र ब्यवस्थापनका लागि आवश्यक भौतिक संरचना निमार्ण
१०. प्ररम्भिक कक्षाहरुको सिकाइ अभिबृधि तथा ब्यवस्थापनका लागि आवश्यक पर्ने अध्ययन अनुसन्धान, तथा निरन्तर शैक्षिक परिक्षण गर्ने।
११. विद्यालय, समुदाय तथा परिवारलाइ समावेशी शिक्षा सम्बन्धि अभिमुखिकरण तथा सचेतनामुलक कार्यक्रमहरु सँचालन गर्ने।

१२. शारिरीक तथा बौद्धिक अपाँङगता भएका, लैङगीक अल्पसँख्यक तथा पछाडीपारिीका वर्ग क्षेत्रहरुको गुणस्तरीय शिक्षामा पहुँच अभिबृधिका लागि आवश्य पर्ने पुर्वाधार विकास तथा सामाजिक ब्यवहारमा परिर्वतन ल्याउने ।

१३. सामुदायिक सिकाइहरुको सक्षमतामा अभिबृद्धि गदै जिवन पर्यन्त सिकाइ र जिवनबृत्ति विकासका लागि परिचालन गर्ने ।

१४. आवासिय विद्यालय निमार्णका लागि आवश्यक श्रोतसाधनको ब्यवस्थापन र नक्साँकन गर्ने ।

१५. शैक्षिक योजनाको मध्याबधि कार्यन्वयन चरण सम्ममा कक्षा ८ को नतिजा ६५ प्रतिशत, कक्षा १० एसइइ नतिजा ७० प्रतिशत र कक्षा १२ को नतिजा ८० प्रतिशत पुर्‍याउने ।

१६. सबै तहका बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्दै गुणस्तरीय आधारभुत शिक्षा नि.शुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निशुल्क गराउने ।

१७. सक्षमतामा आधारीत पाठ्यक्रम कायन्वयनमा थप जोड दिने र विधार्थीहरुमा ब्यवहारकुशल सिप विकासलाइ अनिवार्यता गर्ने ।

१८. शैक्षिक योग्यता र सिपका आधारमा विद्यमान ऐन कानुनमा वाधा नपुग्ने गरि शिक्षण कार्य निरन्तरताका लागि आवश्यक जनशक्ति ब्यवस्थापन गर्ने ।

१९. उच्च शिक्षा अध्ययनका लागि पालिका स्तरमा आवश्यक शैक्षिक सस्था स्थापना गर्ने ।

२०. सुचना तथा प्रविधिको प्रयोगलाइ शैक्षणीक सिकाइसँग आन्तरिकीकरण गर्दै विद्यालय शिक्षालाइ प्रविधिमैत्रि सिकाइ बातावारणको निमार्ण गर्ने ।

२१. विद्यालय ब्यवस्थापन समिति तथा अभिभावक संघको क्षमता अभिबृधि सँगै अनुगमन तथा मुल्याँकनलाइ थप ब्यवस्थित गराउने ।

२२. जिवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षाकालागि आवश्यक पर्ने मानविय तथा आर्थिक स्रोतको ब्यवस्थापन तथा परिचालनमा जोड दिने ।

२३. विपद तथा महामारीमा सिकाइ निरन्तरताका लागि सिकाइ क्षती तथा आपुरण कार्यक्रमलाइ निरन्तररुपमा अगाडी बढाउने ।

२४. कक्षा ८  को वार्षीक परिक्षालाइ मर्यादीत बनाउने ।

२५. प्राविधिक शिक्षाका लागि आवश्यक पर्ने भौतिक, मानविय तथा आर्थिक ब्यवस्थापनलाइ थप ब्यवस्थित गर्ने ।

२६. नतिजाको आधारमा विद्यार्थीहरुलाइ विभिन्न विषयहरुमा उच्च शिक्षा अध्ययनका लागि आवश्यक छात्रबृतिको ब्यवस्थापन गर्ने ।

२७. कक्षा एस.इ.इ र एस.एल.सी उच्च नतिजा प्राप्त गर्ने विद्यार्थी, शिक्षक, विद्यालयहरुलाइ उचित पुरस्कारको ब्यवस्था गर्ने ।

## २.१.५ कार्यगत उद्धेश्यहरु प्राप्तिका लागि अपनाइने रणनिति

१. प्ररम्भिक वालविकासमा उपयुक्त उमेरमा नै बालबालिकाहरुको भर्नाका लागि शैक्षिक अभियान संचालन गर्ने ।

२. गुणस्तरीय आधारभुत तहको शिक्षा सम्पुर्ण वालबालिकाहरुलाइ निशुल्क र अनिवार्य गर्दै माध्यमिक तहको शिक्षालाइ क्रमशः निशुल्क र अनिवार्य गर्ने ।

३. माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुलाइ जिवनउपयोगी शिक्षाका लागि आवश्यक पर्ने मानविय र आर्थिक श्रोतको ब्यवस्थापन गर्ने । र कक्षा १० र १२ पछिका कम्तिमा ८ हप्तामा सिपयुक्त ब्यवसायिक तथा वृतिविकासका लागि तालिम प्रदान गर्ने ।

४. शिक्षकहरुको पेशागत विकासका लागि आवश्यक विषय विज्ञहरुको तयारी गर्ने ।

५. विद्यालय अनुगमन, मुल्याँकन तथा पृष्ठपोषणका कार्यक्रमहरु सँचालन गर्ने ।

६. स्थानीय समुदाय, अभिभावक, विद्यालय ब्यवस्थापन सिमिति, अभिभावक संघ तथा अन्य शैक्षिक सरोकारवालाहरुको सहभागीतामा तथा शैक्षिक क्षेत्रमा कार्यगर्ने सरकारी तथा गैरसरकारी सस्थाहरुसँग समन्वय गरि अभिभावक शिक्षा सँचालन गर्ने ।

७. स्थानीय स्तरमा रहेका आमासमुहहरु, सामुदयिक सिकाइ केन्द्रहरु, युवाक्लबहरु, बालक्लबहरु त्था अन्य समुहहरुसँग सहकार्य गर्दै अनौपचारिक तथा जिवनपर्यान्त शिक्षाका लागि आवश्यक पहल गर्ने ।

८. एकिकृत पाठ्यक्रम सम्बन्धि शिक्षक पेशागत विकास तालिम, कष्टमाइज तालिम तथा मोड्युलर तालिमहरु सँचालन गर्ने ।

९. सामुदायिक सिकाइ केन्द्रहरुको पुर्नब्ययवस्थापन गरि परिचालन गर्ने ।

१०. शिक्षक दरबन्दी र विद्यार्थीको समानुपातिक वितरण गर्ने ।

११. आवश्यकताको आधारमा बालविकास केन्द्र, आधारभुत विद्यालयहरु तथा माध्यमिक विद्यालयहरुको नक्शाँकन गरि पुर्नवितरण तथा समायोजन कार्यलाइ आगाडी बढाउने ।

१२. प्रारम्भिक कक्षाहरुलाइ छापामय तथा ब्यवस्थीत बनाउनका लागि स्थानीयतह, प्रदेश तथा संघीय तहदेखि अवश्यक आर्थिक तथा प्राविधिक सहयोगको ब्यवस्थापन गरिने छ । सरकारी तथा गैरसरकारी निकायहरुसँगको सहकार्य तथा समन्वयमा समेत यो कार्यक्रमलाइ अगाडी ढनउने ।

१३. विद्यालयहरुलाइ सुचनाप्रविधि सम्बन्धि आवश्यक ज्ञान सिप र दक्षताको विकासका लागि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सँचालन गर्ने ।

१४. संकटमा सिकाइका लागि आवश्यक सिकाइ क्षती आपुरण सम्बन्धि कार्यविधि निमार्ण, अभिमुखिकरण, विद्यालय ब्यवस्थापन समितिको परिचालन स्थानीय जनप्रतिनिधिहरुको सहभागीता तथा स्थानीय शिक्षा समित सँगको सहकार्यमा मन्त्रलायको अनलाइनमा राखिएका विभिन्न साधनहरुको प्रयोगको आधारमा स्थानीय निकायमा कार्यरत सँघसँस्थाहरुको सहकार्यमा कायक्रम सम्पपन्न गर्ने ।

१५. शारिरीक तथा बौद्धिक अपाँगता भएका बालबालिकाहरुको सिकाइ निरन्तरताका लागि विशेष्त तालिमहरुको ब्यवस्थापन गर्ने । तालिमको ब्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गर्ने ।

१६. विद्यालय तथा सिकाइ केन्द्रहरुमा महिला, बालबालिका तथा लैगिँक अल्पसँख्यकहरुको समान सहभागीताका लागि आवश्यक वातावरण तयार गर्ने ।

१७. स्थानीय तहमा नै उच्च शिक्षा तथा प्राविधिक शिक्षा प्रदान गर्नका लागि आवश्यक मानविय संसाधन विकास तथा भौतिक पुर्वाधार निमार्णका लागि आवश्यक सोचको तयारी गर्ने ।

**रुन्टीगढी गाउपालीका पञ्चबर्षीय शैक्षिक योजनाको मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्यहरु**

| क्र.स | सुचकहरु | आधार बर्ष, ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा ९ देखि १० कुलभर्ना दर | १०५.४ | १०४ | १०३ | १०२ | १०१ |
| २ | कक्षा ९ देखि १० खुदभर्ना दर | ७६.५ | ८० | ८५ | ९० | ९५ |
| ३ | कक्षा ९ देखि १२ को कुल भर्ना दर | ७७.४ | ७८ | ७९ | ८० | ८१ |
| ४ | कक्षा ९ देखि १२ को खुदभर्ना दर | ५४.२३ | ५५ | ५६ | ५७ | ५८ |
| ५ | कक्षा १० सम्मको टिकाउ दर | ३० | ३५ | ४० | ४५ | ५० |
| ६ | कक्षा १२ सम्मको टिकाउ दर | २१ | ३० | ३५ | ४० | ४५ |
| ७ | कक्षा १२ सम्म पुग्ने दर (उपयुक्त उमेर समुहको तुलनामा) | १९ | २५ | ३० | ३५ | ४० |
| ८ | स्थानीय तह देखि उच्च शिक्षा अध्ययन गर्न जाने दर | १५ | २० | २५ | ३० | ३५ |
| ९ | प्ररम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ भर्ना हुने वालबालिकाहरुको दर | ९६ | ९७ | ९८ | ९९ | १०० |
| १० | कक्षा १ देखि कक्षा ८ सम्म पुरागर्ने दर | ५५ | ६० | ६५ | ७० | ७५ |
| ११ | शिक्षण सिकाइमा संचार प्रविधिको पँहुच र प्रयोग | १५ | २५ | ३५ | ४५ | ५५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | कक्षा ८ मा न्युनतम सिकाइ सक्षमता | | | | | |
| १२.१ | नेपाली | ५३ | ५५ | ६० | ६५ | ७० |
| १२.२ | अँग्रेजी | ४२ | ४९ | ५४ | ५९ | ६४ |
| १२.३ | गणित | ४१ | ४६ | ५१ | ५६ | ६१ |
| १२.४ | विज्ञान | ४३ | ४८ | ५३ | ५८ | ६३ |
| १३ | बार्षीक सीप परिक्षण तथा प्रमाणीकरण | ३५ | ४० | ४५ | ५० | ५५ |
| १४ | प्रारम्भिक कक्षा पढाइ सीप परिक्षण (कक्षा ३) | ४० | ५० | ६० | ७० | ७५ |
| १५ | सिकाइ क्षती तथा आपुरण परिक्षण तथा कार्यन्वयन (कक्षा ३ देखि कक्षा ८) | ३० | ४० | ५५ | ७० | ८५ |
| १६ | नेपाली | ५३ | ५९ | ६५ | ७१ | ७७ |
| १६.१ | अँग्रेजी | ४० | ४७ | ५२ | ५७ | ६२ |
| १६.२ | गणित | ३९ | ४४ | ४९ | ५४ | ५९ |
| १६.३ | विज्ञान | ४१ | ४६ | ५१ | ५६ | ६१ |
| १७ | आधारभुत शिक्षा | | | | | |
| १८ | कक्षा १ मा कुल प्रवेश दर | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० |
| १९ | कक्षा १ मा खुद प्रवेश दर | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २० | कक्षा १ देखि ५ सम्म कुलभर्ना दर | ११९ | ११६ | ११३ | ११० | १०७ |
| २१ | कक्षा १ देखि ५ कक्षा सम्म खुदभर्ना दर | ९३.२ | ९५ | ९६ | ९७ | ९८ |
| २२ | कक्षा १ देखि ८ सम्म कुलभर्ना दर | १०९.३ | १०८ | १०६ | १०५ | १०४ |
| २३ | कक्षा १ देखि ८ कक्षा सम्म खुदभर्ना दर | ९१.२ | ९३ | ९५ | ९७ | ९८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | कक्षा ८ मा टिकाउ दर | ८५ | ८५.५ | ८६ | ८७ | ८८ |
| २५ | आधारभुत शिक्षाको तहपुरा गर्ने दर | ८७ | ८९ | ९१ | ९३ | ९५ |
| २६ | कक्षा १ देखि ८ सम्मको लैङगीक समता | ९७ | ९७.५ | ९८.५ | ९९ | १०० |
| २७ | ६ बर्ष भन्दा माथिको साक्षरता दर | ७८ | ८१ | ८५ | ९० | ९५ |
| २८ | १५ देखि २४ बर्ष सम्मको साक्षरता दर | ९१ | ९४ | ९६ | ९८ | १०० |
| २९ | १५ बर्ष माथिको साक्षरता दर | ७० | ७५ | ८० | ८५ | ९० |
| ३० | महिला शिक्षक प्रतिशत | ५३.१९ | ५३ | ५३ | ५३ | ५३ |
| | जम्मा महिला शिक्षक | २०० | २०० | २०० | २०० | २०० |
| ३१ | प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गरेका विद्यालय प्रतिशत | २८ | ३३ | ४० | ५० | ५४ |
| ३२ | प्रारम्भिक बालविकास | ४८ | ४९ | ५१ | ५३ | ५४ |
| ३३ | शिक्षाक्षेत्र योजना कार्यन्वयनका लागि बजेट | २५०००००० | २७५००००० | ३०००००००० | ३२५००००० | ३५०००००० |

स्रोत:EMIS/रुन्टिगढी गाउँपालिका शिक्षा शाखा र टुलकिट

शैक्षिक योजना कार्यन्वयन पश्चात निम्नअनुसारका उपलब्धिहरु प्राप्त हुनेछन् :

- ४ बर्ष उमेर पुगेका बालबालिकाहरु अनिवार्यरुपमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका हुनेछन् ।
- कक्षा १ मा भर्नाहुने १०० प्रतिशत बालबालिकाहरु एक बर्ष बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका हुनेछन् ।
- कक्षा १ को कुल प्रवेशदरमा खुद प्रवेहदर सुधार आइ १०० प्रतिशत पुगेको हुनेछ ।
- तहगत खुदभर्ना दरमा १०० प्रतिशत पुगेको हुनेछ ।
- प्रारम्भिक कक्षा १ देखि ३ मा अध्यापन गराउने शिक्षकहरु पुणरुपमा तालिम प्राप्त भएका हुनेछन् ।

- कक्षाकोठामा समावेशी शिक्षाको अवधारण लागुभएको हुनेछ । महिला, अपाँगता भएका समुदाय, लैगिँक अल्पसँख्यक लगायतका सिमान्तकृत समुदायको विद्यालय शिक्षामा पहुँच पुगेको हुनेछ ।
- कक्षाकोठामा निरन्तरमुल्याँकन तथा शैक्षिक परिक्षणहरु नियमित रुपमा भएको हुनेछ ।
- सिकाइ क्षती तथा आपुरण अभियानले नियमितता प्राप्त गरेको हुनेछ ।
- विद्यार्थी सँख्याको आधारमा शिक्षकहरुको व्यवस्थापन तथा विद्यालय समायोजन भएको हुनेछ ।
- कक्षा ३, ५, ८ र कक्षा १० का विद्यार्थीहरुको अर्धबार्षिक रुपमा उपलब्धी परिक्षा नियमित रुपमा भएको हुनेछ ।
- कक्षा १० र कक्षा १२ का विद्यार्थीहरुको बार्षिक नतिजामा १५ प्रतिशतले बृद्धि भएको हुनेछ ।
- प्राविधिक शिक्षा तर्फ आवश्यक स्रोतसाधनहरुको व्यवस्थापन भइ स्थानीय तहमा नै प्राविधिक शिक्षालाइ सौलियत लागतमा अध्यापन गर्ने अवसर प्राप्त भएको हुनेछ ।
- कक्षा १० र १२ को अन्तिम परिक्षा तयारीका लागि आवश्यक पर्ने विशेष तयारी कक्षा तथा छात्रवासको व्यवस्थापन भएको हुनेछ ।
- १०० प्रतिशत प्रारम्भिक बालकक्षाका सहजकर्ताहरुले पुर्ण स्तरको तालिम प्राप्त गरेका हुनेछन् ।
- कामको आधारमा कम्तिमा ५/५ जना शिक्षक तथा प्र.अहरुले .बार्षिक रुपमा प्रोत्साहन, उत्प्रेरणा र सम्मान प्राप्त गरेका हुनेछन् ।
- उत्कृष्ट नतिजा प्राप्त गर्न सक्ने बार्षिक रुपमा ३/३ विद्यालय, शिक्षक, विद्यार्थी तथा व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु सम्मानीत भएका हुनेछन् ।
- कक्षा १ देखि ३ को एकिकृत पाठ्यक्रम पुर्णस्तरमा कार्यन्वयन भएको हुनेछ ।

स्थानीय तहमा शिक्षक पेशागत सहयोग, अनुगमन तथा मुल्याँकन, मेन्टरीङका लागि शिक्षा शाखाको दक्षतामा अभिबृधि भएको हुनेछ ।

# परिच्छेद- ३ शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठैं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित

प्रारम्भिक बालविकास कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ, पहुँचयोग्य, समावेशी, र गुणस्तरीय बनाउनु आवश्यक छ । यसै कुरालाई मध्यनजर गरेर रुन्टीगढी गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

## ३.१.१ वर्तमान अवस्था

रुन्टीगढी गाउँपालिकामा हाल ५१ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । जस मध्ये ४८वटा सामुदायिक विद्यालयमा आधारीत र ३ वटा निजि श्रोतका विद्यालयहरुमा आधारीत छन् । सामुदायिक र निजि विद्यालयहरुमा ४५८ जना बालबालिकाहरु अध्ययनरत छन् । जसमध्य जम्मा १६४ जना सामुदायिक विद्यालयहरुमा र २९४ जना निजि श्रोतका विद्यालयहरुमा अध्ययनरत छन् । अहिलेकै अवस्थामा कम्तिमा ३६ प्रतिशत भन्दा बढी बालबालिकाहरु सामुदायिक विद्यालयहरुमा आधारीत प्रारम्भिक बालविकास केन्द्रहरुमा रहेका छन् । तथ्याँकहरुलाइ विश्लेषण गर्दा समाजमा पछाडी पारिएका वर्ग, क्षेत्र र समुदायका मानिसहरुका बालबालिकाहरु अधिकांस सामुदायिक विद्यालयमा अध्ययन गर्दछन् । तर्सथ सामुदायिक बिद्यालयका बालविकास केन्द्रहरुमा समावेशी शिक्षा र गुणस्तरीय सिकाइको अति जरुरी देखिन्छ । सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरु बालमैत्री र अपाङ्गतामैत्री नभएको अवस्था छ । भने बालबालिकाहरुका लागि सिकाइका लागि आवश्यक पर्ने शैक्षिक र सर्न्दभ सामाग्रीहरुको उपलब्धताको अवस्था कमजोर रहेको छ । प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुको योग्यता, क्षमता र न्यूनतम पारिश्रमीकको व्यवस्थापनले बालबालिकाहरुको गुणस्तरी सिकाइमा असर पारेको देखिन्छ । भौगोलिक समस्या र दुरीका कारण कतिपय बालबालीकाहरु विद्यालय जान नसकेको पनि पाइन्छ ।

तालिका नं. २५

| समस्याहरु | कारणहरु | असरहरु |
|---|---|---|
| • निर्धारित शैक्षिक उपलब्धी विना कक्षा चढाउने गरिएको ।<br>• दक्ष जनशक्तिको अभाव ।<br>• शैशिक गुणस्तर मा कमि ।<br>• बालबलिकाले कक्षा दोहोर्‍याउनु<br>• उपयुक्त कक्षा कोठाको अभाब<br>• घर देखि विद्यालयको दुरी टाढा<br>• बाल मैत्रि तथा सिकाई सामाग्री सहितको कक्षाकोठा नहुनु ।<br>• सहजकर्तालाइ आवश्यक | • परिवरको न्युन आर्थिक उपार्जन तथा शिक्षामा प्रयाप्त लागनी गर्न नसक्नु ।<br>• अभिभावक शिक्षाको कमि<br>• घरदेखि विद्यालय सम्मको दुरी बढी र भौगोलिक विकटता<br>• बाल मैत्रि वातावरण नहुनु<br>• बालबालिकाहरु दैनिक उपस्थिती नहुनु<br>• बालबालिकाहरुमा स्थायी तथा दिगो सिकाई गराउनु नसक्नु ।<br>• शैक्षणीक सिकाइका लागि | • माथिल्लो कक्षामा बढि उमेरका विद्यार्थीहरुको सँख्यामा बृद्धि हुनु ।<br>• माथिल्ला कक्षाहरु पुरा गर्ने विद्यार्थीहरुको सँख्यामा कमी आउनु ।<br>• माथिल्ला कक्षाहरुमा अपेक्षित शिकाई उपलब्धी हाँसील हुन नसक्नु ।<br>• अभिभावकहरु बोर्डिङ स्कुल तिर आकर्षित हुनु<br>• भौतिक समस्याका |

| | | |
|---|---|---|
| तालिमको ब्यवस्था नहुनु ।<br>• कक्षाकोठाहरु छापामय नहुनु ।<br>• प्रारम्भिक बालकक्षाहरुलाइ हेर्ने दृष्किोणमा कमजोरी ।<br>• खुद भर्ना दरमा कमी हुनु ।<br>• अभिभावकको सहभागीता र परिचालनमा कमी । | कक्षा कोठामा शैक्षिक सामाग्रिको अभाव ।<br>• पाठ्यक्रममा आधारित योजनावद्ध शिक्षणमा कमी हुनु<br>• श्रोतसाधन वितरण तथा व्यवस्थापनमा असमानता पहुच र भनसुन सँस्कृतिको विकास ।<br>• सामुदायिक स्तरदेखि जनश्रमदानमा कमी । | कारण बालबालीकाको सिकाईमा नकारात्मक असर परी सिकाई उपलब्धी कमजोर हुनु ।<br>• समाजमा बालविवाह बृद्धि भएर जानु । |

## ३.१.२ उद्धेश्यहरु

१. प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुको सामाजिक, संवेगात्मक, शारीरीक, नैतिक र सृजनात्मक विकास गर्नेगरी प्रारम्भिक बालविकास केन्द्रहरुलाइ सललीकरण गर्ने ।
२. चार वर्षको उमेर समूहका सबै बालबालिकालाई १ वर्षको प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको अनुभव सहित कक्षा १ भर्ना हुने अवस्था अनिवार्य सृजना गर्ने ।
३. विद्यालयमा बाल मैत्री वातावरण सिर्जना गरी समतामुलक शिक्षा प्रदान गर्नु ।
४. प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुको स्वास्थ्य र पोषणमा अभिबृधि गर्नका लागि द्धिमासीक रुपमा नियमित स्वास्थ्यजाँच गर्ने ।
५. प्रारम्भिक बालविकास केन्द्रहरुलाइ अनिवार्य छापामय, सर्न्दभ सामग्री र शैक्षणीक सामग्री युक्त कक्षा कोठामा विकसीत गर्ने ।
६. सामाजिक विकृतिको रुपमा रहेको बालविवाहालाइ निरुत्साहीत गर्ने ।
७. कक्षाकोठाहरु बालमैत्री, लैङगीकमैत्री, र समावेशी बनाउने ।
८. प्रत्येक बालबालिकाहरुको ब्यक्तिगत कार्यसंचयीका निमार्ण गरि निरन्तर सिकाइका लागि अभिभावक सहभागीता र परिचालन गर्ने ।

## ३.१.३ रणनीति

१. बालबालिकाहरुको सामाजिक, संवेगात्मक, शारिरिक र सृजनात्मक विकासका लागि बालबालिकाहरुलाइ स्थानीय विषादी रहित दिवाखाजाको ब्ययस्था गर्ने ।
२. कक्षाकोठाहरुलाई छापामय बनाउनका लागि स्थानीय तह, सरकारी तथा गैरसरकारी सँस्थाहरु, विब्यस, शिक्षक अभिभावक संघ, अभिभावक, र स्थानीय शैक्षिक सरोकारवालाहरुसँग समन्वय गरि श्रोत ब्यवस्थापन गर्ने ।

३. बालविवाहका नकारात्मक असरहरुको बारेमा समुदायमा जनचेतना फैलाउनका लागि स्थानीय बाल क्लब, आमा समुह तथा किशोरी समुहहरुको गठन तथा परिचालन गर्ने ।
४. शैक्षणीक सिकाइ प्रकृयामा प्रयोग हुने शैक्षिक सन्दर्भ सामग्रीहरुको विकासका लागि स्थानीय तह, अभिभावक, शिक्षक र अन्य सरोकारवालाहरुको परिचालन गर्ने ।
५. बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी खुद भर्ना दर १०० प्रतिशत सहित ४ बर्ष पुगेकासबै बालबालिकाहरुलाइ अनिवार्य रूपमा प्रारम्भिक वालविकासको पहुँचमा ल्याउने ।
६. बालबगैंचा निर्माण गरी हरित विद्यालयको अवधारणा अनुरुप विद्यालय वातावरणलाइ सफा, सुन्दर र हरियाली युक्त गराउने ।
७. विद्यालयमा निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई बालमैत्री, अपाङ्गमैत्री र विपद्मा सिकाइ निरन्तरता सहित विपद प्रतिरोधी बनाउर्ने ।

## ३.१.४ कार्यनीतिहरु

१. पोषणयुक्त खाद्धपर्दाथ र परिकार निमार्ण सम्बन्धि अभिभावक शिक्षा संचालन गर्ने ।
२. छापामय कक्षाकोठा निमार्ण गर्नका लागि स्थानीय तह र सरकारी गैरसरकारी सँस्थाहरुको तर्फदेखि आर्थिक तथा प्राविधिक सहयोग तथा अभिभावकहरुको तर्फदेखि स्वयमसेवकिय सेवा लिने ।
३. स्थानीय स्तरमा शैक्षणीक तथा सन्दर्भ सामग्रीहरु निमार्णका लागि आवश्यक शैक्षिक तालिमको व्यवस्था गर्ने ।
४. प्रारम्भिक बालविकास केन्द्रहरुमा ४ बर्ष उमेर पुगेका बालबालिकाहरुको भर्नाका लागि अभिभावक सचेतना कार्यक्रमहरु सँचालन गर्ने ।
५. बालबालिकाहरुको शारिरिक तथा भौतिक विकाससँगै निरन्तर सिकाइका लागि खेलसामग्रीहरुको व्यवस्थापन गर्ने ।
६. बालसहजकर्ताहरुको बृति विकास तथा उत्प्रेरणाकालागि प्रोत्साहान भत्ता प्रदान गर्ने ।
७. स्थानीय स्वास्थ्य चौकीसँगको समन्वयमा बालबालिकाहरुको नियमित स्वास्थ्य जाँच गर्ने।
८. बालमैत्री र अपाँङगतामैत्री भौतिक संरचनाको निमार्ण गर्ने ।
९. एक बालविकास एक पढाइ कुना अनिवार्य गर्ने ।
१०. वाल सकजकर्ताका लागि आवश्यक तालिम तजा पुर्नताजगी तालिमको व्यवस्था गर्ने
११. प्रत्येक विद्याथीहरुको व्यक्तिगत फाइल तयार गरि व्यवस्थीत गर्ने ।

## ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- पालीकामा रहेका सम्पुर्ण प्रारम्भिक बालविकास केन्द्रहरु न्युनतम मापदण्ड पुरागरेका हुनेछन ।

- सबै बालबालिकाहरुले सामाजिक, संवेगात्मक, शारिरीक तथा सृजनात्मक सिकाइका लागि समतामुलक, समावेशी र गुणस्तरी सिकाइ प्राप्त गरि प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

## नतिजा

| क.स | सूचकहरु | आधारबर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिकाहरुको ब्यक्तिगत फाइल भएका विद्यार्थी सँख्या | १७५ | २९५ | ३९५ | ५९५ | ८९५ |
| २ | प्रारम्भिक बालविकासमा कुल भर्ना दर | १०२ | १०१ | १०० | १०० | १०० |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्ना दर | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ४ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ५ | प्रारम्भिक बालविकासमा लैङगीक समता | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० |
| ६ | प्रारम्भिक बालविकासमा सर्न्दभ र बालसामग्रीहरु | ४० | ५० | ७५ | सबैमा | सबैमा |
| ७ | प्रारम्भिक बालविकासमा शिक्षक निर्देर्शीका | ३५ | ५० | सबैमा | सबैमा | सबैमा |

## ३.१.६ मुख्य कृयाकलाप र लक्ष्य

| क.स | कार्यक्रम | इकाइ | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा स्वास्थ्य सम्बन्धी पोषणयुक्त खाजा तयारी सम्बन्धि तालिम | विद्यालय संख्या | २५ | ५० | ७५ | १०० | १०० | १०० |
| २ | छापामय कक्षाकोठा र पढाइ कुना निमार्णका लागि तालिम | विद्यालय संख्या | २८ | ३५ | ४० | सबैमा | सबैमा | सबैमा |
| ३ | सहजकर्ताको क्षमता विकास तालिम | शिक्षक संख्या | ३५ | ५० | ७५ | सबैमा | सबैमा | सबैमा |
| ४ | बालबालिकाहरुको स्वास्थ्य नियमित स्वास्थ्य जाँच | बालबालिका संख्या | २५० | ५०० | ७५० | सबैमा | सबैमा | सबैमा |
| ५ | शैक्षणीक र सन्दंभ सामग्री निमार्णका लागि तालिम | शिक्षक संख्या | १० | ३५ | ४५ | ५० | ५४ | १००% |
| ६ | प्रारम्भिक बालविकासमा भर्ना अभियान संचालन | ियमित भर्ना अभियान | निरन्तर संचालन | निरन्तर संचाल | निरन्तर संचाल | निरन्तर संचाल | निरन्तर संचाल | निरन्तर संचाल |
| ७ | खेल सामग्री निमार्ण तथा खरिद | संख्या | १३ | २४ | ३५ | ४५ | ५४ | सबै |
| ८ | सबै बालबालिकाहरुको ब्यक्तिगत फाइल निमार्ण तथा हस्तान्तरण | बालबालिका संख्या | | २९० | ३०० | ३५० | ८५० | सबैमा पुरा गर्ने |
| ९ | अभिभावक शिक्षा सम्बन्धि आधारभ'त तालिम | सहजकर्ता | ३५ | ५० | ७५ | सबैमा | सबैमा | सबैमा |
| १० | बाल विकास शिक्षकलाई प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड कार्यान्वयन सम्बन्धि १० दिने तालिम | बालबिकास | ० | २५ | २३ | ० | ० | ० |
| ११ | शिक्षकहरुको निरन्तर सिप विकास तथा समस्या समाधानका | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि ECD in action/Mobile meeting | | | | | | | |
| १२ | स्थानिय तह तथा वडा स्तरमा प्रारम्भिक बाल विकास समिति गठन तथा परिचालन | बालबिकास | ० | २५ | २३ | ० | ० | ० |
| १३ | विद्यालयमा तौल मेसिन खरिद तथा नियमित तौल जाँच | बालबिकास | ० | २५ | २३ | ० | ० | ० |

## ३.२ आधारभुत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १–८ लाई आधारभूत शिक्षा र कक्षा ९–१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएकोछ । प्रारम्भिक कक्षाहरुमा बालबालिकाहरुले पढ्नका लागि सिकाइ गर्दछन् । प्रारम्भिक कक्षा १ देखि ३ कक्षाहरु जति अर्थपुण पढाइ र सिकाइ गरउन सकियो माथिल्ला कक्षाहरुमा त्यतिमात्रामा गुणस्तरीय सिकाइ हुन जान्छ । यिनै आधारभूत तहहरुमा गरिने ब्यवहारीक सिकाइका आधारमा व्यक्तिले समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । नेपालको अधिराज्यको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तरगत राखिएको छ । गुणस्तरीय आधारभूत शिक्षाले विश्वमा वढीरहेको गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप र सिकाइ हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि रुन्टीगढी गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरू समावेश गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

रुन्टीगढी गाउँपालिका भित्र हाल कक्षा १–५ सञ्चालित ५४ वटा र कक्षा १–८ सञ्चालित १९ वटा विद्यालयहरु, कक्षा १ देखि १० सम्म संचालित ९ वटा र कक्षा १ देखि १२ कक्षा सम्म संचालित ३ वटा गरी जम्मा विद्यालयहरूको संख्या ५४ वटा रहेको छ । भने ३ वटा संस्थागन विद्यालय र ४८ वटा प्रारम्भिक बालविकास केन्द्र संचालित रहेका छन् । आधारभुत  तहमा जम्मा ४७७२ जना

विद्यार्थीहरू अध्ययनरत छन् । यी आधारभूत विद्यालयहरू जम्मा२८० जना शिक्षकहरू कार्यरत छन् । यसरी शिक्षक विद्यार्थीको अनुपान १ शिक्षक बराबर १७.०५ जना विद्यार्थी पर्न आउँछ । जसले शिक्षक र विद्यार्थीहरुको अनुपात अलि नमिलेको देखिन्छ । केहि विद्यालयहरुमा कम विद्यार्थी धेरै शिक्षक र केहि विद्यालयहरुमा धेरै विद्यार्थी कम शिक्षकको अवस्था रहेको छ ।

**तालिका नं.३.२**

| समस्या | कारण | असर |
|---|---|---|
| • आधारभुत तहमा सिकाइ उपलब्धीमा कमि ।<br>• शैक्षिक उपलब्धी र सिकाई वातावरण विच सहसम्बन्ध हुन नसक्नु ।<br>• दक्ष जनशक्तिको उचित प्रयोगमा अभाव र आवश्यक जनशक्ति निमार्णमा अभाव ।<br>• बालमैत्रि तथा अपाङ्ग मैत्रि भौतिक पुर्वाधारको कमि ।<br>• कमजोर विद्यार्थी मुल्याँकन पद्धती ।<br>• बार्षिक, अर्धबार्षिक र पाठगत योजना निमार्ण सार्न्दभिक र समयसापेक्ष नहुनु | • पाठ्यक्रम अनुसार शिक्षण नहुनु<br>• दक्ष जनशक्ति निमार्णका लागि आवश्यक तालिम तथा पुर्नताजगी तालिम ब्यवस्थापन गर्न नसक्नु ।<br>• आन्तरिक तथा वहिय श्रोतको अभाव ।<br>• पाठ्यक्रमले निर्दीष्ठ गरेका मुल्याँकन पद्धतीहरुलाइ कक्षाकोठामा कार्यान्वयन नगर्नू ।<br>• मोवाइलको दुरुपयोग ।<br>• शिक्षक, विद्यार्थी, अभिभावक त्रिपक्षिय अन्तर सम्वन्ध न्युन हुनु<br>• अभिभावक शिक्षाको कमि ।<br>• शिक्षक विद्यार्थीको उपस्थीति कमजोर ।<br>• प्रश्नहरुका निमार्ण गर्दा विशिष्टीकरण तालिकाको प्रयोगमा कमी । | • दक्ष जनशक्ति उत्पादनमा कमी आउनु ।<br>• विद्यार्थीहरुको कमजोर सिकाइ उपलब्धी र नतिजा परिणाममुखि नहुनु ।<br>• सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको लगाव कम हुदै जानु ।<br>• शिक्षण सिकाई कृयाकलाप प्रभावकारि नहुनु ।<br>• कमजोर तहगत शैक्षिक उपलब्धी आउनु ।<br>• विद्यार्थीहरुको कक्षा छोड्ने दरमा बृद्धि भएर जानु ।<br>• युवाहरुमा कुलत, कुसस्कार तथा दरब्यवसनी बढ्नु ।<br>• अभिभावकहरु सँस्थागत विद्यालय तर्फ आकर्षित हुनु ।<br>• गुणस्तरीय शिक्षाको लागि स्थानीयतहमा बसाइसराइ हुनु |

## ३.२.३ उद्धेश्यहरु

१. कक्षा १ देखि ८ सम्मको कुल भर्ना दर १०९.३ देखि १०० झार्ने र खुद भर्नादर ९३.२ देखि १०० मा पुगेको हुनेछ र कक्षा १ देखि ५ कक्षाको खुद भर्नादर ९३.२ प्रतिशत देखि १०० प्रतिशतमा पुगेको हुनेछ ॥

२. कक्षा ६ देखि ८ सम्मको कुल भर्नादर १०८.७ देखि १०० मा झार्ने र खुद भर्नादर ९४.१ देखि १०० पुगेको हुनेछ ।

३. आधारभुत तहको शिक्षालाई निशुल्क र अनिवार्य बनाई सबै बालबालीकाको समावेशी पहुच शुनिश्चित गरी गुणस्तरिय शिक्षाको सुनिश्चित गर्नु ।

४. संकट पुर्ण तथा महामारिको अवस्थामा पनि बालबालीकाको शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चित संगै सिकाइ क्षती आपुरणका लागि निरन्तर मुल्याँकन र परिक्षण गरि सिकाइमा द्रुतगति प्रदान गर्ने ।

५. ५–१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गरिनेछ ।

६. कक्षा १ देखि ३ अध्यापन गराउने शिक्षकहरु एकिकृत पाठ्यक्रमको बारेमा पुर्णरुपमा तालिम प्राप्त हुनेछन् ।

७. आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्नै ।

८. कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा निशुल्क र अनिवार्य रूपमा पूरा गरइनेछ ।

## ३.२.४ रणनीति

१. विद्यालय शिक्षाको आधारका रुपमा आधारभूत तहको शिक्षालाई निशुल्क र अनिवार्य बनाउनका लागि आवश्यक पर्ने केन्द्रिय, प्रादेशिक र स्थानीय तहबाट प्राप्त हुने अनुदान, छात्रबृति तथा अन्य सेवासुविधको पारर्दशी कार्यन्वयनमा जोड दिँदै गुणस्तरीय आधारभुत शिक्षामा सबै वर्ग, समुदाय, अल्पसँख्यक, र अपाँङगता भएका बालवालिकाहरुको समतमुलक समावेशी पहुँच सुनिश्चित गर्ने ।

२. छात्रा, दलित, विपन्न, सीमान्तकृत, अनाथ तथा अपाङ्गता भएका विद्यार्थी पहिचान गरी आवश्यकताको आधारमा स्थानीय छात्रवृत्तिको व्यवस्था गर्ने

३. प्रारम्भिक कक्षा सिकाइका लागि आवश्यक पर्ने शैक्षिक गतिविधिहरु समावेश गरि पालिका, वडा तथा विद्यालयतहमा शैक्षणीक कृयाकलापहरु संचालन गर्ने ।

४. एकिकृत पाठ्यक्रमको कार्यन्वयनका लागि आवष्यक पर्ने कस्टमाइज तालिम, मोड्युलर तालिम तथा शिक्षक पेशागत तालिमहरु संचालन गरि विद्यार्थीहरुको गुणस्तरी शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्ने ।

५. विद्यार्थी सँख्याको आधारमा शिक्षक दरबन्दीको ब्यवस्थापन र पुर्नवितरण गर्ने

६. शिक्षक र विद्यार्थीहरुको विचमा सदनात्मक, तहगत प्रतियोगितात्मक शैक्षिक मेलाहरुको ब्यवस्थापन गरि घुम्ती परियोजनाको रुपमा संचालन गर्ने ।

७. विद्याथी तथा शिक्षकहरुको बिचमा स्व-अध्ययन र स्व मूल्याङ्कन पद्धतिको विकास गरि आधारभुत शिक्षाको अध्ययन, अध्यापन र मुल्याँकन पद्धतीलाइ पाठ्यक्रम अनुरुप कार्यन्वयन गर्ने ।

८. साप्ताहीक रुपमा झोला विनाको सिकाइ कार्यक्रमलाइ अवलम्बन गरि खेलकुद, व्यायाम, कला, सँस्कृति, क्षेत्रगत प्रतियोगीता, स्थलगत भ्रमण र अनुसन्धान, साहित्यीक कार्यक्रम, र विधागत हाजीरीजवाफ लगायतका शैक्षणीक सिकाइका लागि विद्यार्थी र शिक्षकहरुलाइ परिचानल गर्ने ।

९. शैक्षणीक कृयाकलाहरुमा प्रविधि प्रयोगलाइ सहज बनाइ डीजीटल सिकाइ मार्फत शैक्षणीक कृयाकलापहरु गर्नका लागि आवश्यक सामग्री ब्यवस्थापन तथा तालिम प्रदान गर्ने ।

१०. प्रारम्भिक कक्षा १ देखि कक्षा ३ सम्म क्रमश : आन्तरिक मुल्याँकन प्रणालीको अबलम्बन, रुब्रीक्सको आधारमा शैक्षणीक योजना र निरन्तररुपमा कक्षाकोठामा आधारीत परिक्षणहरुको संचालन सहित कक्षा शिक्षण संचालनका लागि उत्प्रेति गर्ने ।

११. स्थानीय चालचलन, सामाजिक साँस्कृतिक मुल्यमान्यता, उत्पादन, प्राकृतिक श्रोत र स्थानीय ब्यक्तित्वहरुको बारेमा जानकारी सहित स्थानीय पाठ्यक्रम निर्माण गरि कक्षा ८ सम्म लागुगर्ने ।

१२. विषयगत र क्षेत्रगत रुपमा शैक्षिक सिकाइ केन्द्रहरु, शिक्षक संजालहरु त्था विद्यार्थी ज्ञान आदान प्रदान केन्द्रहरुको निमार्ण तथा परिचालन गरि शिक्षकहरुको पेशागत विकास र विद्यार्थीहरुको गुणस्तरीय सिकाइमा सहयोग पुर्‍याउने ।

१३. एक पाठ, एक शैक्षणीक योजना भन्ने नारा सहित विद्यालय प्रवेशलाइ अभिन्न अंगको रुपमा विकास गरि कार्यन्वयनमा लैजाने ।

१४. गाउपालीका, स्थानीय लिडर विद्यालय, सामुदायिक सिकाइकेन्द्र र शैक्षिक विज्ञहरुको सहयोगमा अभिभावक शिक्षा सँचालन गर्ने ।

## ३.२.५ कार्यनीति

१. केन्द्रीय र प्रादेशिक छात्रबृतिको आधारमा स्थानीय बार्षिक छात्रवृति वितरणको योजना बनाइ कार्यन्वयन गर्ने ।

२. पाठ योजना निमार्णका लागि आवश्यक क्षमता अभिबृतिका लागि मोडुलर तालिमको ब्यवस्थालाइ कार्यन्वयन गर्ने ।

३. लिडर विद्यालयको नेतृत्वमा अभिभावक शिक्षा संचालन गर्ने ।

४. क्लष्टर लेवलमा शिक्षक तथा विद्यार्थी सिकाइ समुह निमार्ण गर्ने ।

५. स्थानीय पाठ्यक्रम निमार्ण तथा कार्यन्वयन गर्ने ।

६. प्रारम्भिककक्षाहरुमा कक्षा शिक्षण संचालन गनर्का लागि आवश्यक जनशक्तिको निमार्ण गर्ने ।

७. प्रारम्भिक कक्षा सिकाइ र पठन सिप विकासका लागि साप्ताहिक रुपमा पठन र लेखन प्रतियोगीताहरु संचालन गर्ने ।

८. साप्ताहिक र मासीक रुपमा निरन्तर मुल्याँकन पद्धती अपनाइ आवश्यकताको आधारमा थप सहायता कक्षाहरु संचालन गर्ने ।

९. एक घर एक पढाइकुनाको ब्यवस्थापनका लागि अभिभावक सचेतिकरण कार्यक्रम गर्ने ।

१०. एकिकृत पाठ्यक्रम सम्बन्धि पुर्नताजगी तालिमहरु आयोजना गर्ने ।

११.बालस्वस्थ्य र पोषणका लागि विद्यालयमा नियमित रुपमा स्वास्थ्य शिवीरहरु संचालन गर्ने ।

## ३.२.६ प्रमुख उपलब्धि र नतिजा

### उपलब्धि

१. प्रारम्भिक कक्षाहरुमा कक्षा शिक्षण लागुभइ कक्षा कोठा भित्र पाठयोजना अनुरुपको कक्षा संचालन भएको हुनेछ ।
२. सबै वर्गक्षेत्र, समुदाय, अल्पसँख्यक, किशोरी, अपाँङगता भएका बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच अभिबृद्धि भएको हुनेछ ।
३. कक्षागत रुपमा रुपमा निरन्तर मुल्याँकन तथा परिक्षणहरु नियमित रुपमा सम्पन्न भएका हुनेछन् ।
४. कक्षा १ मा भर्ना भएका बालबालिकाहरु कम्तिमा ९० प्रतिशत कक्षा ८ पास गर्नेछन् ।

### नतिजा

| क.स | सुचक | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा खुद प्रवेश दर | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| २ | कक्षा १ देख ५ मा कुल भर्ना दर | ११९ | ११६ | ११३ | ११० | १०७ |
| ३ | कक्षा १ देखि ५मा खुद भर्ना दर | ९३.२ | ९५ | ९६ | ९७ | ९८ |
| ४ | कक्षा १ देखि ८ मा कुल भर्ना दर | १०९.३ | १०८ | १०६ | १०५ | १०४ |
| ५ | कक्षा १ देखि ८ मा खुद भर्ना दर | ९३.२ | ९३ | ९५ | ९७ | ९८ |
| ६ | एकिकृत पाठ्यक्रम सम्बन्धि तालिम प्राप्त शिक्षक | १५ | २५ | ५० | ७५ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | प्ररम्भिक कक्षा सिकाइका लागि सर्न्दभ सामग्री | २५ | ५० | ७५ | ९० | १०० |
| ८ | शिक्षकहरुका लागि शिक्षक निर्देशिका | ५० | ७५ | ९० | १०० | १०० |
| ९ | स्थानयि पाठ्यक्रम निमार्ण र कार्यन्वयन | सम्पन्न गरि लागु भएको हुनेछ | | | | |
| १० | पाठयोजना निमार्ण र कार्यन्वयन | २५ | ७५ | ९० | १०० | १०० |
| ११ | मासिक मुल्याँकन र थप सहयोग | ५० | ७५ | ९० | १०० | १०० |
| १२ | उत्कृष्ट विद्यार्थी तथा शिक्षक प्रोत्साहान | २० | ५० | ७५ | ९० | १०० |

## ३.२.७ मुख्य कृयाकलाप, उपलब्धि र लक्ष्य

| क्र.स. | कार्यक्रमहरु | मुख्य उपलब्धि | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आधार बर्ष०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | लक्ष्य |
| १ | सम्पुर्ण विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन | २५ | ३५ | ६० | ९० | १०० | १००% |
| २ | पोषणयुक्त दिवा खाजा व्यवस्थापन | सबैमा नियमित | सबैमा नियमित | सबैमा नियमित | सबैमा नियमित | सबैमा नियमित | १००% |
| ३ | कक्षा १ -५मा स्मार्ट टेलिभिजनको व्यवस्था | २ | १२ | २० | ३५ | ४५ | ९०% |
| ४ | आधारभूत शिक्षक तालिमको व्यवस्था | २५ | ३० | ४० | ४५ | ५४ | १००% |
| ५ | वि.व्य.स. तालिमको व्यवस्था | २० | २५ | ३० | ४० | ५४ | १००% |
| ६ | स्थानीय पाठ्यक्रम निर्माण/ प्रबोधीकरण | | सबै विद्यालयमा | | | | |
| ७ | बालमैत्री वडा घोषणा कार्यक्रम बालक्लब व्यवस्थापन | ० | २ | ४ | ६ | ९ | ९ |
| ८ | अन्तर विद्यालय अनुभव आदानप्रदान | १ | २५ | ३० | ४० | ५४ | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम (प्रत्येक विद्यालय नछुटाइ) | | | | | | |
| ९ | अतिरिक्त क्रियाकलाप प्रतियोगीता | साप्ताहिक | साप्ताहिक | साप्ताहिक | साप्ताहिक | साप्ताहिक | नियमित |
| १० | पुस्तकालय तथा बुक कर्नर व्यवस्था | २५ | ३० | ४० | ५४ | ५४ | १००% |
| ११ | अन्तर वडा र पालिका स्तरीय पढाइ मेला र प्रतियोगीता | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | १००% |
| १२ | विद्यार्थी भर्ना (अभियान) कार्यक्रम | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | सबैमा नियमित संचालन | सबैमा |
| १३ | स्थानीय तहका कर्मचारीलाई बालमैत्री विद्यालय प्रारुपमा अभिमुखीकरण | १ | १ | ० | ० | ० | २ |
| १४ | एकिकृत पाठ्यक्रम सम्बन्धि शिक्षकको क्षमता विकास | १ | १ | ० | ० | ० | २ |
| १५ | मातृभाषामा आधारित शिक्षण सिकाइ | ० | १ | १ | ० | ० | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बन्धि क्षमता विकास | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मक अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक तहमा हाल साधारण, परम्परागत प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन् । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । प्राविधिक र व्यावसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सीपले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै कुराहरूलाई ध्यानमा राखेर रुन्टीगढी गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

### ३.३.२ बर्तमान आवस्था

नेपालको सर्न्दभमा शैक्षिक तथ्याँकहरुको अवस्था प्रगती उन्मुख नै रहेको छ । तुलनात्मक रुपमा हेर्दा पनि विश्यका विकसीत राष्ट्हरुको दाँजोमा पग्न नसकेता पनि कमजोर अवस्थामा हाम्रा शैक्षिक सुचकहरु छैनन् । हालै शिक्षा, विज्ञान तथा मानव श्रोत विकास मन्त्रालयले प्रकाशन गरेको शैक्षिक तथ्याँ २०८० अनुरुप नेपालको कक्षा ९ देखि १० को रुन्टीगढी गाँउपालिकाको कुल भर्ना दर १०५.४ र खुद भर्ना दर ७६.५रहेको छ । त्यसै गरी नेपालको कक्षा ११ र १२ को कुल भर्ना दर ६७.७ र खुद भर्नादर ३७.१  लुम्बिनी प्रदेशको कुल भर्ना दर ६६.० र खुद भर्ना दर ३५.९ रोल्पा जिल्लाको कुल भर्ना

दर ४९.२ र खुद भर्ना दर ३२.८ र रुन्टीगढी गाँउपालिकाको कुल भर्ना दर ५४.३ र खुद भर्ना दर ३१.४ रहेको छ । रुन्टीगढी गाउँपालिकाभित्र हाल कक्षा १–१० सञ्चालित ९ वटा र कक्षा १–१२ सञ्चालित ३ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या जम्मा ९

वटा रहेको छ । सामुदायिक र सँस्थागत माध्यमिक शिक्षा ९ र १० कक्षामा जम्मा ७५२ जना र कक्षा ११ र १२ मा जम्मा ३९३ जना विद्यार्थीहरु अध्ययनरत छन् । माध्यमिक तहमा जम्मा ४२ जना शिक्षहरुले अध्यापन गराइरहेका छन् । शिक्षक र विद्यार्थीको अनुपात अभिल्दो देखिन्छ । तथ्याँकअनुसार एक जना मावि शिक्षक बराबर २८ जना विद्यार्थीहरु रहेका छन् ।

### ३.३.३ माध्यमिक शिक्षाका समस्या, कारण, असरहरु र समाधानका उपायहरु

| समस्याहरु | कारणहरु | असरहरु |
|---|---|---|
| • एसईईमा विद्यार्थी उत्तिर्ण दर न्युन हुनु ।<br>• स्थानीय तहदेखि उच्च शिक्षा हासिल गर्ने विद्यार्थी दर न्युन हुनु ।<br>• शिक्षालाई उपलब्धी मुलक, व्यवहारीक र कामकाजी गराउन नसक्नु<br>• आवश्यक जनशक्तिको अभाव र ब्यवस्थापन हुन नसक्नु ।<br>• सम्बन्धीत निकाय वाट अनुगमन मुल्याँकन र पृष्ठपोषण नहुनु ।<br>• बाल मैत्री तथा अपाङ्ग मैत्रि भौतिक पुर्वाधारहरुको | • अभिभावक शिक्षाको अभाव ।<br>• बैदेशिक रोजगार तर्फ आकर्षण<br>• शिक्षण क्रियाकलामा निगमन विधी प्रायोग गर्नु ।<br>• ब्यवहारिक शिक्षा प्रदान गर्न नसक्नु ।<br>• विद्यार्थीहरुले टि.भि. तथा मोवाईलको अत्याधिक दुरुपयोग ।<br>• विषयगत शिक्षकको अभाव ।<br>• शिक्षकको पेशागत विकासका लागि तालिम को व्यवस्था नहुनु ।<br>• शिक्षक विद्यार्थीविच सिकाई उपलब्धी वारे छलफल परामर्श नहुनु ।<br>• प्रयाप्त मात्रामा शैक्षिक सामाग्रि तथा भौतिक पुर्वाधारको व्यवस्था नहुनु ।<br>• तल्लो कक्षा बाट अपेक्षित शैक्षिक उपलब्धी हासिल नगरेर कक्षा चढाउनु<br>• विशिष्टीकरण तालिकाको न्युन | • उच्च शिक्षा हासीलगर्ने विद्यार्थीको दरमा कमि हुनु ।<br>• विचैमा कक्षा छोड्ने विद्यार्थीको दर वृद्धि ।<br>• दक्ष जनशक्ति उत्पादन नहुनु<br>• पढाइप्रति वितृष्ण जाग्नु र बैदेशिक रोजगारीमा अभिबृधि हुनु ।<br>• विद्यार्थीहरुले जीवनको लागि वैकल्पीक वाटो रोज्नु ।<br>• माध्यमिक तहमा सिकाई उपलब्धी न्युन हुनु ।<br>• विद्यार्थीहरु विद्यालय छाड्ने र अर्को विद्यालयमा स्थानान्तरण हुने प्रकृया बढ्नु ।<br>• युवाहरु दुरब्यसन र कुलतमा लाग्नु ।<br>• शिक्षा प्रमाण पत्रमा मात्र सिमित भई जीवन शैलि कठिन हुनु ।<br>• शैक्षणीक पेशाप्रतिको |

| | | |
|---|---|---|
| व्वस्थापन नहुनु । <br>• माध्यमिक शिक्षा पुरागर्ने दरमा कमी आउनु <br>• स्तरीय परीक्षा तथा मूल्याङ्कन नहुनु <br>• निजी स्रोतका शिक्षक नटिक्नु <br>• विशेषतःगणित,विज्ञान शिक्षकको अभाव देखिनु | प्रयोग <br>• प्रश्नपत्र निर्माण सम्बन्धमा शिक्षकलाई तालिमको व्यवस्था नहुनु । <br>• एउटै तह र समान विषयको प्रश्नपत्र निर्माणको जिम्मेवारी छुट्ट्टाछुट्ट्टै शिक्षकलाई दिनु <br>• प्रश्नपत्र निमार्ण, मुल्याँकन तथा पृष्ठपोषण नहुनु । <br>• अभिभावक अभिमुखीकरण कार्यक्रम संचालन नहुनु <br>• बालबालिकाहरु कुलतमा फस्नु <br>• बालविवाह यथावत रहनु | इमान्दारितामा ह्रास आउनु । <br>• शिक्षक विद्यार्थी विच सिकाई सहजिकरणको दुरि बढ्नु । <br>• नयाँ पाठ्यक्रम अनुसार विद्यार्थी मुल्याङ्कनमा अल्मलीनु । <br>• स्तरीय परीक्षा तथा मूल्याङ्कन नभई समग्र नतिजामा असर पर्नु <br>• व्यवहारिक,सिपमुलक तथा संस्कारयुक्त जनशक्ति उत्पादन हुन नसक्नु |

## ३.३.४ उद्धेश्यहरु

१. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।
२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाइ अपाँगताभएका, अल्पसँख्यक, विपन्न समुदाय, सामाजिक साँस्कृतिक रुपमा पछाडी परेका बालबालिकाहरुका लागि पहुँच योग्य बनाउने ।
३. माध्यामिक शिक्षाको शिक्षणविधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने ।
४. माध्यामिक तहको शिक्षालाई निशुल्क गरी कम्तिमा आधारभुत तहपार गरेका बालबालीकाहरुलाइ माध्यामिक तह सम्मको शिक्षा पुरा गरेको शुनिश्चित र्गनु ।
५. सबै नागरिकका लागि शाक्षरता , निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाई अवसर सिर्जना गर्नु
६. बालबालिकाहरूलाई व्यवसायिक तथा प्राविधिक शिक्षातर्फ आकर्षण गराई सीपयुक्त र स्वरोजगार प्राप्त गर्न सक्षम नागरिक तयार गर्ने ।
७. अपाङ्गता भएका, दलित र विपन्न विद्यार्थी पहिचान गरी छात्रवृत्तिको व्यवस्था गर्ने,
८. प्रत्येक वडामा एउटा माध्यमिक विद्यालयलाई अग्रणी विद्यालयका रुपमा विकास गरि STEAM (Science, Technology, Engineering, Arts and Mathematics) education का लागि बाताारण तयार गर्ने ।

## ३.३.५ रणनीति

१. STEAM Education System कार्यन्वयनका लागि स्थानीय तहले सम्बन्धित सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै आवश्यक जनशक्ति निमार्णका लागी पहल गर्ने
२. प्रविधिको प्रयोग गर्दै बालमैत्री कक्षाकोठा व्यवस्थापन तथा बालमैत्री सिकाइको वातावरण निर्माण गर्ने,
३. शिक्षण सामग्री निर्माण र प्रयोगमा उत्प्रेरित गर्दै श्रव्यदृश्य सामग्रीका माध्यमबाट शिक्षण गर्ने प्रबन्ध मिलाउने
४. न्युन शैक्षिक उपलब्धीमा सुधार ल्याउनका लागि आवश्यक पर्ने शिक्षक पेशागत सहयोग, अनुगमन तथा मुल्याँकन, परिक्षा प्रणालीमा आवश्यक सुधार सहित शैक्षिक उपलब्धीका आधारमा थप प्रोत्साहानको ब्यवस्था गर्ने योजना निमार्ण गर्ने ।
५. पालिका स्तरमा रहेका माध्यमिक विद्यालयहरु र आधारभुत विद्यालयहरुको विचमा सिकाइ समुहहरुको निमार्ण गरि असल अभ्यासहरुको प्रचार प्रसार तथा पृष्ठपोषण गर्ने सामुदायिक सिकाइ अभ्यास शुरु गर्ने ।
६. शिक्षण योजना निर्माण र कार्यगत अनुसन्धानलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा प्रयोग गर्ने,
७. शिक्षक विद्यार्थी प्रोत्साहनका कार्यक्रममा जोड दिने,
८. पालीका र वडास्तरीय प्रतिभा पहिचान गरी गाउँपालिकाद्वारा प्रवर्द्धन गर्ने व्यवस्था मिलाउन
९. विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास गरि विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बढाउने
१०. शिक्षक, विद्यार्थी, अभिभावक त्रिपक्षीय अन्तरकृया गरी एस् ई ई र कक्षा १२ को नतिजा विश्लेषण सहित नतिजा बढाउनका लागि शैक्षिक योजना निमार्ण गरि कार्यन्वयन गर्ने ।
११. आधारभूत शिक्षा पूरा गरेका गाउँपालिका भित्रका बालबालिकालाई माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने
१२. सबै माध्यमिक विद्यालयमा योग्य र तालिम प्राप्त विषयगत शिक्षक क्रमशः व्यवस्थापन गरी माध्यमिक शिक्षालाइ गुणस्तरीय बनाउने
१३. प्रत्येक माध्यमिक विद्यालयमा पुस्तकालय, **STEAM** प्रयोगशाला तथा शैक्षिक सामग्री व्यवस्थापन कक्षको प्रवन्ध गर्ने
१४. सूचना प्रविधिको प्रयोग गरी कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार विकास गर्ने

## ३.३.६ प्रमुख उपलब्धि र नतिजा

### उपलब्धि

१. स्तरिकृत मुल्याँकन पद्धतिलाइ निरन्तर मुल्याँकनको साधनको रुपमा अपनाइएको हुनेछ ।
२. विशिष्टीकरण तालिकाको आधारमा सैधान्तिक र प्रयोगात्मक परिक्षाहरु संचालन भएका हुनेछन् ।
३. शिक्षक तथा विद्यार्थीहरुको बिचामा सिकाइ आदान प्रदानका लागि सिकाइ समुहहरुको स्थापना भएको हुनेछ ।
४. एसइइ र कक्षा १२ को बार्षिक परिक्षा नतिजामा कम्तिमा हालको भन्दा २० प्रतिशत नजिता सुधारिएको हुनेछ ।
**५.** नि.शुल्क, समावेशी र समतामुलक शिक्षामा अपाँङगता, विपन्न, अल्पसँख्यक तथा पिछडीएका वर्गक्षेत्र, लिङ्ग सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

### नतिजा

| क.स | सुचकहरु | आधार बर्ष २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा ९ र १० को कुल भर्ना दर | १०५.४ | १०४ | १०३ | १०२ | १०१ |
| २ | कक्षा ९ र १० खुद भर्ना दर | ७६.५ | ८० | ८५ | ९० | ९५ |
| ३ | कक्षा ११ र १२ को कुल भर्ना दर | ६७.७ | ७० | ७५ | ८० | ८५ |
| ४ | कक्षा ११ र १२ खुद भर्ना दर | ३७.१ | ४० | ४५ | ५० | ५५ |
| ५ | कक्षा ९ देखि १२ कुल भर्ना दर | ७७.४ | ७८ | ७९ | ८० | ८१ |
| ६ | कक्षा ९ देखि १२ खुद भर्ना दर | ५४.२३ | ५५ | ५६ | ५७ | ५८ |
| ७ | कक्षा ८ देखि माथिको टिकाउदर | ८५ | ८५.५ | ८६ | ८७ | ८८ |
| ८ | कक्षा १० को एस.इ.इ.उत्रिण | ४४ | ५० | ६० | ७० | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | | | | | |
| ९ | कक्षा १२ को एस.एल.सी उत्रिण प्रतिशत | ५१.७५ | ५५ | ६५ | ७५ | ८५ |
| १० | STEAM Education अभिमुखिकरण | मा.वि २ | मा.वि ३ | मा.वि ४ | मा.वि सबै | |

## ३.३.७ प्रमुख कृयाकलाप र परिमाणात्मक लक्ष्य

| क.स | कृयाकलाप | आ.बर्ष ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | स्तरिकृत मुल्याँकन पद्धती सम्बन्धि तालिम | आधार वर्ष | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर |
| २ | शिक्षक पेशागत विकासका लागि आवश्यक क्षमता विकास तालिम | आधार वर्ष | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | अति विपन्न विद्यार्थी छात्रवृत्ति वितरण | आधार वर्ष | सबै विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | विभिन्न विधामा प्रतिभाको खोजी तथा प्रदर्शन कार्यक्रम | आधार वर्ष | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | बाध्यबाधन प्रशिक्षण तथा प्रशिक्षण | आधार वर्ष | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | कोचिङ कक्षा सञ्चालन तथा व्यवस्थापन | आधार वर्ष | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | स्थानिय प्रविधि तथा कला प्रशिक्षण (निर्माण कार्य) | आधार वर्ष | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | खेलकुद र जिवन बृति विकास प्रशिक्षण | आधार वर्ष | सबै | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्यालय | | | |
| ९ | शिक्षक सिकाइ समुह गठन तथा परिचालन | आधार वर्ष | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर |
| १० | अन्य विद्यालयसङ्ग अनुभव आदानप्रदान कार्यक्रम | आधार वर्ष | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | अभिनय, नृत्य, गायन तथा नाटक प्रशिक्षण | आधार वर्ष | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | पढ्दै, सिक्दै र कमाउदै कार्यक्रम सञ्चालन | १ मा.वि. | २ मा.वि. | ४मा.वि. | ८मा.वि. | ९मा.वि. |
| १३ | स्थानीय विज्ञसमुहको गठन तथा परिचालन | गठन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.४.१ परिचय

प्राकृतिक भु बनौटलाइ हेर्नेहो भने रुन्टीगढी गांउपालीकामा स्थानीय सीप, श्रम र उत्पादनलाइ जोड्नका लागि स्थानीय निकायमा प्राविधिक तथा व्यावसायिक शिक्षा, श्रम सिप रोजगारी र उत्पादनसँग प्रत्यक्ष रुपमा अनिवार्य रुपमा जोडिनु पर्ने अवस्था छ । प्राविधिक शिक्षा आजको अनिवर्य शिक्षा बनिरहेको छ । प्राविधिक र व्यवसायिक शिक्षालाई प्राथमिकता दिइदै कार्यान्वयन गर्दै जानेहो भने यस पालीकाले आन्तरिक समुन्नती हासील गर्ने कुरामा दुइमत रहदैन । यसका लागि पालीका आफैले मात्रै सबै कुराहरुको ब्यवस्थापन गर्न सम्भव छैन । तर्सथ संघ, प्रदेश र अन्य सहयोगी सँस्थाहरुको समेत गाउँपालीकालाइ साथ सहयोग रहन जरुरी छ ।

पालीकाको सर्न्दभमा परापुर्वकाल देखिनै स्थानीय परम्परागत पेशाहरु यहाँ रहेको पाइन्छ । जस्तो कृषिजन्य सामग्रीहरुको निमार्ण तथा विकास, घरयासी सामग्रीहरुको निमार्ण तथा प्रयोग, र दैनिक जिवन यापन सहज बनाउनका लागि आवश्यक पर्ने फलाम जन्य तथा काठजन्य औजारहरु निमार्ण र प्रयोग हुदै आएको देखिन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै सुरु भएको हो । नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ । यद्यपि यो पद्धति र पाठ्यक्रमले निरन्तरता पाउन नसकेको देखिन्छ । शिक्षालाई सिपसँग, सिपलाई रोजगारी र उत्पादनसँग र उत्पादनलाई बजारसँग

जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न आवश्यक छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षाले नागरिकलाई जीवन निर्वाह गरेर खान सक्ने आधारभूत व्यावसायिक सिप र दक्षता सहितको श्रम शिक्षा दिन जरुरी छ । माध्यमिक तहको शिक्षाको उत्पादन कम्तिमा पनि स्थानीय स्तरमा उपलब्ध श्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशिलताको माध्यमबाट श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वावलम्बी बन्न सक्ने हुनुपर्छ । यसै कुरालाई मध्यनजरमा राखी माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको पठनपाठन पालीकामा समेत भएको छ । प्राविधिक शिक्षातर्फको विद्यार्थीहरुको आकर्षण जसरी हुनपर्ने हो त्यहि अवस्थामा आर्कषण देखिएको अवस्था देखिदैन । कक्षा ११ - १२ मा पुगेपछि विज्ञानको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकाले प्राविधिक धार पुरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ श्रम बजारको आवश्यकताका आधारमा सिप नक्सांकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ । त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावासयिक शिक्षा र सिप विकासका विषयगत प्रयोगशाला सहितका अनुसनसन्धानशालाहरु स्थापना गरिने भन्ने कुराले सरकार प्राबिधिक क्षेत्रमा काम गर्न चाहेको देखाउछ । तर स्थानीय तहमा प्राविधिक शिक्षालय संचालन चुनौतीको रुपमा देखिएको छ ।

## ३.४.२ वर्तमान अवस्था

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७७ मा प्रकाशित तथ्यांक अनुसार CTEVT को केन्द्रको संरचना र ७ ओटा प्रदेश कार्यालयहरु बाहेक ६१ ओटा आंगिक पोलिटेक्निक शिक्षालयहरु, २० वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरु, ५ सय ६३ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४ सय २९ वटा सम्बन्धमा प्राप्त निजी शिक्षालयहरु र १ हजार १ सय ४० वटा छोटो अवधिका निजी तालिम प्रदायक संस्थाहरु देशभरि विस्तार गरिएको छन् । लुम्बिनी प्रदेशको अवस्था हेर्दा आंगिक ९, साझेदारी ८८, सामुदायिक विद्यालय ७९, निजी संस्था १, छोटो अवधिका नजिी तालिम प्रदायक सस्थाहरु १ सय ५६ गरी जम्मा ३ सय २३ ओटा प्राविधिक शिक्षा प्रदायक संस्थाहरु सञ्चालनमा रहेका छन् । यसरी नै मुलुकभरि माध्यमिक तह (कक्षा ९ देखि कक्षा १२ सम्म) मा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको संख्या ४ सय ८४ रहेको छ भने लुम्बिनी प्रदेशमा यो संख्या ९८ मात्र रहेको छ । (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक सूचना, २०७७)

नेपालमा हाल विभिन्न १२ ओटा विषयगत मन्त्रालयहरुले प्राविधिक शिक्षा र सिपमूलक तालिमसँग सम्बन्धीत रोजगारमूलक तथा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरु सञचालन गर्दै आएका छन् । यसमध्ये पनि ६ ओटा मन्त्रालयहरु (कृषि तथा पशुपंक्षी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्यन, शिक्षा, विज्ञान तथा प्राविधि र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम तथा रोजगार र उद्योग तथा बाणिज्य) ले मुख्यरुपमा प्राविधिक शिक्षा र तालिमका कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ । शिक्षा मन्त्रालयले २०७४ सालमा प्रकाशन गरेको एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको

बार्षिक प्रतिवेदन अनुसार आ.व. २०७२/०७३ मा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयल १ हजार ८ सय ८३ जना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत २ हजार ३ सय ९६ जना, शिक्षा, विज्ञान तथा प्राविधि मन्त्रालय अन्तर्गत ५८ हजार ४ सय ९१ र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु मार्फत २९ हजार २ सय २४ जनालाई व्यावसायिक तालिम प्रदान गरेको देखिन्छ । (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६)

## ३.४.३ अवसर र चुनौती

### अवसर

रुन्टीगढी गाउँपालिकामा एउटा श्री भीमसेन माध्यमिकमा प्राबिधिक धारको बालि विज्ञान कक्षा सञ्चालन हुनुलाई यस पालिकाको अवसरको रुपमा लिन सकिन्छ । साथै गाउँपालिका तथा वडा कार्यालयहरुले पालिकामै र जिल्ला बाहिर प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरुलाई हरेक बर्ष छात्रवृत्ति उपलब्ध गराउनु, गाँउपालिकाको कृषि शाखासंगको समन्वयमा अधुनिक कृषि प्रयोगशाला तथा माटो परिक्षण प्रयोगशाला स्थापना गरी पालीका क्षेत्रका कृषकहरुको स्तर उन्नती र कृषि धारतर्फ अध्यनरत विद्यार्थीको क्षेमता अभिवृद्धि गर्नु,र उत्पादीत जनशक्तीलाइ पालीका क्षेत्रका कृषकहरुको स्तर उन्नतीका लागी परिचालन गर्न सक्नुलाई पनि अवसरको रुपमा लिन सकिन्छ ।

रुन्टीगढी गाउँपालिकाले ५ बर्षे शिक्षा निति निर्माण गरी प्राबिधिक तथा व्यवसायिक शिक्षालाई महत्व दिएर एउटा खण्डमा समाबेश गरी प्राबिधिक तथा व्यवसायिक शिक्षाको दायरा बढाउँदै लैजानु पनि अबसर नै हो ।

## ३.४.४ चुनौती

प्राविधिक तथा व्यावसायिक शिक्षाको सन्दर्भमा कक्षा ९ देखि कक्षा १२ को प्राविधिक धारको पाठ्यक्रमलाई अधिकांश विद्यार्थीलाई आकर्षित गर्ने गरी परिमार्जन गर्नु, प्राविधिक र व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरुको अन्तरघुलन गरी समावेश गर्नु, शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आबद्ध गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत विकास तथा विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको वृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा श्रोत परिचालन गर्नु , अधुनिक पुस्तकालयको स्थापना गर्न नसक्नु, practical कार्यका लागी खेतीयोग्य जमिन(Practical Field)का लगी आवस्क बजेत स्थानिय निकायबाट उपलब्ध गराउन नसक्नु, प्राविधिक धारमा अध्ययन गने इच्छुक बिपन्न तथा जेहेन्दार बिद्यार्थी हरुलाई छात्रवृत्ति उपलब्ध गराउन नसनु, अनेत्र बाट अध्ययन गर्न आउने विद्यार्थीका लागी आवासको छात्रवस ब्यवस्था हुन नसक्नु, अदी मुख्य चुनौतीहरु हुन । यसका साथै प्राविधिक र व्यावसायिक शिक्षाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायत उक्त धारको कार्यक्रम सञ्चालनका लागि दक्ष र अभिप्रेरित जनशक्तिको

व्यवस्थापन गर्नु, प्राकृतिक स्रोत साधनमा आधारित प्राविधिक र व्यावसायिक शिक्षालाई प्रवर्धन गर्नका लागि आवश्यक पर्ने अध्ययन अनुसन्धान गर्नु, प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालनका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, राजनीतिक र नागरिक इच्छाशक्ति र प्रतिबद्धतासहितको ठोस योजना कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको निरन्तरता भन्दा पनि श्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना नर्माण र सोको कार्यान्वयन गर्नु यस क्षेत्रका थप प्रमुख चुनौतीहरु हुन् ।

### ३.४.५ उद्देश्यहरु

१. रुन्टीगढी गाउँपालिकामा उपलब्ध स्रोत साधन र सम्भाव्यतामा आधारित उद्योग, व्यवसाय र रोजगारीमार्फत गाउँ र गाउँवासीको आर्थिक विकास र समृद्धिमा सहयोग गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी समावेशी एवम समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि प्राविधिक विषयका योग्य विज्ञहरु, सक्षम सिपयुक्त र उद्धमशील नागरिक तयार गर्नु ।
३. प्राविधिक र व्यावसायिक शिक्षा मार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भरताका साथै देश र नागरिकप्रति समर्पित र इमान्दार जनशक्ति उत्पादन गर्नु ।
४. श्रमप्रति सम्मान गर्ने भावना र श्रम गर्ने संस्कारमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आबद्ध गर्नु ।
५. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसरमा वृद्धि गरी उच्च शिक्षाको अवसर प्रदान गर्नु ।

### ३.४.६ रणनीतिहरु

१. प्राविधि तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरुको सहभागिता एवम् साझेदारीमा दिगो लगानी गर्ने वातावरणको सुनिश्चित गर्न संघ, प्रदेश सरकार र सरोकारवालासँग समन्वय र सहकार्य गरिने छ ।
२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यावसायिक धारका पाठ्यक्रमहरुलाई गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र मौलिकता अनुकूल हुनेगरी छनौट गरेर सञ्चालन गर्न गाउँपालिको शिक्षा युवा तथा खेलकुद शाखा मातहत रहने गरी पालिकास्तरमा विशेषज्ञहरु समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम व्यवस्थापन इकाईको गठन गरिने छ ।
३. स्थानीय श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप

विकासका अवसरहरु इच्छुक सबैलाई प्रदान गर्ने गरी प्राविधिक शिक्षालय र तालिम प्रदाय संस्थाहरुको विकास र विस्तार गरिने छ ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ ।

५. प्राविधिक र व्यावसायिक धारको उच्च शिक्षा प्राप्त गर्नका लागि गाउँपालिका हाल सञ्चालनमा रहेको प्राविधिक विद्यालय सहिति एक वडा एक प्राबिधिक धारको बिद्यालय अबधारणालाई कार्यन्वयनमा ल्याईने छ ।

६. निजी क्षेत्र, रोजगारदाताहरु आदीको साझेदारीमा रोजगारमुलक तथा औद्योगिक सिप विकास कार्यक्रम, होटल व्यबसाय सञ्चालन सिप आदीका लागि संघ र प्रदेश सरकारसँग समन्वय सहकार्य गरिने छ ।

७. मन्त्रालयअन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेका प्राविधिक धारतर्फको कक्षा ९-१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठ्यक्रम लागु गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ ।

८. गाउँपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री तथा न्युन शुल्कमा आधारित गरिने छ ।

## ३.४.७ प्रमुख उपलब्धि र नतिजा

**प्रमुख उपलब्धि**

१. रुन्टीगढी गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट सक्षम, सिपयुक्त र श्रमप्रति सम्मानभाव भएको जनशक्ति उत्पादन भई आयआर्जन तथा रोजगारीका अवसरमा वृद्धि भएको हुनेछ ।

२. स्थानीय स्तरमा रहेको सिप, कला, प्रविधिहरुको विकास तथा उपयोगमा अभिबृधि भइ स्थानीय सिपहरुको आधुनिकीकरण भएको हुनेछ ।

३. गाउँपालिकाको अगुवाइमा विद्यालय तहसम्मको प्राविधिक शिक्षालाई क्रमशः प्रविधिमैत्री र, न्युन शुल्क गरिएको हुने ।

**मुख्य क्रयाकलाप र परिमाणात्मक लक्ष्यहरु**

| क्र.स | क्रियाकलाप | आधार बर्ष ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | बहु प्राविधिक विद्यालय संचालन तथा | | | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | |
| २ | प्राविधिक श्रोत व्यक्तिको परिचालन कार्यक्रम | | | १ | १ | १ |
| ३ | स्थानीय रोजगारी तथा सिपमुलक तालिमको व्यवस्थापन | | १ | २ | २ | २ |
| ४ | निःशुल्क प्राविधिक शिक्षा कार्यक्रम | | नियमित | नियमित | नियमित | नियमित |
| ५ | प्राविधिक शिक्षा पाठ्यक्रम कार्यन्वयनका लागि अभिमुखिकरण कार्यक्रम | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | प्राविधिक शिक्षालाइ समतामुलक बनाउनका लागि आवश्यक तालिम तथा अभिमुखिकरण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | प्राविधिक शिक्षाका लागि श्रोत व्यवस्थापन तथा परिचालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

कुनैपनि क्षेत्रको विकासका लागी शिक्षाको महत्वपूर्ण भूमीका हुन्छ। सिकाइ मानव जीवनको जन्म देखि मृत्यु सम्म चलिरहने निरन्तर प्रक्रिया हो । शिक्षालाइ औपचारिक घेरामा मात्रै सीमित राखिनु हुदैन । सबै नेपालीलाइ शिक्षा प्राप्त गर्न सहज तुल्याउन नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । औपचारिक र विद्यालय शिक्षालाइ शिक्षाको मेरुदण्डका रुपमा लिने गरिए पनि अनौपचारिक र आजीवन सिकाइको त्यतिकै महत्व रहेको हुन्छ । औपचारिक शिक्षा बाट बंचित हुन पुगेका वा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुऱ्याउन साथै विश्व परिवेश सुहाउँदो मानव संसाधनको विकासका लागि निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ एवं ती लक्षित समूहहरुलाई समेटेर अघि बढ्नु आबश्यक छ ।

मान्छेले त्यसै सिक्न खोज्दैन । त्यसबाट केही आशा गरेको हुन्छ । किनभने शिक्षा भनेको जीवनको लागि लगानी हो, लगानीपछि मान्छेले शिक्षालाई उपभोग गर्ने कार्य गर्दछ । सिकेपछि सिकारुले केही गर्न

सक्षम हुनुपर्दछ, जान्न वा बुझ्न सक्षम भएर मात्र हुँदैन त्यसैले निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइका अवसर प्रदान गरी शिक्षालाइ सीप र आम्दानीसंग जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य  तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ ।

## ३.५.१ वर्तमान अवस्था

समृद्ध नेपाल सुखी नेपाली को साझा राष्ट्रिय आकाङ्क्षा तथा नागरिकको शिक्षा पाउने संवैधानिक अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो । दिगो विकास लक्ष्य प्राप्ति, मानव अधिकार तथा बाल अधिकारलगायतका अन्य अधिकारमा आधारित अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिमा नेपालले जनाएका प्रतिबद्धता पूरा गर्नुपर्ने अवस्था रहेको छ । यसका लागि औपचारिक, अनौपचारिक तथा आजीवन सिकाइलाई थप व्यवस्थित गर्नुपर्ने हुन्छ । अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित विद्यमान कानुन, नीति, योजना तथा कार्यक्रममा भएको प्रावधानलाई देहायबमोजिम उल्लेख गरिएको छ । नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा परिभाषित गर्दै आधारभूत शिक्षामा सबै नागरिकको पहुँचको विस्तार, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले संविधान प्रदत्त शैक्षिक अधिकार सुनिश्चित, तोकिए बमोजिमको परीक्षामा सहभागी भई प्रमाणपत्र पाउन वैकल्पिक र अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ । ऐनको दफा १९ (१) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्बत् २०८५ साल वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति राज्यबाट प्रदान गरिने अवसरबाट वञ्चित हुने कुरा उल्लेख गरिएको छ, त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले स्थानीय तहले कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा तयार पारिएको वैकल्पिक शिक्षाको पाठ्यक्रमको आधारमा आधारभूत तहको वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ जसमा तह एक, तह दुई र तह तीनमा स्तरीकरण गरीएको छ । राष्टिय शिक्षा नीति, २०७६, सोह्रौ योजना, राष्टिय पाठयक्रम प्रारुप २०७६, अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८० को उद्देश्य अनौपचारिक विधि तथा प्रक्रिया अवलम्बन गरी लचकताका साथ शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने रहेको छ । साथै वैकल्पिक रूपमा हासिल गरेका ज्ञान, सिप तथा दक्षता परीक्षण गरी समकक्षता प्रदान गर्ने, विभिन्न कारणबाट औपचारिक शिक्षाको शैक्षिक अवसरबाट बञ्चित नागरिकतालाई सहज शैक्षिक अवसर प्रदान गरी प्रमाणीकरणको अभावमा हुने

शैक्षिक विभेदको अवस्थालाई अन्त्य गर्ने, अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षा वा प्राविधिक शिक्षामा र औपचारिक शिक्षाबाट अनौपचारिक शिक्षामा प्रवेशको अवसर खुला गर्ने उद्देश्य यस प्रारूपमा रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१ देखि२०३०)मा सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ । यो उद्देश्य प्राप्तिका लागि योजनाले राष्ट्रिय योग्यता प्रारूपको आधारमा अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञान र सिपको परीक्षण गर्ने र औपचारिक र अनौपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार गर्ने रणनीति तय गरेको छ । र दिगो विकास लक्ष्यले पनि सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष प्रौढले साक्षरता र गणितीय सिप हासिल गरेको सुनिश्चित गर्ने लक्ष्य ४ मा समावेश गरेको छ । त्यसैगरी साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्रले पन्ध्र वर्ष र सोभन्दा माथिको उमेर समूहका सबै नेपाली नागरिकलाई न्यूनतम साक्षरताको अवसर प्रदान गरी साक्षर नेपाल घोषणा गर्ने र सबै नेपाली नागरिकका लागि आजीवन सिकाइको आधार तयार गर्ने उद्देश्य साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्रमा उल्लेख गरेको अवस्थामा हाम्रो रुन्टीगढी गाँउपालिकाले पनि सो अनुरुपका कार्यक्रमहरुको कार्यान्वयन गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीयतह लाई प्रदान गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क अनुसार हाल सम्म राष्ट्रिय युवा साक्षरता कार्यक्रमहरु समेत संचालित छन् । हाल रुन्टीगढी गाँउपालिकाको विगतमा निरक्षरहरुलाई साक्षर गराउन उल्लेखनीय भुमिका खेल्ने सामुदायिक सिकाइ केन्द्रको संख्या ५ रहेको छ । आधारभुत तह पुरा नगरी विद्यालय छोड्ने गरेको पनि पाइन्छ । यद्यपि वर्तमान अवस्थालाई विश्लेषण गर्दा निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा क्षेत्रको मा निम्न चूनौतिहरु देखिएका छन ।

### ३.५.२ चुनौतिहरु

१. साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको अवसर दिन ।
२. साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई दैनिक व्यवहारसँग जोड्न ।
३. साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई दैनिक जीवन तथा रोजगार सँग जोड्न ।
४. साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरु कुनैपनि गैर सरकारी र समुदायमा आधारित संस्थाहरु मार्फत संचालन ।
५. साक्षर भएकाहरूमा सीप र अभ्यासको निरन्तर प्रयोग ।
६. दूरदराजका समुदायमा अझै निरक्षरता कायम ।
७. शैक्षिक सत्र पुरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या कायम ।
८. विविधता, समता, समाबेशीता र पहूँचयोग्यताको आधारमा समुदायमा जीवनोपयोगी सीप, रोजगारीको अवसर दिने जस्ता कार्यक्रमहरु सञ्चालन ।

### ३.५.३ अवसरहरु

१. सबै सामुदायिक सिकाइ केन्द्रमा सहजकर्ताहरुको व्यवस्था गरी दैनिक सेवा प्रवाहमा सहजता ।
२. समुदायका व्यक्तिहरुले आफ्नो अनुभव साटासाट गर्ने र ज्ञान गुनका कुरा गर्ने चौतारी हुनु
३. समय समयमा सहजकर्ताको क्षमता विकास कार्यक्रम हुनु ।

### ३.५.४ उद्देश्य

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्धेश्यहरु राखेको छः

१. निरक्षरताको अवस्थामा रहेको जनसंख्यालाई साक्षर बनाउनु
२. आबश्यकता अनुसार उक्त जनसंख्यालाई प्राज्ञिक तथा व्यवहारीक ज्ञान, सिप र सूचना प्रदान गर्ने गरी अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गर्नु ।
३. हाल गाँउपालिका क्षेत्रमा रहेका सामुदायिक सिकाइ केन्द्रलाई बिद्यालयको आधारशीलाको रुपमा विकास गर्नु ।
४. निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गर्नु ।
५. विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोडेका बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गर्न प्रेरीत  गर्नु ।
६. सामुदायिक सिकाइ केन्द्रको विस्तार गर्नु ।

### ३.५.५ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि रुन्टीगढी गाँउपालिकाले तपसिलका रणनीतिहरु अपनाउने  छ ।

१. निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने ।
२. पालिकाले प्रचलित ऐन कानूनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने ।
३. सिकाइ केन्द्रको पदाधिकारीलाई सार्वजनिक शिक्षा केन्द्र सञ्चालन गर्नकालागि क्षमता अभिवृद्धि गर्ने
४. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने ।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम संचालन गर्ने संघ संस्था बीच समन्वय गर्ने।
६. निरन्तर, जिवनपर्यन्त र खुला शिक्षाका कार्यक्रम आयोजना गर्ने ।
७. स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने ।

८. सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने ।
९. सामुहिक तरकारी खेती, बत्ति कात्ने तालिम, अगरबत्ती बनाउने, सरसफाइ अभियान, आफ्नो टोल वस्तीमा पुष्प रोपण जस्ता अभियान सञ्चालन गर्ने ।
१०. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने र सो माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी प्रमाणपत्रको व्यवस्था मिलाउने ।

## ३.५.६ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन ।

१. हरेक वडाको समुदायका सबै निरक्षर नागरिकहरु साक्षर भइ निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त गरेका हुनेछन ।
२. बीचैमा विद्यालय छोडेका विद्यार्थीहरु मध्ये ३० प्रतिशतले खुला बिद्यालय मार्फत अध्ययन गरेका हुनेछन ।
३. सामुहिक तथा व्यक्तीगत तरकारी खेती, पशुपालन लगायतका कार्यबाट आय आर्जन गर्नेहरुको संख्या ३० प्रतिशतले बृद्धि भएको हुनेछ ।
४. नवसाक्षरहरुलाई ज्ञान र सिपमार्फत एकिकृत ग्रामिण विकास कार्यक्रममा सबैलाई जोडी आत्म स्वावलम्बन तथा सहकार्य वृत्तिविकासमा विशेष जोड दिइनेछ ।
५. सामाजिक परिचालिकालाई शैक्षिक तथा व्यवसायिक विकास उन्नयनका लागि आवश्यक तालिम प्रदान गरी विपन्न समुदायमा सहभागितामुलक विविध कार्यकम संचालन गरिनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष ( ०८१/८२) | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता नभएका व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | आधारभूत सुविधा सहितको सामुदायिक सिकाइ केन्द्रको सँख्या | ५ | ६ | ७ | ८ | ९ | सबै |
| ३ | सामुदायिक पुस्तकालयको सँख्या | ५ | ६ | ७ | ८ | ९ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | निरन्तर, जीवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने | | ५ | ६ | ७ | ८ | ९ |
| ५ | लक्षित समूहका प्रौढ हरूलाई जिवनपयोगी सीपको विकास गरी सिकाइमा सहयोग गर्ने | | ५ | ६ | ७ | ८ | ९ |
| ६ | स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने | | ५ | ६ | ७ | ८ | ९ |
| ७ | अभिभावकहरु सगसगै अभियान मार्फत सवैलाइ विद्यालय शिक्षामा सहभागी गराउने | ५ | ६ | ७ | ८ | ९ | सबै |

## ३.५.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु

| **क सं** | **प्रमुख क्रियाकलापहरू** | **इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (५ वर्ष)** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | | १ | ३ | ४ | ५ | १३ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | | ३ | ४ | २ | ४ | १३ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | वटा | | १ | २ | ३ | ३ | ९ | |
| ४ | आय आर्जन कार्यक्रम गर्नेहरुको संख्या | जना | ७५ | ९० | १५० | २०० | २५० | ७६५ | |
| ५ | सिपको प्रमाणीकरण | जना | १५ | २० | २५ | ३० | ४० | १३० | |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मुल्याँकन

### परिचय

पाठ्यक्रम कार्यन्वयन गुणस्तरीय शिक्षा प्राप्तिको पहिलो आधार हो । रुन्टीगढी गांउपालीकाले पठ्यक्रमको मार्गदर्शकका रुपमा नेपाल सरकार पाठ्भक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर द्वारा जारी गरेको  पठ्यक्रम २०७६ लाइ नै अबलम्बन गरेको छ । भने स्थानीय पाठ्यक्रमको रुपमा नेपाल सरकारले जारी गरेको स्थानीय पाठ्यक्रम मार्गर्दसनलाइ नै आधार बनाइ पालीकाले आफ्नो अनुकुलको स्थानीय पाठ्भक्रम निमार्ण तथा विकास गर्दै कार्यन्वयनमा ल्याउने प्रयास गरिरहेको छ । पाठ्यक्रमको अक्षरस कार्यन्वयन हालको सन्दर्भमा चुनौतिपुर्ण रहेको छ । तर पनि स्थानीय सरकारले प्रदान गर्ने, विद्यालय स्वयमले गर्ने प्रयास तथा शिक्षकहरुको आफ्नै लगनशिलतामा प्राप्त हुने अफलाइन अनलाइन तालिमहरु मार्फत कार्यन्वयनलाइ सहज बनाइएको छ । विशेषत पाठ्यक्रमको आधारमा प्राप्त विद्यार्थी पाठ्यपुस्तक, शैक्षणीक तथा सर्न्दभ सामग्रीहरु, विशष्टीकरण तालिका, विभिन्न मार्गदर्शन, शिक्षक निर्देशिका, अभ्यास पुस्तिकाहरु, विभिन्न गित कविता तथा कथाहरु, विद्यार्थी मुल्याँकनका साधनहरु, तथा विषय बस्तुसँग मेलखाने स्थानीय स्तरमा उपलब्ध शैक्षणीक तथा सर्न्दभ सामग्रीहरुको अधिकतम प्रयोगका लागि पालिकाले जोड दिएको छ । पाठ्यक्रमको कार्यन्वयनका लागि शिक्षकहरुको स्वयम ब्वस्थापन तथा सृजनशिलतामा शैक्षणीक गतिविधिहरु संचालन भइरहेको अवस्था छ । कक्षा कोठा भित्र पाठ्यक्रम अनुरुपको कार्यन्वयनका सर्न्दभमा चाुनौतिहरु रहेका छन्।

विशेष गरि पाठ्यक्रम परिर्वतनसँगै अपेक्षाहरु समेत फरक रहेको छ । पाठ्यक्रमले विद्यार्थीहरुमा ब्यवहारकुशल सिपको विकास तथा सक्षमता प्राप्तिमा जोड दिइएको छ ।  सिकाइ र सक्षमतालाइ समदारीमा राखेर पाठ्यक्रम कार्यन्वयनको अपेक्षा गरिएको छ । पाठ्यक्रम निश्चित मुल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्य, मान्यता तथा व्यवहारलाई आत्मसात् गर्न, विभेदरहित, समतामूलक र समावेशी दृष्टिकोणअनुरुप व्यवहार गर्न, आफ्नो र अरुको अधिकार र कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढंगबाट सोच्न र निर्णय गर्त सहयोग गर्नुपर्छ ।

### ४.१.१ बर्तमान अवस्था

वर्तमान अवस्थामा पाठ्यक्रम प्रारुप २०७६ ले धेरै विषयहरु परिमार्जन गरी आधुनिक यवम् व्यवहारिका पाठ्यक्रम बनाउन खोजेको देखिन्छ । तरपनि अझै पाठ्यक्रम विषयवस्तु मैत्रि र व्यवहारकुशल जीवन मैत्री हुन सकेको छैन । अन्तराष्ट्रिय परिवेश मैत्रि बनाउन खोज्दा स्थानिय विषय वस्तु ओझेल परेको छ । शैक्षिक सामाग्रीको विषयमा बुक कर्नर, विज्ञान प्रयोगशाल, सुचना प्रविधिहरु केहि रुपमा राज्यले व्यवस्थापन गर्न खोजेपनि त्यसैको समुचित वितरण व्यवस्थापन सहि ढंगबाट हुन सकेको छैन । विभिन्न किसिमका तलिम, अनुगमन सुपरिवेक्षण, पुस्कार र दण्ड जरिवानाको अभावमा शैक्षिक सामाग्री र

पाठ्यक्रमको सहि सदुपयोग, प्रयोग तथा कार्यन्वयन भएको छैन । साथै .पाठ्यक्रम प्रतिको उदासिनताले कक्षाकोठामा पठ्यपुस्तकलाई प्रधान दिई पठनपाठन कार्यहरु भैरहेको छ । तदनुसार विद्यार्थीहरु ज्ञान सिप र अभिबृद्धि पाठ्यक्रमले तोके वमोजिम हुन सकेको छैन ।

## समस्या, कारण र असरहरु

| समस्या | कारण | असर |
|---|---|---|
| • पाठ्य पुस्तक मैत्रि शिक्षण हुनु | • पाठ्यक्रमको प्रयोग सम्वन्धी तलिमाको अभाव र पाठ्यक्रम उपलब्ध नहुनु | • अपेक्षित सक्षमता हासिल हुन नसक्नु |
| • स्थानिय स्तरमा प्राप्त हुने सामाग्रिहरु निर्माण र प्रयोग नहुनु | • स्पस्ट निर्देशिका नहुनु सामाग्री निर्माणको ज्ञानको अभाव | • प्रयोग गरेर सिक्ने आसर बाट बन्चित |
| • सकाईको आधार र मुल्याङ्कनको आधार फरक हुनु | • पाठ्यक्रम भन्दा पाठ्यपुस्तकलाई प्रधानता दिनु | • पाठ्यक्रमले राखेका ज्ञान सिप र अभिबृद्धि हासिल नहुनु |
| • सिकाईलाई विद्यार्थीहरुमा उत्प्रेरण भन्दा बोझ ठान्नु | • प्रवचन र व्याख्यान विधि प्रयोग कमजोर पृस्ठभूमि | • पतिस्पर्दामा विद्यार्थी कमजोर हुनु तथा नतिजा न्युन हुनु |
| • शिक्षकको तयारी र विषयगत ब्यवस्थापन | • आवश्यक सामग्रीहरुको अध्ययन र शैक्षिक योजना निमार्णमा चाँसो नदिने | • पठ्यक्रमले निर्देशीत सिकाइ सहजीकरण नहुने |
| • स्थानीय पाठ्यक्रम विकास र कार्यन्वयन | • सरोकारवालाहरुको तर्फदेखि कम चासो र चिन्तन<br>• स्थानीय स्तरमा विज्ञको कमी | • बलबालिकाहरुले अन्य विषयहरु अध्यापन गर्न परेको<br>• स्थानीय चालचलन, सँस्कृति र रितिरिवाजको बारेमा जानकारी कम |

## ४.१.२ उद्देश्यहरु

१. पाठ्यक्रमले निर्देशित गरेका तहगत सक्षमताहरु हासील गर्नका लागि आवश्यक पर्ने शिक्षक पेशागत विकास तालिम, शैक्षणीक तथा सर्न्दभ सामग्रीहरुको विकास तथा वितरण, स्थानीय विज्ञ समुहको गठन तथा परिचालन लगायतका क्षेत्रहरुमा शिक्षकहरुको क्षमता अभिबृद्धि गर्दै गुणस्तरीय सिकाइ प्रदान गर्ने ।

२. कक्षाकोठामा अनुगमन तथा मुल्याँकनहरुलाइ व्यवस्थीत बनाइ आवश्यक योजना निमार्णमा सहयोग गर्ने ।

३. परम्परागत शिक्षणसिकाइमा परिमार्जन गर्दै बालकेन्द्रीत, लैगिंक तथा अपाङ्गमैत्री बनाइ सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने गरि प्रारम्भिक कक्षाहरुको शिक्षण सिकाइमा पाठेयक्रम र पाठ्यपुस्तकहरुको आन्तरीकीकरणलाइ थप प्रभावकारी गराउने ।

## ४.१.३ रणनीतिहरु

१. स्थानिय पाठ्यक्रमको विकास र कार्यन्वयनका लागि आवश्यक मानविय र आर्थिक श्रोतको व्यवस्थापन गर्ने ।

२. सिकाइ सहजीकरण र मुल्याँकन पद्धती विच आन्तरीकीकरण गरि पाठ्यक्रमले राखेका सक्षमता प्राप्त गर्ने ।

३. शैक्षणीक तथा सिकाइ प्रकृयामा संचार तथा प्रविधिको अर्थपुर्ण प्रयोग साथै अनलाइन र अफलाइन प्रोटलहरुमा पहुँच स्थापीत गरी विपद र असहज परिस्थीतिमा समेत सिकाइ सहजीकरणलाइ निरन्तरता दिन सक्ने मानविय श्रोतको विकास गर्ने ।

४. पाठ्यक्रम कार्यन्वयनका लागि निमार्ण भएका शिक्षक निर्देशिका, शैक्षणीक सामाग्रीहरु, पाठ्यक्रम मागर्दशन, विशिष्टीकरण तालिका, पाठयोजना, शैक्षिक योजना निमार्ण, तालिम सहजीकरण मार्गदर्शनहरु लगायतका पाठ्य सामग्रीहरुको अनिवार्य उपयोग गर्ने ।

## ४.१.४ मुख्य उपलब्धी र नतिजा

**उपलब्धी :**

योजना कार्यन्वयनको अन्तिम बर्ष सम्ममा विद्यालय तहको पाठ्यक्रमले राखेका ८० प्रतिशत सक्षमताहरु प्राप्त भएको हुनेछन् ।

## नतिजा

| **क.स** | **सुचकहरु** | **आधारबर्ष ०८१/०८२** | **०८२/०८३** | **०८३/०८४** | **०८४/०८५** | **०८५/०८६** |
|---|---|---|---|---|---|---|
| १ | एकिकृत पाठ्यक्रम | | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धि कस्टमाइज तालिम | | | | | |
| २ | शैक्षणीक तथा सन्दर्भ सामग्री निमार्ण | | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा |
| ३ | पठ्यक्रम प्रवोधिकरण | | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा |
| ४ | स्थानीय तहको पाठ्यक्रम निमार्ण र कार्यन्वयन | | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा |
| ५ | प्रारम्भिक वाल विकासको पाठ्यक्रम कार्यन्वयन | सबैमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा |

## ४.३.५ मुख्य क्रयाकलाप र परिमाणात्मक लक्ष्यहरु

| क्र.स | ीक्रयाकलाप | आधारबर्ष ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम, शैक्षणीक र सन्दर्भ सामग्रीको निमार्ण र प्रयोगका लागि बालविकास र | | सबै विद्यालयमा आवश्यक रहेको कमशः दिदै जाने | सबै विद्यालयमा आवश्यक रहेको कमशः दिदै जाने | सबै विद्यालयमा आवश्यक रहेको कमशः दिदै जाने | सबै विद्यालयमा आवश्यक रहेको कमशः दिदै जाने | सबै विद्यालयमा पुरा हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक कक्षाहरुमा अध्यापन गराउने शिक्षकहरु लाइ तालिम | | | | | | |
| २ | नव नियुक्त शिक्षकहरु का लागि पठ्यक्रम प्रवोधिकरण ा तथा अभिमखिक रण | नव प्रवेशी तथा नियुक्त शिक्षकहरु सबैलाई नियमित | नव प्रवेशी तथा नियुक्त शिक्षकहरु सबैलाई | नव प्रवेशी तथा नियुक्त शिक्षकहरु सबैलाई | नव प्रवेशी तथा नियुक्त शिक्षकहरु सबैलाई | नव प्रवेशी तथा नियुक्त शिक्षकहरु सबैलाई | नव प्रवेशी तथा नियुक्त शिक्षकहरु |
| ३ | स्थानीय पाठ्यक्रम निमार्णका लागि स्थानीय र वाहिय विज्ञहरुको परिचालन | | आवश्यकता को आधारमा | आवश्यकता को आधारमा | आवश्यकता को आधारमा | आवश्यकता को आधारमा | आवश्यकता को आधारमा |
| ४ | स्थानीय पाठ्यक्रम कार्यन्वयन को लागि २ दिने अभिमुखिक रण | सबै विद्यालयक ा शिक्षकहरु लाई कमशः दिदै जाने | सबै विद्यालयका शिक्षकहरुला ई कमशः दिदै जाने | सबै विद्यालयका शिक्षकहरुला ई कमशः दिदै जाने | सबै विद्यालयका शिक्षकहरुला ई कमशः दिदै जाने | सबै विद्यालयका शिक्षकहरुला ई कमशः दिदै जाने | सबै विद्यालयका शिक्षकहरुला ई कमशः दिने |
| ५ | विशिष्टीक रण तालिका र | विषयगत सबै विद्यालयक | विषयगत सबै विद्यालयका | विषयगत सबै विद्यालयका | विषयगत सबै विद्यालयका | विषयगत सबै विद्यालयका | विषयगत सबै विद्यालयका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रश्न पत्र निमार्ण सम्बन्धि २ दिने अभिमुखिकरण | ा शिक्षकहरुलाई कमशः दिने | शिक्षकहरुलाई कमशः दिने | शिक्षकहरुलाई कमशः दिने | शिक्षकहरुलाई कमशः दिने | शिक्षकहरुलाई कमशः दिने | शिक्षकहरुलाई कमशः दिने |
| ६ | सैद्धान्तिक र प्रयोगात्मक परिक्षा संचालन, मल्याँकन र अभिलेखिकरण सम्बन्धि २ दिने तालिम | | सबै विद्यालयका शिक्षकहरुलाई कमशः दिने | सबै विद्यालयका शिक्षकहरुलाई कमशः दिने | सबै विद्यालयका शिक्षकहरुलाई कमशः दिने | सबै विद्यालयका शिक्षकहरुलाई कमशः दिने | सबै विद्यालयका शिक्षकहरुलाई कमशः दिने |
| ७ | पाठ्यक्रम कार्यन्वयन अनुगमन र मुल्याँकन | | सबै विद्यालयका प्र.अ. तथा अन्य शिक्षकहरुलाई जिम्मेवारी तोक्ने | सबै विद्यालयका प्र.अ. तथा अन्य शिक्षकहरुलाई जिम्मेवारी तोक्ने | सबै विद्यालयका प्र.अ. तथा अन्य शिक्षकहरुलाई जिम्मेवारी तोक्ने | सबै विद्यालयका प्र.अ. तथा अन्य शिक्षकहरुलाई जिम्मेवारी तोक्ने | प्र.अ. तथा अन्य शिक्षकहरुलाई जिम्मेवारी दिने |
| ८ | प्राविधिक शिक्षा पाठ्यक्रम सम्बन्धि अभिमुखिकरण | | प्राविधिक धार संचालित विद्यालयका प्र.अ./विषयगत शिक्षकहरुलाइ | प्राविधिक धार संचालित विद्यालयका प्र.अ./विषयगत शिक्षकहरुलाइ | प्राविधिक धार संचालित विद्यालयका प्र.अ./विषयगत शिक्षकहरुलाइ | प्राविधिक धार संचालित विद्यालयका प्र.अ./विषयगत शिक्षकहरुलाइ | प्राविधिक धार संचालित विद्यालयका प्र.अ./विषयगत शिक्षकहरुलाई |

# ४.२ शिक्षक व्यवस्थापन तथा विकास

## परिचय

वर्तमान परिप्रेक्षमा विद्यालय शिक्षाको मेरुदण्डको रुपमा शिक्षक रहेको छ । भने शिक्षण सिकाइ क्रियाकलापका दौरान  शिक्षक सिकारुका लागि एक जीवन्त मानविय श्रोतको रुपमा रहेको हन्छ । शिक्षकको निरन्तर सकृयताको आधारमा शिक्षण सिकाइ प्रकृयाको गतिशिलता अडिएको हुन्छ । शिक्षक आफैमा भएको इमान्दारीता, लगनशिलता, उत्साहा,  पेसाप्रतिको समर्पण, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र आर्दश व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरुको निरन्तर सिकाइ सुधारमा निकै सकारात्मक प्रभाव पार्दछ । प्रारम्भिक बालबविकास, आधारभतत तह, माध्यमिक तह, उच्च शिक्षा र अनौपचारीक सिकाइ केन्दैहरुमा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापन र परिचालनबाट नै गुणस्तर शिक्षा सुनिश्चित गर्न सकिन्छ । माथि उल्लेखित सवालहरुलाइ मुर्तस्वरुप प्रदान गर्नका लागि शिक्षक ब्यवस्थापन तथा विकास प्रभावकारी र रुपान्तरणकारी हुन जरुरी छ । समय सापेक्ष, बैज्ञानिक अनुसन्धानमा आधारित सिकाइका लागि शिक्षणपेशामा समेत नवर्पवनात्मक सोचको विकास हुन जरुरी छ ।

शिक्षक व्यवस्थापन तथा विकास भनेको शिक्षकको पेशागत जीवनलाई सहि दिशामा मार्गनिर्देशन गर्ने, तिनीहरुको विकासका लागि आवश्यक स्रोतहरु प्रदान गर्ने र शिक्षण प्रकृयालाई निरन्तर सुधार गर्दै जानाका लागि गरीने प्रयास हो । नेपालमा समग्र शिक्षक पेशागत विकासका लागि आवश्यक पर्ने निति नियम निमार्णको जिम्मेवारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरु (उच्च मावि) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरुबाट हुने गरेको छ । यसैगरी अस्थायी वा विद्यालयको निजी श्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्ने कार्य स्थानीय आवश्यकताको आधारमा स्थानीय तहले आवश्यक कायविधि निमार्ण गरि कार्यन्वयन गरिरहेका छन् । शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरुले शिक्षकको पेशागत दक्षता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्दै आएको छ ।

रुन्टीगढी गांऊपालीकाको समग्र शिक्षा विकासका लागि शिक्षण पेसालाई रोजाइ र सम्मानीत पेसाका रुपमा विकास गर्दै जाने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ र उपलब्धी प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालहरुलाइ सम्बोधन गर्नका लागि पालीकाले पञ्चबर्षीय शैक्षिक योजना निमार्ण गरि कार्यन्वयनमा ल्याएको छ ।

## ४.२.१ वर्तमान अवस्था

शिक्षक पेशागत विकासका लागि बनेका निति नियमहरु राम्रा हुदाहुदै पनि उल्लेखित नितिहरु कार्यन्यनका लागि रुन्टीगढी गाउँपालिकामा चुनौतीहरु रहेका छन् । विद्यार्थी सङ्ख्या अनुसार शिक्षको व्यवस्थापन गर्न नसक्नु, विषयगत शिक्षकको व्यवस्थापन नहुनु, उपलब्ध विषयगत शिक्षकहरुलाई तालिमको व्यवस्था गर्न नसक्नु, पालिका अनुदान शिक्षकको तलव भत्ता तहगत रुपमा निकै कम हुनु, विद्यालयमा कार्यरत सम्पुर्ण शिक्षकहरुलाई तालिमको व्यवस्था नसक्नु, समयको परिवर्तन संगै निरन्तर मुल्याङ्कन सम्वन्धी तलिम नहुनु, उत्कृष्ट शिक्षकहरुलाई पुरस्कृत, उत्प्रेरीत गर्न नसक्नु, र शिक्षण पेशाप्रतिको गलत भाष्य निमार्णले गर्दा शिक्षक पेशाप्रति नै नैरास्यता भएको देखिन्छ । यति हुदाहुदै पनि समग्र राष्ट्र निमार्णका लागि शिक्षा नै पहिलो खम्बा हो भन्ने विषयमा पालिका विश्वस्त छ ।

हाल पलिका भित्र ५४ वटा सामुदायिक विद्यालय र ३ वटा सँस्थागत विद्यालयहरुमा आधारभुत तहमा २८०जना र माध्यमिक तहमा ४२ जना, र प्रारम्भिक बालविकासमा ४८ जना गरि जम्मा ३७० जना मानविय शैक्षिक श्रोतको परिचालन भइरहेको अवस्था छ ।

### समस्या, कारण र असरहरु

| समस्या | कारण | असर |
|---|---|---|
| • प्रयाप्त मात्रामा विषयगत शिक्षकको व्यवस्थापन नहुनु | • सम्बन्धित निकायबाट व्यवस्था नहुनु, | • बालकालीकाहरुको शिकाईमा असर |
| • शिक्षक विद्यार्थी बिचको अनुपात नमिल्नु | • सम्बन्धित निकायबाट व्यवस्था नहुनु, | • बहुकक्षा शिक्षण गर्न बाध्य भई शिक्षण कृयाकलापमा प्रभावकारी नहुनु |
| • पालिका अनुदान शिक्षकको तलव भत्ता तहगत रुपमा निकै कम नहुनु | • आर्थिक अभाव | • शिक्षकहरुमा पेशाप्रति नैरास्यता भई शिक्षकको अभाव |
| • शिक्षकहरुको निरन्तर पेशागत विकास गर्न नसक्नु | • सम्बन्धित निकायबाट व्यवस्था नहुनु, | • शिक्षण कृयाकलापमा अन्यौलता तथा विद्यार्थी मुल्याङ्कन प्रभवकारी नहुनु |
| • विषयगत र क्षेत्रगत सिकाइ आदान प्रदान नहुनु | • सिकाइ आदान प्रदान सँस्कृतिमा कमी | • सिकाइ प्रसारमा कमी आइ विद्यार्थीहरुक गणस्तरीय शिक्षा प्राप्त गर्नबाट बन्चित हुनु । |

## ४.२.२ उद्धेश्य

१. शिक्षहक पेशागत विकासका लागि आवश्यक पर्ने आधारभुत पँक्षहरुको विकासमा लगानी अभिबृधि गरि गुणस्तरीय शैक्षणीक गतिविधि सँचालन गर्न सक्ने सवल, सक्षम र लगनशिल शिक्षक उत्पादन गरि विद्यार्थीहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसरलाइ बढाउने ।
२. केन्द्र र स्थानीय तहदेखि प्राप्त शिक्षक अनुदान विद्यार्थी सँख्याको आधारमा वितरण गरि शिक्षक विद्यार्थी अनुपात मिलाउने ।
३. पाठ्यक्रम अनुरुपको विद्यार्थी मुल्याँकन पद्धतीको अबलम्बन गरि निरन्तर विद्यार्थी मुल्याँकनलाइ थप ब्यवस्थित गर्ने ।
४. स्थानीय स्तरमा श्रोत ब्यक्तिहरुको विकास तथा परिचालन गर्ने ।

## ४.२.३ रणनीति

१. शिक्षकहरुको विचमा विषयगत तथा क्षेत्रगत सिकाइ समुह निमार्ण गरि सिकाइ आदान प्रदानका लागि शैक्षिक चौतारीको विकास र परिचालन गर्ने ।
२. शिक्षक पेशागत विकासका लागि विषयगत र क्षेत्रगत तालिमको ब्यवस्था गरि विषयगत शिक्षक अभावलाइ परिपुर्ति गर्नका लागि स्थानीय स्वयम सेवक शिक्षकहरुको निमार्ण गरि परिचालन गर्ने ।
३. स्थानीय स्वयम सेवक शिक्षकहरुको सेवासुविधाको पुर्नरमुल्याँकन गरी तहगतरुपमा स्केल ब्यवस्थापन गर्ने ।
४. पाठ्यक्रम कार्यन्वयन, विद्यार्थी मुल्याँकन र शिक्षक पेशागत विकासका क्षेत्रहरुमा योजना निमार्ण गरि कार्यन्वयनका लागि स्थानीय तह, प्रदेश, केन्द्र सरकारसँग आवश्यक समन्वय गर्ने ।
५. प्रारम्भिक कक्षामा अध्यापन गराउने शिक्षकहरुका लागि विशेष कार्यक्रमहरुको योजना निमार्ण गरि प्रारम्भिक कक्षा १ देखि ३ कक्षाका बालबालिकाहरुको पढाइ र सिकाइ सुधारका लागि आवश्यक शैक्षिक परिक्षण, मुल्याँकन, शैक्षणीक तथा सन्र्दभ सामग्रीहरुको निमार्ण तथा प्रयोग, र समुदाय र परिवारको सहभागीताको सनिश्चितता गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने ।

## ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको ब्यवस्थापन भइ कक्षागत र विषयगत रुपमा शिक्षकको ब्यवस्थापन भएको हुनेछ ।

२. निरन्तर पेशागत विकासका लागि स्थानीय तहमा शैक्षिक विज्ञ समुहको गठन र परिचालन गरि शिक्षकहरुको दक्षतामा अभिबृद्धि भएको हुनेछ ।
३. अन्तर विद्यालय, वडा, र पालीका तहमा शिक्षक सिकाइ समुहहरुको गठन र परिचालन भएको हुनेछ ।
४. तहगत रुपमा अध्यापनरत शिक्षकहरुको समान काम, समान सेवासुविधा र समान सम्मान भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यहरु

| क.स | सुचकहरु | आ. व ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक कक्षाहरु इसीडी र कक्षा १ देखि ३ सम्ममा तालिम प्राप्त शिक्षकहरुको सँख्या | २० | ३५ | ४० | ५० | ५४ |
| २ | आधारभुत तहमा कार्यरत योग्यता प्राप्त शिक्षकहरुको प्रतिशत | ५०% | ७५% | ९०% | १००% | १००% |
| ३ | शिक्षक पुर्नताजगी तालिम | २६ | ३५ | ४५ | ५० | ५४ |
| ४ | शिक्षक सिकाइ समुह गठन तथा परिचालन | | १ पटक | २ पटक | ३ पटक | ५ पटक |
| ५ | शिक्षक पेशागत विकासका | ३५ | ४६ | ५४ | सबै विद्यालय | सबै विद्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लागि स्थानीय विज्ञ समुहको गठन | | | | | |
| ६ | पाठ्यक्रम कार्यन्वयन अभिमुखिकरण | २० | ३५ | ४६ | सबै विद्यालय | सबै विद्यालय |
| ७ | सुचना र प्रविधिमैत्रि न्यनतम साक्षेरता भएका शिक्षक प्रतिशत | २०% | ४०% | ६०% | ८०% | १००% |
| ८ | उत्कृष्ट शिक्षक प्रोत्साहान कार्यक्रम | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने |
| ९ | विषयगत शिक्षकहरुको दक्षता अभिबृद्धिका लागि तालिम | विषयगत रुपमा सबै विद्यालयमा | विषयगत रुपमा सबै विद्यालयमा | विषयगत रुपमा सबै विद्यालयमा | विषयगत रुपमा सबै विद्यालयमा | विषयगत रुपमा सबै विद्यालयमा |
| १० | महिला प्रधानअध्यापक नियुक्ति र क्षमता विकास | महिला प्र.अ. भएका सबै विद्यालय | महिला प्र.अ. भएका सबै विद्यालय | महिला प्र.अ. भएका सबै विद्यालय | महिला प्र.अ. भएका सबै विद्यालय | महिला प्र.अ. भएका सबै विद्यालय |

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरु

| क्र स | कार्यक्रहरु | आधार बर्ष ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | पालिका अनुदान शिक्षकको तहगत | | ५% | १०% | १५% | १५% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रुपमा तलव भत्ता वृद्धि | | | | | |
| २ | विषयगत तथा कक्षा अनुसार शिक्षकको व्यवस्था | ६०% | ७०% | ८०% | ९०% | १००% |
| ३ | शिक्षक तालिमको व्यवस्था | | तालिम प्राप्त र अप्राप्त शिक्षक विवरण संकलन गर्ने तालिम दिने | तालिम प्राप्त र अप्राप्त शिक्षक विवरण संकलन गर्ने तालिम दिने | तालिम प्राप्त र अप्राप्त शिक्षक विवरण संकलन गर्ने तालिम दिने | तालिम प्राप्त र अप्राप्त शिक्षक विवरण संकलन गर्ने तालिम दिने |
| ४ | शिक्षक कर्मचारी तथा प्रधानाध्यापकको सेवा सुविधा वद्धि | अवश्यकताका आधारमा | अवश्यकताका आधारमा | अवश्यकताका आधारमा | अवश्यकताका आधारमा | अवश्यकताका आधारमा |
| ५ | उत्कृष्ट शिक्षक सम्मान | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने | हरेक वर्ष वडागत रुपमा छनोट गर्ने |
| ६ | शिक्षक दरबन्दीको ब्यवस्थापन | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा |
| ७ | शिक्षक सिकाइ समुह गठन र परिचालन | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा |
| ८ | स्थानीय तहमा विज्ञ समुहको गठन र परिचालन | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

समावेशी शिक्षा भन्नाले शिक्षाको मूलधारबाट वञ्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसक्नु भन्ने बुझिन्छ । संकुचित अर्थमा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने

बुझिएतापनि पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शारीरिक, मानसिक, जातीय ढङ्गबाट उपेक्षित भन्ने बुझिन्छ । हाल विकसित परिवेशसँगै सडक बालबालिका, अनाथ, घरेलु हिंसा पीडित, द्वन्द्व पीडित, सहिद परिवार, बेपत्ता, घाइते, अपाङ्ग किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ । यस रुन्टिगढि गाउँपालिका कुनै विशेष किसिमका लक्षित वर्ग विशेष कक्षाहरु वा विद्यालयहरु सञ्चालित छैन ।

नेपालको संविधानमा सम्पुर्ण बालबालिकालाई आधारभूत र माध्यमिक तहको शिक्षा निःशुल्क,अंपागता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क शिक्षा पाउने व्यवस्था गरेको छ साथै दलित, विद्यार्थीलाइ उच्च शिक्षा सम्म कानुन बमोजिम चात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरेको छ । आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा आइसकेपछि आर्थिक र सामाजिक रुपमा पछाडि परेको वर्गको शिक्षामा पहुँच पुर्‍याउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु अब स्थानीय तहको प्रमुख जिम्मेवारी बनेको छ ।

विद्यालय शिक्षामा आर्थिक र सामाजिक रूपले पिछडिएको, विपन्न, अपाङगता, कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्ध गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरु हुन्।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपाङ्ग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निःशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरुका लागि छात्रवृत्ति प्रदान गरिनु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन्।

## ४.३.२ उद्देश्यहरू

स्थानीय स्तरका कमजोर वर्ग तथा विविधता भएका बालबालिकाहरुको शिक्षामा सहभागिता सुनिश्चित गरी शिक्षामा समावेशिता कायम गर्न यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन् । यस योजनाले शिक्षामा कमजोर वर्गको पहुँच र समावेशीकरणका उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

१. आर्थिक, सामाजिक तथा साँस्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरु अवलम्बन गर्नु ।

२. अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराउनु ।

## ४.३.३ रणनीति

यस योजनाले यस गाउँपालिकामा बसोबास गरेका र शिक्षामा कमजोर वर्गको पहुँच विस्तार तथा समावेशीकरणलाई यथार्थमा लागू र सफल पार्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. गाउँपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिक रुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, गाउँपालिका तथा गैह्रसरकारी निकायहरुको साझेदारीमा सञ्चालन गर्ने

२. जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गर्ने।

३. आर्थिक रुपले विपन्न, अपाङ्गता भएका, असहाय, सिमान्तकृत र लोपउन्मुख समुदायका बालबालिकालाई विपन्न लक्षित छात्रवृत्ति जस्ता प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गर्ने।

४. शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने।

५. सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने।

६. असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते, वेपत्ता तथा सहिद परिवार एवम् कोरोना भाइरसका कारण मूत्यु भएका अभिभावकका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गर्ने।

७. गाउँपालिकामा अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी सञ्चालन गर्ने।

८. विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशःकार्यान्वयन गर्ने।

९. असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गर्ने।

१०.स्थानीय पाठ्यक्रम मार्फत र अन्य विद्यालयस्तरिय क्रियाकलाप मार्फत विविधताको सम्मान गर्न सिकाउने पठन सामग्री र अवसर सिर्जना गर्ने ।

११.अपाङ्गगता भएका, द्वन्द्वपीडित, सहिदपरिवार तथा कोरोना भाइरसबाट मृत्यु भएका अभिभावकका बालबालिकाहरूको लागि विशेष सुविधा र अवसरहरू गर्ने ।

## ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तरको सुनिश्चितता कायम हुनेछ ।

**नतिजा**

| क्र.सं | सूचक | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रत्येक विद्यालयमा गुनासो सुनुवाइ सँयन्त्रको विकास गर्ने | विद्यालय | ० | २७ | २७ | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | स्थानीय तह | ०.९० | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | स्थानीय तह | १.५१ | १.४५ | १.४० | १.३० | १.२५ |
| ४ | महिला शिक्षक प्रतिशत आधारभुत (कक्षा १-८) | स्थानीय तह | ३६.५३ | ३८ | ४० | ४१ | ४२ |
| ५ | महिला शिक्षक प्रतिशत माध्यमिक (कक्षा 9-12) | स्थानीय तह | १६.३६ | १८ | २० | २२ | २४ |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/ ८२ | ०८२/ ०८३ | ०८३/ ०८४ | ०८४/ ०८५ | ०८५/ ०८६ |
| १ | समावेशी शिक्षा सम्बन्धी नीतिगत ब्यवस्था | पटक | १ | ० | ० | ० | ० |
| २ | स्थानीय तहका कर्मचारीहरुलाई बालमैत्री विद्यालय प्रारुपमा | पटक | ० | १ | ० | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिमुखिकरण | | | | | | |
| ३ | समावेशी शिक्षा संजाल गठन, कार्यविधि निर्माण तथा कार्यान्वयन GIEN | पटक | ० | १ | ० | ० | १ |
| ४ | अपांगता भएका बालबालिकाको पहिचान र व्यक्तिगत शिक्षण योजना IELP विकास गर्नु | पटक | १ | १ | १ | १ | १ |
| ५ | अपाङ्ग पुनर्स्थापना केन्द्र र विशेष विद्यालय स्थापना तथा सञ्चालन | वटा | ० | ० | ० | १ | ० |
| ६ | गुनासो सुनुवाइ सँयन्त्र समितिलाइ विद्यालयमा समता तथा समावेशिकरण सम्बन्धि अभिमुखिकरण | पटक | ० | १ | ० | ० | १ |
| ७ | प्रत्येक विद्यालयमा सुझाव पेटिका ब्यवस्थापन | पटक | ० | १ | ० | ० | ० |
| ८ | अभिभावकहरुसँग छोरीलाइ घरमा पढ्ने वातावरण सृजना गर्ने उद्देश्यले सचेतनामुलक छलफल र | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्तर्क्रियात्मक | | | | | | |
| ९ | विशेष/समावेशी शिक्षाको पाठ्यसामग्री तथा पाठ्यपुस्तक कार्यान्वयन | पटक | ० | १ | ० | ० | ० |
| १० | शैक्षिक सामग्री विकास र वितरण | पटक | १ | १ | १ | १ | १ |
| ११ | विशेष शिक्षा शिक्षकको व्यवस्था | पटक | ० | १ | ० | ० | ० |
| १२ | मनोपरामर्श दाता तथा विज्ञहरुबाट सहजीकरण | पटक | १ | १ | १ | १ | १ |

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण

### ४.४.१ वर्तमान अवस्था

रुन्टीगढी गाउँपालिकामा विद्यालय स्वास्थ्य सम्बन्धी केहि प्रयासहरु त भैरहेकै छन् । प्रत्येक विद्यालयमा प्राथमिक उपचार बाकस पनि वितरण भएको छ । योजना अनुसार सेनिटरी प्याड पनि वितरण भएको छ । बालबालीकाहरुलाई जुकाको औषधि पनि खुवाएको तथा अन्य पोषणका कार्यक्रहरु पनि भएका छन् । तर पनि प्राथमिक उपचार बाकसमा थप औषधि नभएर बाकस रित्तियको अवस्था देखिन्छ । रुन्टीगढी गाउँपालिका बाट स्वास्थ्य सम्बन्धि परामर्स, प्रशिक्षण तथा तालिम जास्ता कार्यक्रमहरु विद्यालयमा त्यति भएको छैन । भनिन्छ स्वस्थ बालबालीकाहरुको सिकाई छिटो, दिगो तथा प्रभावकारी हुन्छ । त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नु पर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु अभिभावकहरूको कर्तव्य हुन आउँछ । अभिभावकहरुले पनि घरमा बालबालीकाहरुको स्वास्थ्य अवस्था के कस्तो छ भनि हरेक ३ महिनामा जाँच गराउनु जरुरी हुन्छ । अहिले बालबालिकामा बजारमा पाइने पाकेटमा राखिएका चाउचाउ, बिस्कुट जस्ता खाद्यपदार्थ र विभिन्न ब्राण्डका पेय पदार्थहरू खाने बानी नै बसिसकेको छ । यस्ता पदार्थहरू स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि भएको समाचार र सन्देश विभिन्न सञ्चार माध्यमहरूमा समय समयमा प्रकाशित भएको पाइन्छ । त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी छ । विद्यालयको दिवाखाजामा

स्थानिय तहमा पाईने केदो, मकै, भटमास, गहुँ, फापर, फलफूल, तरकारी, गेडागुडी बाट वनेका ताजा खानेकुराहरु खुवाए अत्यन्तै राम्रो हन्छ ।

## समस्या, कारण र असरहरु

| समस्याहरु | कारणहरु | असरहरु |
|---|---|---|
| • प्राथमिक उपचार बाकसको व्यवस्था तथा सामाग्रीको पुनर्भरण नहुनु | • सम्बन्धित निकायबाट व्यवस्था नहुनु, | • दुर्घटना तथा इमरजेन्सी विरामिलाई तत्काल समस्या पर्नु ,<br>• बालबालीकाको सिकाईमा नकारात्मक प्रभाव पर्नु, |
| • स्वास्थ्य तथा पोषणसम्बन्धि जनचेतनाको अभाव, | • स्वास्थ्य तथा पोषण सम्वन्धि कार्यक्रहरु नहुनु | • जंकफुडको अत्याधिक प्रायोग भई कुपोषण वृद्धि,<br>• बालबालीकाहरुको खानपान फोहर भई रोगले सताउनु, |
| • पोषणयुक्त दिवाखाजाको अभाव, | • अभिभावकहरुले बालबालीकाहरुलाई खाजा खानाकोलागि पैसा दिनु ,<br>• बालबालीकाहरु जंकफुड तिर आकर्षित हुनु , | • बालबालीकाहरुलाई विभिन्न रोगले काक्रमण गर्नु, |
| • बालबालीकामा मानसिक तनाव | • अभिभावक तथा शिक्षकको दबाफ<br>• बोझिलो र निगमन शिक्षण बिधि<br>• दण्ड युक्त शिक्षण | • पढाईमा मन नजानु तथा कक्षा छोड्नु,<br>• बालबालीकाहरु झन्कीनु तथा रिसाउनु,<br>• कुलतको दलदलमा फस्नु |

## ४.४.२ उद्धेश्य

१. विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्वस्थ रहन आधारभूत स्वास्थ्य सेवाको शुनिश्चित गर्ने ।
२. विद्यालयको वातावरणीय सरसफाइ सुधार गरी स्वस्थ तथा सुन्दर विद्यालयको व्यवस्था गर्ने ।
३. विद्यालय खाजामा प्रयोग हने सबै उत्पादनहरु रैथाने र स्थानीय स्तरको उत्पादनमा आधारित बनाइ बालबालिकाको पौष्टिक र गुणस्तरीय खाजा प्राप्तिको सुनिश्चितता गर्ने ।

## ४.४.३ रणनीतिहरु

१. प्रत्येक विद्यालयमा आधारभूत स्वास्थ्य सुरक्षाको लागि प्राथमिक उपचार सामग्री उपलब्ध गराउने ।
२. विद्यालयमा स्वास्थ्य तथा पोषण सम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।
३. गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयमा एक एक जाना शिक्षक वा कर्मचारीलाई स्वास्थ्य तथा पोषण सम्बन्धी तालिमको व्यवस्था गर्ने ।
४. विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने ।
५. बालक्लब, युरेस/जुरेस र नाटाका विद्यार्थीहरूलाई स्वास्थ्य स्वयं सेवाका लागि प्रेरित गर्ने ।
६. पोषणयुक्त ताजा र स्थानिय स्तर बाट प्राप्त हुने दिवाखाजाको व्यवस्थागर्ने ।
७. आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सेनेटरी प्याडको व्यवस्था गर्ने ।
८. विद्यालयमा हरेक दिन विहानको प्रार्थाना समयमा बालबालीकाहरुलाई स्वास्थ्य सम्वन्धी छोटो सन्देश दिने ।
९. विद्यालयको दरीका ब्यवस्थापन गरि विद्यालयको पहुँचमा रहने गरि नर्सको ब्वस्थापन गर्ने ।
१०. स्थानीय स्तरमा उत्पादन भएका पोषण युक्त बस्तहहरु ज्स्तै अण्डा, माछा, मासु, साँग, आलु, पिडालु, फर्सी, मकै भट्ट, गौ, जौ, कोदो, चामल, गेडागुडी लगायतका खाद्धन्नहरुको प्रयोगलाइ पहिलो प्राथमिकतामा राख्ने ।
११. दिवा खाजा र विद्यालय पोषण सम्बन्धि विभिन्न कार्यक्रमहरुको अनुगमन र मलल्याँकनका लागि आवश्यक संरचना निमार्ण गरि प्रभावकारीरुपमा कार्यन्वयन गर्ने ।

## ४.४.४ प्रमुख उपलब्धी तथा नतिजा

### उपलब्धि

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरुको स्वास्थ्य र पोषण आवस्थामा सुधार भइ गुणस्तरीय सिकाइकालागि आवश्यक पर्ने शारिरीक र मानसिकरुपमा बालबालिकाहरु तयार हुनेछन् ।
२. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको नियमित स्वास्थ्य जाँच कार्यक्रम सँचालन भइ स्वस्थ नागरिक निमार्ण भएको हुनेछन् ।
३. स्वास्थ्य तथा पोषणयक्त दिवाखाजाको ब्यवस्थापन भएको हुनेछ ।
४. पोषणयुक्त स्थानीय उत्पादनमा बृद्धिभइ अर्गानिक वस्तुहरुको उत्पादन, वितरण र प्रयोग भएको हुनेछ।
५. सबै बालबालिकाहरुको स्वास्थ्य सम्बन्धि विशेष रेकर्ड बनेको हुनेछ ।

## नतिजा

| क्र.स | सुचकहरु | आ.बर्ष ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकाहरु मध्ये आवश्यक खोप व्यवस्थापन भएका बालबालिका | ९०% | ९५% | १००% | १००% | १००% |
| २ | विद्यालयमा दिवा खाजा प्राप्त गर्ने | १००% | १००% | १००% | १००% | १००% |
| ३ | नियमित रुपमा स्वास्थ्य जाँच गराउने बालबालिका | २५% | १००% | १००% | १००% | १००% |
| ४ | प्राथमिक स्वास्थ्य प्राप्त गर्ने विद्यालयहरुको संख्या | २० | २५ | ३५ | ४५ | सबै |
| ५ | स्वच्छ खानेपानी व्यवस्था भएका विद्यालय सँख्या | २५ | ४५ | ५४ सबै | सबै | सबै |
| ६ | मनोपरामर्श संचालन भएका विद्यालय सँख्या | २ | १० | २० | ३५ | ५४ |
| ७ | अर्गानीक दिवाखाजा व्यवस्थापन गर्ने विद्यालय सँख्या | २५ | ३५ | ४५ | ५४ | सबै |

## ४.४.५ मुख्य कार्यक्रम र परिमाणात्मक लक्ष्य

| क स | कार्यक्रहरु | आधार बर्ष ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक उपचार बाकस व्यवस्थापन तथा सामाग्री पुनर्भरण | १५ | २५ | ३७ | ४७ | ५४ |
| २ | शिक्षक तथा कर्मचारीलाई प्राथमिक उपचार सम्बन्धी तालिम | ३ पटक | ३ पटक | ३ पटक | ४पटक | ५ पटक |
| ३ | विद्यार्थी स्वास्थ्य परीक्षण | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक |
| ४ | एक विद्यालय एक नर्स कार्यक्रम | ० | १ | ५ | १२ | २० |
| ५ | विद्यालयको वातावरणीय सरसफाई | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक |
| ६ | वातावरणीय स्वास्थ्य र सचेतना सम्बन्धी कार्यक्रम | ३ पटक | ३ पटक | ३ पटक | ४ पटक | ४ पटक |
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ८ | छात्राहरु तथा शिक्षीकाहरुका लागि निःशुल्क सेनिटरी प्याड वितरण | आवि र महिला शिक्षक भएका सबैमा निरन्तर | आवि र महिला शिक्षक भएका सबैमा निरन्तर | आवि र महिला शिक्षक भएका सबैमा निरन्तर | आवि र महिला शिक्षक भएका सबैमा निरन्तर | आवि र महिला शिक्षक भएका सबैमा निरन्तर |
| ९ | विद्यालयको प्रार्थाना समयमा विद्यार्थीहरुको सरसफाई | प्रत्येक दिन | प्रत्येक दिन | प्रत्येक दिन | प्रत्येक दिन | प्रत्येक दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अवलोकन तथा पृष्ठपोषण | | | | | |

# ४.५ बिद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशिलता

## परिचय

विद्यालय शान्ति क्षेत्र ,राष्टिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । हाल कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरू हुदै आएका छन । जसमध्ये सिकाइ सहजिकरण निर्देशिका, २०७७ विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्वस्तु समायोजन ढाँचा, २०७७ एसइइ नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि, २०७७ जारी भएको छ ।

## ४.५.१ वर्तमान अवस्था

विद्यालय एउटा ज्ञान सिप आर्जन गर्ने थलो हो । आफ्नो भबिश्य खोजि गर्न हिडेका सबै बालबालिकाहरु शारीरिक मानसिक रुपमा सुरक्षित रहन चाहान्छन र उनिहरुका अभिभावक पनी सुरक्षित विद्यालयको अपेक्षा राख्दछन । विद्यालय सुरक्षित रहेको अनुभुति भएमा उनिहरु निर्धक्ककासाथ सिकाइ कार्यमा लाग्दछन । यसै सन्दर्भमा रुन्टीगढी गाउँपालीका रो्ल्पा जिल्ला सदरमुकाम लिवाँङको पश्चिम भागमा पर्ने भौगोलीक हिसावले एक विकट गाउँपालीका हो । यस गाउँपालीकामा हाल सञ्चालित रहेका ३९ ओटा विद्यालय र उक्त विद्यालयमा अध्यनरत बालबालिकाहरु प्राकृतिक र मानविय प्रकोपहरुको अवधिमा सिकाइ निरन्तरता गर्न असर्मथ देखिन्छन् । भने प्राकृतिक र मानविय प्रकोपलाइ सहन गर्न सक्ने उत्थानशिलता समेत विद्यालयहरुको कमजोर अवस्थामा रहेको देखिन्छ । यस गाउँपालीका भित्र रहेका विद्यालयहरुमा अध्यनरत बालबालीका घर विद्यालय आवत जावत गर्न खोलानाला वन जंगल भिरपाखाका साँघुरा बाटा पार गर्नुपर्ने बाध्यकारी अवस्थाबाट गुर्जीरहेका छन् । कुनै विद्यालयहरु वाढी, पहिरो हुरी, बतास लगायतका प्राकृतिक जोखीम साथै भूकम्प प्रतिरोधात्मक भवनको अभाव स्वच्छ खानेपानी प्रयाप्त मात्रामा सौचालय र सुरक्षित खेल मैदान रमणिय वातावरण नभयकाले शिक्षक अभिभावक र विद्यार्थीहरुले असुरक्षित महसुस गरेको पाइन्छ । साथै कही कतै जाति भाषा धर्म वर्ण लिङग क्षेत्र आदिको विभेदका कारण बालबालीकाहरु मानशिक रुपमा पनि असुरक्षित भएको महशुस गर्न सकिन्छ त्यसकारण योजनावद्ध ढंगले विद्यालय सुरक्षा विपत न्युनिकरण तथा उत्थानशिलतामा जोड दिन आवश्यक देखीन्छ ।

## चुनौतिहरू

आपतकालीन अवस्थामा लागू गरिने पाठ्यवस्तु, छुटटै योजना बनाउने की योजनाको हरेक अङ्गमा यसलाई समावेस गर्नै, योजना तत्कालीन बनाउने कि दीर्घकालीन, योजनामा सङ्कटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतिहरू रहेका छन ।

नेपालको संविधानले सबैलाई अनिवार्य, तथा निस्शुल्क आभारभूत शिक्षा र माध्यमिक तह सम्म निस्शुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निस्शुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यार्थीहरुको नियमित मुल्याँकन, अनुगमन र पृष्ठपोषणको लागि आवश्यक पर्ने स्थानीय स्तरमा नितिगत प्रणालीको विकास र प्रभावकारी कार्यन्वयमा चुनौति रहेको छ ।

## मुख्य चुनौतिहरु :

- शिक्षक, विद्यार्थी तथा अभिभावहरुमा प्रविधिकमैत्री साक्षेरतामा कमी
- सुचना तथा संचारमाध्यमहरुको प्रयोग तथा धुवानीमा समस्या
- विद्यार्थीहरुको सिकाइ उपलब्धीको बारेमा नियमित अनुगमन तथा मुल्याँकन
- प्रकोप व्यवस्थापनका लागि आवश्यक पुर्वाधार तथा तयारीमा कमी
- विपदको समयमा आवश्यक पर्ने शैक्षणीक र सर्न्दभ सामग्रीहरुको उपलब्धकता र प्रयोग
- भौगोलिक विकटता तथा शिक्षालयहरुमा पहुँच
- बाढी, पहिरो र मौसमी प्रकोप क्षेत्रहरुमा पुर्वाधार निमार्णमा कमी
- विद्यालयहरुमा सुरक्षीत आवास निमार्ण व्यवसथापनमा कमी
- प्राकृतिक तथा मानविय प्रकोपहरुको बारेमा न्युन सचेतनामुलका कार्यक्रम
- विद्यालयका भौतिक संरचनाहरु वाल मैत्री, अपाँङगता मैत्रि र लैङगीक मैत्रि नहुनु
- प्रारम्भिक कक्षाहरु कक्षा १ देखि ३ सम्मको सिकाइलाइ निरन्तरता दिन नसक्नु
- स्थानीय स्तरमा अभिभावक शिक्षा, टोल शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरुलाइ व्यवस्थित गर्न नसक्नु
- मानविय र प्राकृतिक विपदका बारेमा अन्धविश्वास, रुदीवादी, सँस्कार र सँस्कृती, सामाजिक चालचलन तथा भाग्वादी चिन्तनले प्रशय पाउनु ।
- प्रदेश, स्थानीय तह, वडा, विद्यालय समुदाय र परिवारहरुमा विपद प्रतिकार्य योजना नहुनु

## ४.५.२ उद्देश्य

१. बालबालिका शारीरिक मानसिकरुपमा सुरक्षित भएको सुनिच्श्चितता गरी शिक्षण सिकाई वातावरण निर्माण गर्नु ,
२. सम्भावित प्राकृतिक विपत र जोखिमको पुर्वमुल्याँकन गरि विपदको समयमा सिकाइ निरन्तरताकालागि आवश्यक पर्ने पुर्वतायारी गर्ने ।
३. जोखिम न्युनिकरणका लागि आवश्यक पर्ने भौतिक, मानविय तथा आर्थिकस्रोत ब्यवस्थापनन गर्ने ।
४. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइ बातावारण तपारीका लागि आवश्यक पर्ने भर्चृअल विधि, प्रविधिको प्रयोग, विभिन्न अनलाइन अफलाइन श्रोतहरुको ब्यवस्थापन तथा ति स्रोतहरुमा आम शिक्षक विद्यार्थीहरुको पहुँच स्थापीत गर्ने ।
५. सामाजिक, मानसिक र भौतिक दृष्टिकोणले सिकाइकालागि विद्यालय सुरक्षित क्षेत्र रहेको सुनिश्चित गर्दै विद्यालयहरुलाइ उत्थानशिल बनाउने ।
६. विद्यालयमा पुग्ने गोरेटोबाटो, पुलपुलेसाहरु, लगायत अन्य जोखिमपुर्ण स्थानहरुको पहिचान गरि सुविधासम्पन्न गराउने ।

## ४.५.३ रणनीति

१. विपदको समयमा सिकाइ निरन्तरता गर्न पुर्वतयारी, ब्यवस्थापन, प्रतिकार पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरु त्यार गर्ने । सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पुर्वसावधानी प्रकोपबाट बच्ने उपायहरुको बारेमा जानकारी तथा सिप विकास गर्ने ।
२. भौतिक संरचना निमार्ण कार्य गर्दा बालमैत्री, अपाँङगतामैत्री र किशोर किशोरीमैत्री संरचना निमाणको ब्यवस्था अनिवार्य गर्ने ।
३. स्थानीय विद्यालयहरु, अभिभावक र विद्यार्थीहरुको संचार तथा प्रविधिमा पहुँच पुऱ्याउनको लागि आवश्यक पहल गर्ने ।
४. सिकाइ क्षति र आपुरण कार्यक्रम नियमित रुपमा कार्यन्वयन गर्ने योजना निमार्ण गरि तथ्याँक विश्लेषण र ब्यवस्थापन गर्ने ।
५. महामारीका समयमा शिक्षण सिकाइलाइ निरन्तरता दिने बैकल्पिक उपायहरुको तयारी गर्ने ।
६. विपद प्रतिरोधी भौतिक पुर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने र शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक पर्ने यन्त्र उपकरण, खाद्धान्न, पोशाक लागायतका अन्य राहात सामग्रीहरुको प्रबन्ध गर्ने ।
७. विपद ब्यवस्थापनको लागि स्थानीय तह र विद्यालयहरुको उत्थानशिलतामा अभिबृधि गर्ने ।
८. विपद तथा प्रकोप,  शन्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सराकारी तथा गैरसरकारी निकायहरु सँग स्थानीय, प्रदेश र संघीय तहहरुमा समन्य र सहकार्य गर्ने ।

### ४.५.४ कार्यनिति

१. विद्यालयको भौतिक विकासमा दिगो विकाशको अवधारणा अवलावन गरि अहिले अवस्थित जोखिम रोकथाम र नयां विपद जोखिम हुन नदिने उपायहरु अवपम्बन गरिने छ ।

२. विपद जोखिम महामारीको समयमा पनी शिक्षण सिकाई निरणतरता दिन सम्भावित वैकलपिक मार्गको खोजि गर्ने साथै पुनर्स्थापना सम्बन्धी आवश्यक निति तथा कार्यविधि तयार गरि कार्यन्वय गरिने  छ ।

३. विपदको पुर्व अनुमान गर्न सक्ने प्रतिकार्य गर्न सक्ने र त्यसवाट पुनरलाभ लिन सक्ने सरकारी निकाय पुनरलाभमा काम गर्ने सस्था समुदाय र स्वयम व्यक्तिहरु द्धारा सम्भाभित वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असरहरुको प्रभावकारी ढंगले पुर्व अनुमान गरि पुर्व तयारी गरिने छ।

४. रुन्टीगढी गा.पा भित्रका विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई घर विद्यालय आवत जावत गर्न भौगोलिक अवस्थाको अध्यन गरी खोलानालामा झुलङगे पुल निर्माण र साँघुरा अप्ठेरा घोरेटा वाटा फराकिला वनाई सहजै आवत जावत गर्ने वातावरण निर्मान गरिने छ ।

५. विधार्थीहरुलाई पाएक पर्ने विद्यालयमा भर्ना गर्ने वातावरण निर्मान गरिने छ साथै जंगलको वाटो हिड्ने वन्यजन्तु आक्रमणको डर हुने वा अन्य कुनै जोखिम हुने विद्यार्थीहरुको लागी अवस्था हेरी विद्यालयमा सुरक्षित होस्टेल बस्ने वतावरण निर्माण गरिने छ ।

६. बालबालीका हरुलाई शिक्षक अभिभावक साथीसंगी जोसुकैबाट हुने शारीरिक मानसिक रुपमा हुने यातना रोकथाम गरी सुरक्षित वालमैत्री सिकाई वातावरण निर्माण गरिने छ ।

### ४.५.५ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

